सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

५ चैत २०८२, बिहीबार (19 March 2026, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३२९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

● रविको मुद्दा : वरिष्ठ अधिवक्ताको दुईथरी दृष्टि

पहिले 'हेर्न मिल्छ' भने, अहिले उनै न्यायाधीशलाई 'अलग गर्नुपर्ने' किन ?

सर्वोच्च अदालतमा न्यायाधीश सुनील पोखरेलको इजलासमा विचाराधीन रिटलाई लिएर 'रिक्युजल' (मुद्दाबाट अलग हुने) बहस चर्किएको छ। विगतमा रास्वपा सभापति रवि लामिछानेको नागरिकता मुद्दामा वकिल रहेका कारण अहिले उनलाई अलग हुनुपर्ने माग गरिएको छ। तर, यही अवस्थाबिच अर्को प्रश्न पनि उठेको छ- यसअघि उही अवस्थालाई स्वीकार गर्नेहरू अहिले किन विरोधमा ?



नयाँ पत्रिका

सर्वोच्च अदालतका न्यायाधीश सुनील पोखरेलसहितको इजलासमा विचाराधीन सार्वजनिक सरोकारको एक रिटलाई लिएर 'रिक्युजल' (मुद्दाबाट अलग हुने)सम्बन्धी बहस चर्किएको छ। बहससँगै मिडिया र सार्वजनिक वृत्तमा देखिएको तीव्र टिप्पणीले न्यायिक प्रक्रियामाथि अनावश्यक दबाब सिर्जना भइरहेको हो कि भन्ने प्रश्न पनि उठ्न थालेको छ।

न्यायाधीश पोखरेलले विगतमा कानुन व्यवसायीका रूपमा रवि लामिछानेको नागरिकता तथा राहदानीसम्बन्धी मुद्दामा बहस गरेका थिए। सोही आधारमा अहिले उनलाई रवि लामिछानेसहितलाई सहकारी ठगी मुद्दासँगै थपिएको सम्पत्ति शुद्धीकरण र संगठित अपराधको अभियोग संशोधन गर्ने महान्यायाधिवक्ताको निर्णयविरुद्ध परेको रिटको सुनुवाइबाट अलग हुनुपर्ने माग गरिएको छ।

तर, यसअघि समान प्रकृतिका अवस्थाहरूमा वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी स्वयंले यस्तो आपत्ति नजनाएको तथ्य पनि सार्वजनिक भएको छ।

न्यायाधीश नियुक्त भइसकेपछि पोखरेलले रवि लामिछानेसँग जोडिएका कम्तीमा दुईवटा महत्त्वपूर्ण मुद्दा हेरिसकेका छन्।

पहिलो, रास्वपाका तत्कालीन महामन्त्री मुकुल ढकाललले दायर गरेको रिट, जसमा आफू पार्टीको महामन्त्री नै हुन पाउनुपर्ने माग निर्वाचन आयोगले अस्वीकार गरेको विषय थियो। दोस्रो, कास्की भूमि आयोगको एउटा नियुक्तिसँग सम्बन्धित मुद्दा, जसमा रिट निवेदक

» पृष्ठ २ मा क्रमशः

दुई मुद्दा, एउटै इजलास, तर फरक प्रतिक्रिया

दुवै मुद्दामा विपक्षी वकिलका रूपमा रहेका वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारीले पहिले निष्पक्षता स्वीकार गरे, अहिले भने अलग हुन सुझाव दिँदै छन्

न्यायाधीश नियुक्त भइसकेपछि सुनील पोखरेलले रवि लामिछानेसँग जोडिएका कम्तीमा दुईवटा महत्त्वपूर्ण मुद्दा हेरिसकेका छन्।

पहिलो, रास्वपाका तत्कालीन महामन्त्री मुकुल ढकाललले दायर गरेको रिट, जसमा आफू पार्टीको महामन्त्री नै हुन पाउनुपर्ने माग निर्वाचन आयोगले अस्वीकार गरेको विषय थियो। दोस्रो, कास्की भूमि आयोगको एउटा नियुक्तिसँग सम्बन्धित मुद्दा, जसमा रिट निवेदक युवराज सफल थिए। लामिछानेविरुद्धको नागरिकता मुद्दामा रिट निवेदक पनि उनै युवराज सफल नै थिए, जुन मुद्दामा पोखरेलले लामिछानेको पक्षमा कानुन व्यवसायीका रूपमा बहस गरेका थिए।

यी दुवै मुद्दामा वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी विपक्षी कानुन व्यवसायीका रूपमा उपस्थित थिए। तर, ती अवसरमा उनले न्यायाधीश पोखरेलको निष्पक्षतामाथि कुनै प्रश्न उठाएनन्। बरु, 'इजलासले मुद्दा हेर्दा हुन्छ, निष्पक्षतामा आशंका छैन' भन्ने धारणा व्यक्त गरेको स्रोतहरूको भनाइ छ।

वर्तमान मुद्दामा भने भण्डारीले सुनुवाइ सुरु हुनुअघि नै न्यायाधीश पोखरेललाई अलग हुन सुझाव दिएका छन्। यसले मुख्य प्रश्न उठाएको छ- यदि पहिले उस्तै परिस्थितिमा निष्पक्षता स्वीकार गरिएको थियो भने अहिले किन अस्वीकार ?

एक कानुन व्यवसायी भन्छन्, 'यदि मापदण्ड एउटै हो भने त्यसको प्रयोग पनि एउटै हुनुपर्छ, होइन भने बहस व्यक्तिनिष्ठ देखिन्छ।'

कस्तो छ अन्तर्राष्ट्रिय अभ्यास ?

अन्तर्राष्ट्रिय न्यायिक अभ्यासअनुसार न्यायाधीशले मुद्दाबाट अलग हुनुपर्ने अवस्था सीमित हुन्छन्। प्रत्यक्ष आर्थिक स्वार्थ, नजिकको पारिवारिक सम्बन्ध र सोही विषयमा प्रत्यक्ष संलग्नता रहेको अवस्थामा न्यायाधीश मुद्दाबाट अलग हुनुपर्ने अभ्यास छ। यीबाहेकका अवस्थामा निर्णय न्यायाधीशको स्वविवेकमा निर्भर रहने मानिन्छ। अहिले रवि लामिछानेको मुद्दामा यी मापदण्ड स्पष्ट रूपमा लागू नहुने तर्क पनि कानुनी वृत्तमा उठेको छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

चुनावी धक्काको आत्ममन्थन गर्दै दलहरू

नेतृत्वको औचित्यसहित संगठन पुनर्संरचना र आगामी राजनीतिक दिशाबारे निर्णायक बहसमा पुराना पार्टी

पर्शुराम काफ्ले, शुरोजंग पाण्डे, प्रेम गौतम

प्रतिनिधिसभा निर्वाचनको अप्रत्याशित धक्कासहितको परिणामपछि पुराना दलहरू एकसाथ आत्मसमीक्षामा जुटेका छन्। कांग्रेसले केन्द्रीय समिति बैठक बोलाएर कमजोर प्रदर्शन, अन्तर्घात र समग्र चुनावी अवस्थाको समीक्षा गर्दै छ। एमाले र नेकपाले तल्लो तहदेखि प्रतिवेदन संकलन गर्दै पराजयका कारण पहिचान गर्दै छन्। जसपा नेपालले 'लहर'लाई हारको कारण मानेको छ भने राप्रपाले पनि हारको विस्तृत विश्लेषण गर्ने भएको छ।

प्रतिनिधिसभा निर्वाचनमा अप्रत्याशित पराजय भोगेपछि कांग्रेसले शुक्रबार चुनावी समीक्षाका लागि केन्द्रीय कार्यसमिति बैठक बोलाएको छ। बैठकमा देशको समग्र चुनावी परिस्थिति, पार्टीको कमजोर प्रदर्शन र अन्तर्घातलगायत विषयमा छलफल गर्ने तयारी छ।

कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद दुलाललले बुधबार जारी गरेको सूचनाअनुसार शुक्रबार १ बजे ललितपुरस्थित सानेपा पार्टी कार्यालयमा बैठक बस्नेछ। २१ फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनपछि कांग्रेस केन्द्रीय कार्यसमिति बैठक पहिलोपटक बस्न लागेको हो।

निर्वाचनमा कांग्रेसले संसद्को कुल २७५ सिटमध्ये जम्मा ३८ सिट मात्रै जितेको छ। प्रत्यक्षतर्फ १८ र समानुपातिकतर्फ २० सिटसहित कांग्रेस दोस्रो स्थानमा सीमित भएको हो। अघिल्लो निर्वाचनमा ८८ सिट जितेर संसद्को पहिलो दल बनेको कांग्रेस यसपटक पहिलो दल बनेको रास्वपाभन्दा १४४ सिटले पछाडि परेको छ।

सभापति गगनकुमार थापाले चुनावी हारको नैतिक जिम्मेवारी स्वीकार गर्दै आगामी कदमबारे २५ फागुनदेखि नेताहरूसँग बेग्लाबेग्लै छलफल गरिरहेका छन्। कांग्रेसले उनलाई भावी प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अगाडि सार्दै निर्वाचन लडेको थियो। थापाले सभापतिबाट राजीनामा दिने विकल्पमा पनि सुझाव मागेका छन्। यद्यपि, उनी

» पृष्ठ २ मा क्रमशः

कांग्रेसले शुक्रबार बोलायो केन्द्रीय समिति

समग्र राजनीति, चुनावमा कमजोर प्रदर्शन र अन्तर्घातबारे छलफल हुने

नयाँ नीति र नेतृत्वसहित चुनावमा होमिएको कांग्रेसले गत निर्वाचनको तुलनामा ५० सिट गुमाएको छ। हारलाई लिएर सभापति गगन थापाको नेतृत्वमाथि प्रश्न उठेको छ। नैतिक जिम्मेवारी लिँदै सभापतिले विभिन्न विकल्पमा छलफल थालेका छन्।

● देवराज चालिसे, प्रवक्ता



शुक्रबार १ बजे पार्टी मुख्यालयमा बस्ने गरी बैठक आह्वान भएको छ। बैठकमा हालैको निर्वाचनसँग सम्बन्धित सबै विषयमा विस्तृत समीक्षा गर्छौं र पार्टी पुनर्निर्माणको मार्गचित्र बनाउँछौं।

एमालेले माग्यो तल्ला कमिटीबाट रिपोर्ट

तेस्रो शक्तिमा खुम्चिएपछि हारलाई लिएर नेतृत्वमाथि कार्यकर्ताकै प्रश्न

हार स्विकार्नुको सट्टा एमालेको प्रारम्भिक टिप्पणी छ, 'लोकप्रियतावाद र अराजकताको जगमा नयाँ शक्ति उदाएका छन्।' महासचिव शंकर पोखरेलले प्रदेश र जिल्ला अध्यक्षहरूसँग भर्चुअल बैठक गरेर क्षेत्रगत समीक्षा गर्न निर्देशन दिएका छन्।

● छविलाल विश्वकर्मा, सचिव



अध्यक्ष शोकमा हुनुहुन्छ। शोकपछि बैठक बसेर निर्वाचनको वस्तुनिष्ठ समीक्षा हुन्छ। चैतको अन्तिम साताितर केन्द्रीय कमिटी बैठक बोलाएर समग्र समीक्षा गर्ने तयारी छ।

अनपेक्षित हारले नेकपामा सन्नाटा

एकता प्रक्रिया पूरा नहुँदा परिणाममा असर परेको प्रारम्भिक निष्कर्ष

२२ दल मिलेर बनेको नेकपाले अपेक्षाविपरीत नतिजा आएपछि समीक्षा थालेको छ। 'इतिहासकै भावनात्मक निर्वाचन'को प्रारम्भिक टिप्पणी गर्दै नेकपाले सबै निर्वाचन क्षेत्रलाई विस्तृत समीक्षा प्रतिवेदन केन्द्रमा पठाउन निर्देशन दिएको छ।

● अग्नि सापकोटा, नेता



औपचारिक समीक्षा गर्न बाँकी छ। यो परिणाम अपेक्षित भएन, राम्रोसित समीक्षा गर्छौं। परिवर्तनप्रतिको चाहना हुँदा मतदाताले नयाँतिरको आकर्षण मात्र हेरे, उम्मेदवारको योग्यता र क्षमता हेरेनन्।


राप्रपा पनि चुनावी परिणामको समीक्षा गर्दै

अघिल्लो निर्वाचनको तुलनामा करिब दुईतिहाइ सिट गुमाउँदै प्रत्यक्षतर्फ एक र समानुपातिकतर्फ चार गरी जम्मा पाँच सिटमा सीमित राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले निर्वाचन परिणामको समग्र समीक्षा गर्ने तयारी गरेको छ। राप्रपाका प्रवक्ता मोहनकुमार श्रेष्ठका अनुसार अघिल्लो निर्वाचनको तुलनामा किन कम मत प्राप्त भयो भन्ने विषयमा विस्तृत विश्लेषण गरिनेछ। आइतबार बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकमा समानुपातिकतर्फ सांसद टुंग्याउने विषयमा मात्र छलफल भएको र चुनावी समीक्षा हुन नसकेको जनाइएको छ। अध्यक्ष काठमाडौं फर्किएपछि कार्यसम्पादन समिति वा केन्द्रीय समितिमा औपचारिक रूपमा समीक्षा हुने उनले बताए।

'लहर'का कारण पराजय भएको जसपाको निष्कर्ष

जसपा नेपालले 'लहर'का कारण पराजय भएको प्रारम्भिक निष्कर्ष निकालेको छ। औपचारिक बैठक बस्न बाँकी रहे पनि प्रवक्ता मनीष सुमनका अनुसार नयाँ शक्तिको लहरले परिणाम प्रभावित गरेको हो। 'लहर आयो, केही दिनपछि जान्छ। हामी प्रदेश र स्थानीय तहमा छौं। राष्ट्रिय सभामा पनि छौं। प्रतिनिधिसभामा प्रतिनिधित्व नभएको मात्र हो,' उनले भने, 'सरकारका सकारात्मक कामको वस्तुनिष्ठ समर्थन र आलोचना गर्छौं। पार्टीको सान्दर्भिकता आगामी दिनमा अझै बढेर जान्छ।'

■ शपथ पर्खिरहेको हल



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

सिंहदरबारस्थित निर्माणाधीन नयाँ संसद् भवनभित्रको बहुउद्देश्यीय सभा कक्ष, जहाँ सांसदहरूको शपथ र केही बैठक गराउने तयारी छ। संसद् बैठक बस्ने मुख्य हल निर्माण हुन अझै समय लाग्ने भएकाले केही समयका लागि यो हल प्रयोग गर्न लागिएको हो। बहुउद्देश्यीय हलमा अहिले कुर्सी, माइक, क्यामेरालगायत मिलाउने काम तीव्र गतिमा भइरहेको छ। सांसदहरूको शपथ १२ चैतमा गराउने योजनाअनुसार तयारी भइरहेको संसद् सचिवालयले जनाएको छ।

सांसदहरूलाई सभापति लामिछानेका निर्देशनै-निर्देशन

जनताले गरेको विश्वास जिम्मेवारीबोधका साथ निभाउन निर्देशन, अटेरी गरे पदबाटै हटाउने





● कुनै पनि बिचौलियासँग साँठगाँठ गर्नुअघि, एक कप चिया खानुअघि, उसको एक घुट्को पानी खानुअघि सहिदकी आमालाई सम्झनुहोला।

● मकेन्द्रित राजनीतिबाट बाहिर उठ्न सकिएन र देशकेन्द्रित राजनीति गर्न सकिएन भने हाम्रो हविगत पुराना दलभन्दा पनि बत्तर हुन्छ। त्यसकारण आफूलाई केन्द्रमा नराख्नुस्।

● सरकार दुईतिहाइको छ, संख्या घट्ला, सरकार अल्पमतमा पर्ला भन्ने कुराको पर्वाह नगरीकन रास्वपाले जन्मदेखि आफ्नो विधानमा स्थापित गरेको राइट टु रिकलको व्यवस्थालाई यसपटक कडाइका साथ लागू गर्नेछ

● यहाँ जथाभावी अभिव्यक्ति दिने, देशलाई मनोरञ्जनको विषय बनाउने, हल्काफुल्का प्रस्तुत हुने छुट कसैलाई पनि छैन। मलाई पनि छैन। जनताले हेरिरहेका छन्, भोट दिएका जनताको शिर निहुरिने काम कसैको अभिव्यक्ति, क्रियाकलापबाट हुनुहुँदैन। प्रत्येक मतको इज्जत हुनुपर्छ।

(विस्तृत पृष्ठ ३)

मुसहर सुरक्षित घर चाहन्थे, भएका झुपडी पनि जले

मोरङको बुढीगंगामा आगलागीले मुसहरका ११ झुपडी नष्ट भएपछि ७० जना विस्थापित, विद्यालयमा आश्रम

विराटनगरमा **गणेश लम्साल**

बिहान-बेलुकाको छाक टार्न दैनिक ज्यालादारी काम पाउनुलाई नै मोरङको बुढीगंगा गाउँपालिका- ३, गोकुवाका मुसहर ठुलो सफलता ठान्थे। त्यही मजदुरीबाट आएको अलिअलि पैसा जोगाएर केहीले झुपडीमा टिनको छानो लगाएका थिए, कसैले भित्ताको फरिको फेरेर इँटा र माटोको गाह्रो पनि उभ्याएका थिए। तर, अधिकांशको भने बाँसको फरिकाले बारेको र फुसको छानो हालेका झुपडी नै थिए। सरकारको 'जनता आवास कार्यक्रम' सुनेका उनीहरू राज्यबाट सुरक्षित आवासको अपेक्षा गरिरहेका थिए। तर, दुर्भाग्य भएकै झुपडी पनि जलेर खरानी भए।

● **घर जलेपछि राजमिस्त्रीको काम गर्ने ४५ वर्षीय प्रकाश ऋषिदेवको दुखेसो-**

दैनिक ज्याला मजदुरी गरेर अलिअलि जोगाएको रकमबाट बाँसले बारेको झुपडीमा बाँसले नै च्यापेर छानामा जस्तापाता हालेको थिएँ। घर अझै राम्रो बनाउँदै जाने चाहना थियो। तर, आगलागीले सपना चकनाचुर पारिदियो।

गोकुवाका ११ परिवार मुसहरका झुपडी बुधबार दिउँसो आगलागीमा परेर ध्वस्त भएका छन्। स्थानीय सोनी ऋषिदेव, प्रकाश ऋषिदेव, उतिम ऋषिदेव, उमा ऋषिदेव, सुनील ऋषिदेव, राजकुमार ऋषिदेव, गेमु ऋषिदेव, चैता

» पृष्ठ २ मा क्रमशः



आगलागीबाट उजाड बनेको मोरङको बुढीगंगा गाउँपालिका- ३, गोकुवास्थित मुसहर बस्ती

मोरङ प्रहरीका प्रवक्ता डिएसपी लीलाराज लामिछानेले भने-

तीव्र रूपमा फैलिएको आगो नियन्त्रणमा ल्याउन ४५ मिनेट लाग्यो



दिउँसो २ बजेतिर स्थानीय सोनी ऋषिदेवको घरबाट आगलागी सुरु भएको रहेछ। बाँसले बारेको तथा टिन र फुसको छाना भएका झुरुप्प घरहरूमा एकैछिनमा आगो तीव्र रूपमा फैलियो। केही घरमा रहेका खाना पकाउने ग्यासका सिलिन्डर पनि पड्किँदा आगलागीले अझ भीषण रूप लियो, आगो नियन्त्रणमा ल्याउन पौने घण्टा लाग्यो। ११ घर पूर्ण रूपमा ध्वस्त भएका छन्। विस्थापित ११ परिवारका ७० जनालाई स्थानीय जनता आधारभूत विद्यालयमा राखिएको छ।

प्रतिपक्षी जागे जाग्छ देश



अग्रलेख

● मेखराज उदय

सात दशकभन्दा लामो संसदीय अभ्यास गरेको नेपालको इतिहासमा एउटै जिम्मेवार प्रतिपक्षी प्राप्त गर्न नसक्नु आश्चर्यको विषय हो

(पृष्ठ ४)

आधा सिलिन्डर ग्यास बजार पठाउँदा पनि सहज भएन आपूर्ति



उपत्यका बाहिर पनि उस्तै समस्या

(विस्तृत पृष्ठ ६)

पश्चिममा भोलि ठुलो पानी पर्ने आकलन

आज साँझदेखि नै देशका विभिन्न क्षेत्रमा वर्षा सुरु हुने, भोलि झन् फैलिने

नयाँ पत्रिका

आज (बिहीबार) साँझ पश्चिम नेपाल भएर भित्रिने पश्चिमी वायुसँगै न्यूनचापीय प्रणालीका कारण देशका विभिन्न क्षेत्रमा वर्षा हुने भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार बिहीबारभन्दा शुक्रबार झन् धेरै ठाउँमा वर्षा हुने र खासगरी पश्चिम क्षेत्रमा ठुलो पानी पर्ने आकलन गरिएको छ ।

विभागका मौसमविद् सरोज पुडासैनीले प्रि-मनसुन भएकाले मेघगर्जन, चट्याङसहित असिनापानीको सम्भावना रहेको बताए । 'सबैतिर एकैनासको पानी पर्नेभन्दा पनि कतै कम, कतै धेरै हुन्छ, बादल मडारिएर वर्षा हुन्छ,' पुडासैनीले भने, 'चट्याङ र असिनाको पनि सम्भावना छ ।' प्रि-मनसुनमा पश्चिमी र स्थानीय वायु कायमै रहने भए पनि न्यूनचापीय प्रणाली मिसिन थालेको हो ।

मौसम विभागका अनुसार आज (बिहीबार) दिउँसो सुदूरपश्चिम र कर्णालीका पहाडी र हिमाली भूभागका केही स्थान, लुम्बिनी र गण्डकीका पहाडी र हिमाली भू-भागका थोरै स्थानमा पानी पर्ने देखिन्छ । त्यस्तै, कोशी र बागमतीका पहाडी र हिमाली भूभागलगायत सुदूरपश्चिम तराईका एक-दुई स्थानमा पनि मेघगर्जन, चट्याङ, असिनासहित मध्यम वर्षा हुने देखिन्छ ।

विभागका अनुसार भोलि (शुक्रबार) कर्णाली र सुदूरपश्चिमका पहाडी र हिमाली भूभागका धेरै ठाउँमा पानी पर्ने देखिन्छ । केही ठाउँमा ठुलो पानी पर्ने आकलन गरिएको छ । त्यस्तै गण्डकी, लुम्बिनीसँगै सुदूरपश्चिमका तराईमा पनि पानी पर्ने देखिन्छ । कोशी, मधेश र बागमतीका भने थोरै स्थानमा मेघगर्जन, चट्याङ र असिनासहित पानी पर्ने आकलन गरिएको छ । शुक्रबार राति पनि कोशी, मधेश, बागमतीमा पानी पर्ने आकलन गरिएको छ । गण्डकी, कर्णाली र सुदूरपश्चिमका पहाडी र हिमाली भूभागमा पनि पनि पर्नेछ । यो प्रणालीका कारण शनिबार पनि वर्षा हुने देखिन्छ ।

सिंगापुरमा अवैध रूपमा बसेर काम गर्ने ११ नेपाली पक्राउ

नयाँ पत्रिका

सिंगापुरमा अवैध रूपमा काम गर्दै आएका ११ नेपाली पक्राउ परेका छन् । गत १० मार्चमा सिंगापुरको जनशक्तिसम्बन्धी मन्त्रालयले गरेको छापामा उनीहरू पक्राउ परेका हुन् । पक्राउ परेकाहरू २१ देखि ४३ वर्ष उमेरका नेपालीहरू रहेको त्यहाँको अध्यागमनले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

पर्यटक भिसामा सिंगापुर पुगेका उनीहरूको भिसा अवधि समाप्त भइसकेको थियो । अर्कोतर्फ पर्यटक भिसामा गएर काम गर्न नपाइने कानुनी व्यवस्था छ । त्यसविपरीत उनीहरू विभिन्न कम्पनीमा काम गर्दै आएका थिए । दलालहरूले ती नेपालीलाई रोजगारीको आश्वासनमा सिंगापुर लगेर यसरी फसाएको आशंका गरिएको छ ।



सिंगापुरमा यसरी श्रमसम्बन्धी अनुमतिबेगर काम गर्ने विदेशीलाई ६ महिनासम्म कैद र ६ हजार डलरसम्म जरिवाना हुने कानुनी प्रावधान छ । यसरी अवैध रूपमा बस्दै आएका व्यक्तिलाई काममा लगाउने कम्पनीका सञ्चालकमाथि पनि सिंगापुर सरकारले कारबाही प्रक्रिया अघि बढाएको छ । सिंगापुरले नेपाली नागरिकलाई अन अराइभल भिसा दिँदै आएको छ । यस्ता गतिविधि बढेमा उसले यस्तो सुविधासमेत रोक्न सक्ने जोखिम छ ।

चुनावी धक्काको...

पृष्ठ १ बाट क्रमशः

पक्षधर नेताले राजीनामा गर्न नहुने सुझाव दिएका छन् । कांग्रेस प्रवक्ता देवराज चालिसेले नयाँ पत्रिकासँग भने, 'बैठकमा निर्वाचनसँग सम्बन्धित सबै विषयमा विस्तृत समीक्षा हुनेछ र पार्टीको पुनर्निर्माणको मार्गचित्र तय गर्छौं ।'

सभापति थापाले गत साता पदाधिकारीहरूसँग छलफल गर्दै केन्द्रीय कार्यसमिति बैठकबारे राय लिएका थिए । त्यसअघिको शनिबार पार्टीका २५ जना केन्द्रीय नेताले थापासँग बालुवाटारमा भेट गरेका थिए । सभापति थापा निर्वाचनमा अप्रत्याशित पराजयका लागि नैतिक जिम्मेवारी लिँदै राजीनामा दिने मनस्थितिमा छन् । यद्यपि, राजीनामा नदिन उनीमाथि पार्टी नेताहरूको दबाब छ ।

केन्द्रीय सदस्यहरूले उनलाई 'राजीनामा नभई नियमित महाधिवेशनको तयारी गर्न' सुझाव दिइरहेका छन् । शनिबार भेटेका सहमहामन्त्री प्रकाश स्नेही तथा नेताहरू अजयबाबु सिवाकोटी, देवेन्द्रराज कँडेल, नारायण भट्टराई, जनक गिरी, मुना भुसाल, डा. अनिता प्रधान, विष्णुदेवी पाण्डेसहितका नेताहरूसँग भने थापाले राजीनामा दिने कुरा नगरेको केन्द्रीय सदस्य अजयबाबु सिवाकोटीले बताए ।

भेटमा उनीहरूले सभापति थापासँग पार्टी सुधारका तीन माग गरेका थिए । सिवाकोटीका अनुसार उनीहरूले पार्टीको विद्यमान क्रियाशील सदस्यता खारेज गर्न तथा बायोमेट्रिकसमेत लिएर प्रत्यक्ष रूपमा व्यक्तिको उपस्थितिमा नयाँ क्रियाशील सदस्यता दिनुपर्ने पहिलो माग राखेका छन् ।

दोस्रो, अहिले सक्रिय र प्रभावकारी नभएका तथा अवधि सकिएका तरुण दल, नेपाल विद्यार्थी संघ, नेपाल महिला संघको केन्द्रदेखि जिल्ला समिति विघटन गर्न उनीहरूको माग थियो ।

तेस्रो, आगामी भदौसम्म पार्टीको नियमित महाधिवेशनमा जाने गरी पार्टीको आन्तरिक सुधारको एजेन्डामा काम गर्नुपर्ने नेताहरूको माग थियो । यसमा सभापति थापाले थप छलफल गरौंला भन्ने जवाफ दिएका थिए ।

विशेष महाधिवेशनसँगै १ माघमा थापा कांग्रेस सभापतिमा निर्वाचित भएका थिए । निर्वाचित भएको ५० दिनमा कांग्रेस प्रतिनिधिसभा निर्वाचनमा गएको थियो । कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले गत साता सार्वजनिक दुईवटा भिडियो सन्देशमा पार्टीले चुनावमा व्यहोरेको हारको कारक वर्तमान नेतृत्व नभएर निवर्तमान नेतृत्व भएको भन्दै सबै बसेर समीक्षा गर्नुपर्नेमा जोड दिएका थिए । शर्माले सभापति थापालाई राजीनामा नदिन सुझाव दिँदै आएका छन् ।

कांग्रेसका निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले विगतको निर्मम समीक्षा गर्दै अस्वाभाविक महत्त्वाकांक्षा, आवेग र आग्रहबाट मुक्त भएर पार्टीको व्यापक-बृहत् एकताका लागि अगाडि बढ्नुपर्ने भन्दै आएका छन् ।

आत्मसमीक्षा गर्दै एमाले र नेकपा

अनपेक्षित हार खाएका दुई प्रमुख कम्युनिस्ट घटक एमाले र नेकपा प्रतिनिधिसभा निर्वाचन परिणामबारे आत्मसमीक्षामा जुटेका छन् । औपचारिक समीक्षा सुरु नभए पनि दुवै दल अनौपचारिक छलफलमा सक्रिय छन् र समीक्षा गरी प्रतिवेदन पेस गर्न तल्ला कमिटीहरूलाई निर्देशन दिएका छन् ।

अध्यक्ष ओली शोकमा रहेकाले एमालेले तत्काल समीक्षा बैठक बोलाउन सकेको छैन । यद्यपि, महासचिव शंकर पोखरेलले प्रदेश र जिल्ला अध्यक्षहरूसँग भर्चुअल बैठक गर्दै प्रदेश, जिल्ला र निर्वाचन क्षेत्रगत रूपमा गम्भीर समीक्षा गर्न निर्देशन दिएका छन् । एमालेमा अध्यक्ष, उपाध्यक्ष, महासचिवलगायतका मूल नेतृत्वले निर्वाचनमा हार व्यहोरेका छन् ।

यस्तै, निर्वाचनलाई 'इतिहासकै भावनात्मक निर्वाचन' को संज्ञा दिएको नेकपाले सबै निर्वाचन क्षेत्रलाई विस्तृत समीक्षा प्रतिवेदन केन्द्रमा पठाउन निर्देशन दिएको छ । नेकपाले प्रचार योजना, आर्थिक परिचालन, सामग्री वितरण, डिजिटल तथा सामाजिक सञ्जाल प्रयोग, बुथ व्यवस्थापन, स्वयंसेवक परिचालनलगायत सबै पक्षमा विस्तृत समीक्षा गर्न निर्देशन दिइएको छ ।

भर्चुअल बैठकमा महासचिव पोखरेलले हारलाई सहज स्वीकार गर्नुको साटो लोकप्रियतावाद र अराजकताको जगमा नयाँ शक्ति उदाएको आरोप लगाएका छन् । उनले यस्तो शक्तिसँग राष्ट्र, राष्ट्रियता, विचार, सिद्धान्त र स्पष्ट राजनीतिक दृष्टिकोणको अभाव रहेको दाबी मात्र गरेनन्, दीर्घकालीन परिणाम दिन नसक्ने ठोकुवा गरे ।

महासचिव पोखरेलले पराजयका कारण मिहिन ढंगले पहिचान गरी अगाडि बढ्न निर्देशन दिएका छन् । एमाले अध्यक्ष केपी ओली र पार्टीविरुद्ध 'नयाँ बनाम पुरानो' भाष्य निर्माण गरी जनतामा भ्रम फैलाइएको पनि पोखरेलको भनाइ छ । भ्रम क्रमशः चिर्दै एमाले पुनः स्थापित हुने उनको दाबी छ ।

एमाले सचिव पद्मा अर्यालले पराजयको सूक्ष्म अध्ययन गरी निष्कर्ष कार्यान्वयन गर्ने बताइन् । 'सामूहिक हिसाबले छलफल गरेर निष्कर्ष निकालेको छैन । औपचारिक समीक्षा बैठकमा परिणामका कारणहरूको अध्ययन गरिनेछ । यद्यपि नेतृत्व र पार्टीविरुद्ध प्रायोजित भ्रम, विशेष गरी भदौ २३-२४ का घटनासँग जोडिएको प्रचार पराजयका कारणमध्ये देखिन्छन्,' उनले नयाँ पत्रिकासँग भनिन्, 'साथै एमाले भौगोलिक संगठनमा केन्द्रित रहँदा विरोधीहरूले सामाजिक सञ्जालमार्फत प्रभाव विस्तार गरे । पराजयमा यो पनि एउटा कारण बनेको छ ।'

अर्का सचिव छविलाल विश्वकर्माले अपेक्षाअनुसार परिणाम नआएकाले पार्टीले वस्तुनिष्ठ समीक्षा गर्ने बताए । 'परिणाम जस्तो आएको छ, त्यसलाई हेरेर समग्रमा वस्तुनिष्ठ ढंगले समीक्षा हुन्छ । कार्यकर्ता पंक्तिले कसरी लिएका छन्, प्रदेश, जिल्ला संरचनाहरूले कसरी लिएका छन् ? त्यसको आधारमा निष्कर्षमा पुग्छौं,' उनले भने, 'हारका कारणहरू पक्कै छन्, ती कारणको पहिचान भएपछि समाधान खोज्ने हो र कार्यान्वयन गर्ने गरी अगाडि बढ्ने हो ।'

चैत अन्तिम साता मात्र बैठक बोलाउने एमालेको तयारी

एमालेले तत्काल बैठक बोलाएर चुनावको समीक्षा नगर्ने भएको छ । पहिले वडा, पालिका, क्षेत्र, जिल्ला र प्रदेश तहमा चुनावी समीक्षा गरेर माथि प्रतिवेदन प्राप्त भएपछि मात्र केन्द्रीय कमिटी बैठक बोलाउने एमालेको तयारी छ । चैतको अन्तिम सातातिर केन्द्रीय कमिटी बैठक बोलाउन सकिने महासचिव पोखरेलले भर्चुल बैठकबाट जानकारी गराएका थिए । अध्यक्ष ओली शोकमा रहेका कारण पनि तत्काल बैठकको सम्भावना नरहेको सचिव छविलाल विश्वकर्माको भनाई छ । 'अध्यक्ष शोकमा हुनुहुन्छ । शोकपछि बैठक बसेर निर्वाचनको वस्तुनिष्ठ समीक्षा हुन्छ,' उनले भने । ओलीका पिता मोहनप्रसाद ओलीको केही दिनअघि निधन भएको थियो । ०७९ को निर्वाचनमा समानुपातिकतर्फ पहिलो पार्टी बनेको एमाले यसपटक तेस्रोमा खुम्चिएको छ । अघिल्लो चुनावमा प्रत्यक्षतर्फ ४४ स्थानमा जित हासिल गरेको एमालेले योपटक ९ स्थान मात्र जितेको छ । ४१ स्थानमा निकटतम प्रतिद्वन्द्वी भएको छ भने ४९ स्थानमा जमानत जफत भएको छ ।

यस्तै, नेकपाले पनि औपचारिक समीक्षा सुरु गरेको छैन । पार्टीले निर्वाचन क्षेत्रस्तरमै समीक्षा गरी प्रतिवेदन केन्द्रमा पठाउन निर्देशन दिएको छ । केन्द्रीय नेताहरूले यस निर्वाचनलाई 'इतिहासकै भावनात्मक निर्वाचन'को संज्ञा दिएका छन् । निर्वाचनमा प्रतिस्पर्धा विचार र एजेन्डाभन्दा बढी परिवर्तनको चाहना र नयाँप्रतिको आकर्षणमा केन्द्रित भएको नेताहरूको विश्लेषण छ ।

नेकपा प्रचार संयन्त्रका संयोजक अग्नि सापकोटाका अनुसार मतदाताले अपेक्षाभन्दा फरक परिणाम आएको स्वीकार गर्दै विस्तृत समीक्षा गर्ने बताए । 'औपचारिक समीक्षा गर्न बाँकी छ । यो परिणाम अपेक्षित भएन, राम्रोसित समीक्षा गर्छौं । अहिलेको निर्वाचन इतिहासकै भावनात्मक देखियो,' उनले भने, 'दलका दृष्टिकोण, एजेन्डा, विचार, सिद्धान्तमा प्रतिस्पर्धा भएन । परिवर्तनप्रतिको चाहनाले गर्दा मतदाताले नयाँतिरको आकर्षण मात्र हेरे । उम्मेदवारको योग्यता, क्षमता हेरेनन्, नयाँ र पुरानो भन्ने भाष्य स्थपित गरियो ।'

तल्लो तहसम्म एकता प्रक्रिया पूरा नहुँदा परिणाममा असर परेको प्रारम्भिक निष्कर्ष पार्टीले निकालेको छ । पार्टी एकता प्रक्रिया अपूर्ण रहँदा र संगठन समायोजन नसकिँदै निर्वाचनमा होमिनुपर्दा चुनाव चिह्न जनतामाझ प्रभावकारी रूपमा स्थापित हुन नसकेको निष्कर्ष नेकपाको छ । गत कात्तिकमा माओवादी केन्द्र, एकीकृत समाजवादीसहित २२ दल र समूहको एकताबाट नेकपा गठन भएको हो ।

प्रत्यक्षतर्फ ८ सिट जितेको नेकपा १५ स्थानमा निकटतम प्रतिद्वन्द्वी बनेको छ भने ९९ क्षेत्रमा जमानत जफत भएको छ । अघिल्लो निर्वाचनमा तत्कालीन माओवादी केन्द्रले १८ र एकीकृत समाजवादीले १० सिट जितेका थिए ।

संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र सहसंयोजक माधवकुमार नेपालले संयुक्त सर्कुलर जारी गर्दै सबै निर्वाचन क्षेत्रलाई विस्तृत समीक्षा प्रतिवेदन केन्द्रमा पठाउन निर्देशन दिएका छन् । प्रचार योजना, आर्थिक परिचालन, सामग्री वितरण, डिजिटल तथा सामाजिक सञ्जाल प्रयोग, बुथ व्यवस्थापन, स्वयंसेवक परिचालनलगायत सबै पक्षमा विस्तृत समीक्षा गर्न निर्देशन दिइएको छ ।

राप्रपा पनि चुनावी परिणामको समीक्षा गर्दै

अघिल्लो निर्वाचनको तुलनामा करिब दुईतिहाइ सिट गुमाउँदै प्रत्यक्षतर्फ एक र समानुपातिकतर्फ चार गरी जम्मा पाँच सिटमा सीमित राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले निर्वाचन परिणामको समग्र समीक्षा गर्ने तयारी गरेको छ । अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा १४ सिट जितेको राप्रपाले यसपटक नौ सिट गुमाएको छ । राप्रपाका प्रवक्ता मोहनकुमार श्रेष्ठका अनुसार अघिल्लो निर्वाचनको तुलनामा किन कम मत प्राप्त भयो भन्ने विषयमा विस्तृत विश्लेषण गरिनेछ ।

'लहर'का कारण पराजय भएको जसपाको निष्कर्ष

जसपा नेपालले 'लहर'का कारण पराजय भएको प्रारम्भिक निष्कर्ष निकालेको छ । औपचारिक बैठक बस्न बाँकी रहे पनि प्रवक्ता मनीष सुमनका अनुसार नयाँ शक्तिको लहरले परिणाम प्रभावित गरेको हो । लहर आयो, केही दिनपछि जान्छ । हामी प्रदेश र स्थानीय तहमा छौं । राष्ट्रिय सभामा पनि छौं । प्रतिनिधिसभामा प्रतिनिधित्व नभएको मात्र हो,' 'सरकारका सकारात्मक कामको वस्तुनिष्ठ समर्थन र आलोचना गर्छौं । पार्टीको सान्दर्भिकता आगामी दिनमा अझै बढेर जान्छ ।'

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/१२/०५ गते

यस माछापुच्छ्रे बैंक लि. तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, व्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा व्याज, थप व्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले पैतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ । उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ ।

तपसिल

शाखा कार्यालय : कटारी

ऋणीको नाम, ठेगाना

प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालयमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **स्नेहा कोल्ड स्टोर** ।
दर्ता नं. ३१/०७४/०७५, मिति २०७४/०८/१०, पान नं. ६०३९७४४२५, दर्ता मिति : २०७२/१२/०२
ठेगाना : उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३, **प्रोप्राईटर : मिना बस्नेत**

व्यक्तिगत जमानतकर्ताहरू

१. मिना बस्नेत	**२. ईशा बस्नेत**
ना.प्र.नं. १४ १०११/९९६२८, जि.प्र.का. उदयपुर	ना.प्र.नं. १४-०१-७४-०४८८०, जि.प्र.का. उदयपुर
जारी मिति : २०६६/०८/०३	जारी मिति : २०७४/०७/२८
बाबु : अशोक कुमार भुजेल	बाबु : लिलाकान्त बस्नेत
बाजे : शोभराज भुजेल	बाजे : नन्द बस्नेत
ठेगाना : उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३	ठेगाना : उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं. २

धितोमा रहेको सम्पतिको विवरण

१. शोभराज भुजेलको नातिनी, अशोक कुमार भुजेलको छोरी, उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३ बस्ने मिना बस्नेतको नाममा मालपोत कार्यालय कटारी, उदयपुरमा दर्ता कायम भएको उदयपुर जिल्ला, कटारी गा.वि.स./न.पा. वडा नं. १/१ क स्थित कि.नं. २८४० को क्षेत्रफल ०-०-४-० (बिघा) बमोजिमको घरजग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
२. ऋणी स्नेहा कोल्ड स्टोरले बैंकलाई लेखीदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजीमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजीम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

शाखा कार्यालय : खुशिबु

ऋणीको नाम, ठेगाना

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभागमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **लोकेन्द्र ट्रेड लिंक** ।
दर्ता नं. १४३०४६/०७५/७६, मिति २०७५/०४/२१, पान नं. ६०८१८३८५७, दर्ता मिति : २०७५/०४/२४
ठेगाना : काठमाडौं जिल्ला, तारकेश्वर वडा नं. ८, **प्रोप्राईटर : प्रलाद प्रसाद न्यौपाने**

व्यक्तिगत जमानतकर्ताहरू

१. प्रलाद प्रसाद न्यौपाने	**२. गंगा खनाल**
ना.प्र.नं. २२ १६५५/१६७५, जि.प्र.का. दोलखा	ना.प्र.नं. ०४९२६८०४/२००, जि.प्र.का. महोत्तरी
जारी मिति : २०५०/०८/१६	जारी मिति : २०६०/१०/१९
बाबु : नन्द प्रसाद न्यौपाने	बाबु : शेषराज उपाध्याय
बाजे : देवेन्द्र प्रसाद न्यौपाने	पति : प्रलाद प्रसाद न्यौपाने, ससुरा : नन्द प्रसाद न्यौपाने
ठेगाना : दोलखा जिल्ला, जुगु गा.वि.स. वडा नं. ४	ठेगाना. : महोत्तरी जिल्ला, बर्दिबास वडा नं. ५

धितोमा रहेको सम्पतिको विवरण

१. देवेन्द्र प्रसाद न्यौपानेको नाति, नन्द प्रसाद न्यौपानेको छोरा, दोलखा जिल्ला, जुगु गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, इंचगुनारायण गा.वि.स./न.पा. वडा नं. ४ बस्ने प्रलाद प्रसाद न्यौपानेको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता कायम भएको काठमाडौं जिल्ला, इंचगुनारायण गा.वि.स./न.पा. वडा नं. ४ सिट नं. १०२१०२२२१ स्थित कि.नं. १८ को क्षेत्रफल ११०.७८ (व.मि.) बमोजिमको घरजग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
२. देवेन्द्र प्रसाद न्यौपानेको नाति, नन्द प्रसाद न्यौपानेको छोरा, दोलखा जिल्ला, जुगु गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, इंचगुनारायण गा.वि.स./न.पा. वडा नं. ४ बस्ने प्रलाद प्रसाद न्यौपानेको नाममा मालपोत कार्यालय चावहिल, काठमाडौंमा दर्ता कायम भएको काठमाडौं जिल्ला, विष्णु (बुढानीलकण्ठ) गा.वि.स./न.पा. वडा नं. ८ सिट नं. ८ घ स्थित कि.नं. ६०१ को क्षेत्रफल १२७.१६ (व.मि.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
३. ऋणी लोकेन्द्र ट्रेड लिंकले बैंकलाई लेखीदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजीमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजीम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित

पहिले 'हेर्न...

पृष्ठ १ बाट क्रमशः

युवराज सफल थिए । लामिछानेविरुद्धको नागरिकता मुद्दामा रिट निवेदक पनि उनै युवराज सफल नै थिए, जुन मुद्दामा पोखरेलले लामिछानेको पक्षमा कानुन व्यवसायीका रूपमा बहस गरेका थिए ।

यी दुवै मुद्दामा वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी विपक्षी कानुन व्यवसायीका रूपमा उपस्थित थिए । तर, ती अवसरमा उनले न्यायाधीश पोखरेलको निष्पक्षतामाथि कुनै प्रश्न उठाएनन् । बरु, 'इजलासले मुद्दा हेर्दा हुन्छ, निष्पक्षतामा आशंका छैन' भन्ने धारणा व्यक्त गरेको स्रोतहरूको भनाइ छ ।

वर्तमान मुद्दामा भने भण्डारीले सुनुवाइ सुरु हुनुअघि नै न्यायाधीश पोखरेललाई अलग हुन सुझाव दिएका छन् । यसले मुख्य प्रश्न उठाएको छ- यदि पहिले उस्तै परिस्थितिमा निष्पक्षता स्वीकार गरिएको थियो भने अहिले किन अस्वीकार ?

एक कानुन व्यवसायी भन्छन्, 'यदि मापदण्ड एउटै हो भने त्यसको प्रयोग पनि एउटै हुनुपर्छ, होइन भने बहस व्यक्तिनिष्ठ देखिन्छ ।'

विषय फरक कि सम्बन्धित ?

कानुनी वृत्तमा अहिले बहसको केन्द्र 'विषय' (इस्यु) हो । न्यायाधीश पोखरेलले वकिलका रूपमा बहस गरेको नागरिकता मुद्दा व्यक्तिगत कानुनी हैसियतसँग सम्बन्धित थियो । अहिलेको मुद्दा भने महान्यायाधिवक्ताले गरेको निर्णयको संवैधानिक वैधता परीक्षणसँग सम्बन्धित सार्वजनिक सरोकारको विषय हो । कानुनविद्हरूका अनुसार न्यायाधीशले 'व्यक्ति' होइन, 'मुद्दाको विषय' हेर्ने भएकाले विषय फरक भएमा स्वतः अलग हुनुपर्ने बाध्यता हुँदैन ।

'कुलिङ पिरियड' पनि पार

पोखरेल न्यायाधीश नियुक्त भएको दुई वर्षभन्दा बढी भइसकेको छ । बारबाट बेन्चमा आएका न्यायाधीशका लागि यो अवधि 'कुलिङ पिरियड'का रूपमा लिइन्छ, त्यसपछि पुराना पेसागत सम्बन्धबाट दूरी कायम भएको मानिन्छ । यसले पनि अहिलेको विवादमा स्वार्थको द्वन्द्व देखिँदैन भन्ने तर्कलाई बल पुऱ्याएको छ ।

बहस कानुनी कि धारणा ?

मुद्दा विचाराधीन रहँदा बाहिर भइरहेको तीव्र बहस र टिप्पणीलाई लिएर पनि प्रश्न उठेको छ । कानुनविद्हरूको एकथरी मत छ, यसप्रकारको सार्वजनिक दबाबले 'मिडिया ट्रायल'को रूप लिन सक्छ । 'पहिले स्वीकार गरिएको कुरा अहिले विवादित बनाउनु कानुनीभन्दा बढी धारणा निर्माणजस्तो देखिन्छ,' एक वरिष्ठ अधिवक्ताले भने । सर्वोच्च अदालतमा उठेको यो विवादले एउटा महत्त्वपूर्ण प्रश्न अघि सारेको छ- निष्पक्षता मापन गर्ने मापदण्ड स्थिर हुन्छ कि परिस्थितिअनुसार बदलिन्छ ? उपलब्ध तथ्यहरूले देखाउँछन् कि विगतमा समान अवस्थामा आपत्ति उठाइएको थिएन, त्यतिवेला सुरेन्द्र भण्डारी स्वयंले निष्पक्षता स्वीकार गरेका थिए, अहिले भने उही आधारमा प्रश्न उठाइएको छ ।

'मिडिया ट्रायल'को आरोप

मुद्दा विचाराधीन रहँदा सार्वजनिक रूपमा भइरहेका टिप्पणी र सम्पादकीय लेखनलाई लिएर पनि बहस चर्किएको छ । कानुनविद्हरूको एकथरी धारणा छ, यस्ता गतिविधिले अदालतमाथि बाह्य दबाब सिर्जना गर्न सक्छ । 'फैसला अदालतभित्र हुन्छ, बाहिर होइन,' एक वरिष्ठ अधिवक्ताले भने । उनीहरूका अनुसार सार्वजनिक बहस आवश्यक भए पनि त्यसले न्यायिक प्रक्रियालाई प्रभावित पार्ने दिशामा जानु उचित हुँदैन ।

शहीदनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

यदुकूहा, धनुषा
मधेश प्रदेश, नेपाल

करारमा शिक्षक/कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०२

प्रस्तुत विषयमा यस शहीदनगर नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरूको लागि करारमा शिक्षक/कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले यस शहीदनगर नगरपालिकाको राजपत्रमा प्रकाशित राहत, करार, नगर शिक्षक, बालविकास, कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०८२ अनुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

तपसिल :

विज्ञापन नं.	तह	विषय	पद	माग संख्या	शैक्षिक योग्यता	दरखास्त दस्तुर	कै
०१/०८२/०८३	मा.शि.	समाजिक-१ नेपाली-१	मा.वि. राहत	२	मूल विषयमा नेपालीको हकमा नेपाली र समाजिकको हकमा समाजिक लिइ शिक्षा शास्त्रमा स्नातक तह उत्तीर्ण वा सोसरह	रु. १०००	
०२/०८२/०८३	-	-	लेखापाल	१	वाणिज्य शास्त्रमा प्रविणता प्रमाण पत्र उत्तीर्ण वा सोसरह	रु.१०००	
०३/०८२/०८३	बालविकास	-	बाल विकास	४	SLC/SEE उत्तीर्ण	रु.५००	
०४/०८२/०८३	श्रेणीविहिन	-	कार्यालय सहयोगी	६	कक्षा ८ उत्तीर्ण	रु.५००	

- **परिक्षाको किसिम :** लिखित, मौखिक र प्रयोगात्मक हुनेछ,
- **उमेर :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको,
- **तलब स्केल :** नेपाल सरकमारले तोके अनुसार,
- **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू :** शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि, अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- **दरखास्त दिने अन्तिम मिति :** २०८२/१२/१७ गते कार्यालय समय भित्र,
- **लिखित परीक्षा मिति :** सम्पर्क मितिमा तोकिनेछ,
- **मौखिक परीक्षा :** लिखित परीक्षाको नतिजा प्रकाशन भए पश्चात लिइनेछ,
- **आवेदन फारम :** यस नगरपालिकाको प्रशासन शाखाबाट तथा शहीदनगर नगरपालिकाको Website बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ,
- **दरखास्त दस्तुर :** यस शहीदनगर नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नम्बर १२२०१००३०१०१००१० मा जम्मा गरेको भौचर दरखास्त फारममा पेश गर्नु पर्नेछ ।

नोट : अन्य जानकारीको लागि website : shahidnagarmun.gov.np मा उपलब्ध छ ।

मुसहर...

पृष्ठ १ बाट क्रमशः

ऋषिदेव, कमलेस ऋषिदेव, रामदेवा ऋषिदेव र तिलकु ऋषिदेवका घर जलेर पूर्ण रूपमा नष्ट भएको प्रहरीले जनाएको छ । हावाहुरीको मौसममा खाना पकाउने क्रममा आगलागी भएको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुसन्धान छ । ऐलानी जग्गामा बनाइएका झुपडी खरानी बनेपछि ती परिवारका ७० सदस्य विस्थापित भएका छन् । उनीहरूले स्थानीय जनता आधारभूत विद्यालयमा आश्रम लिएका छन् ।

मोरङ प्रहरीका प्रवक्ता डिएसपी लीलाराज लामिछानेले दिउँसो २ बजेतिर सोनी ऋषिदेवको घरबाट अचानक सल्किएको आगो एकैछिनमा बस्तीभर फैलिएको बताए । आगलागीको सूचना पाएपछि नियन्त्रणका लागि हात्तीमुढास्थित इलाका प्रहरी कार्यालय नेमुवाबाट खटिएको प्रहरी टोली, जिल्ला प्रहरी कार्यालयको टोली, स्थानीयवासी तथा विराटनगर महानगरपालिकाका दुईवटा दमकलको सहयोगमा ४५ मिनेटभित्र आगो नियन्त्रणमा लिइएको थियो । आगलागीबाट घर संरचना, खाद्यान्न, लत्ताकपडा, भाँडाकुँडालगायत गरी ११ परिवारको एक करोड २० लाखबराबरको क्षति भएको प्रारम्भिक तथ्यांक संकलन भएको छ ।

विद्यालयमा आश्रय लिएका विस्थापित परिवारलाई आवश्यक खाद्यान्न, दाउरा र लत्ताकपडाको सहयोग गरिएको बुढीगंगा गाउँपालिका-३ का वडासदस्य लोकनाथ चौधरीले बताए । 'आजका लागि विद्यालयमा बस्ने व्यवस्था मिलाएका छौं, बिहीबारदेखि थप राहतको प्रबन्ध गर्छौं,' उनले भने ।

राजमिस्त्रीको काम गर्ने ४५ वर्षीय प्रकाश ऋषिदेवले दैनिक ज्याला मजदुरी गरेर अलिअलि जोगाएको रकमबाट बाँसले बारेको झुपडीमा बाँसले नै च्यापेर छानामा जस्तापाता हालेको र अझै राम्रो बनाउँदै जाने चाहना भए पनि आगलागीले सपना चकनाचुर पारिदिएको दुखेसो पोखे ।

सांसदहरूलाई सभापति लामिछानेका निर्देशनै-निर्देशन

जनताले गरेको विश्वास जिम्मेवारीबोधका साथ निभाउन निर्देशन, अटेरी गरे पदबाटै हटाउने

कमलराज भट्ट/नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले जिम्मेवारीबोधका साथ काम गर्न सांसदहरूलाई निर्देशन दिएका छन् । पार्टीले नवनिर्वाचित सांसदहरूलाई आयोजना गरेको दुईदिने अभिमुखीकरणको समापन सत्रलाई बुधबार सम्बोधन गर्दै उनले नेपाली जनताले इतिहासमा कसैलाई नगरेको विश्वास आफूहरूमाथि गरेकाले जिम्मेवारीबोधका साथ कर्तव्य निर्वाह गर्न निर्देशन दिएका हुन् ।

'नेतृत्व र जनतासँग ठुलो पर्खाल छ । कैयौं नेताहरू जनतासँग नजिक हुनै चाहँदैनन् । किनकि उनीहरूलाई आफ्नो मान्छे हो भन्ने नै लाग्दैन । आज हामी घरघर नमस्कार गरेर पुगेका छौं । भोलि तिनले गरेको नमस्कार नफर्काउने ठाउँमा हामी पुग्छ सक्छौं, होसियार, त्यस्तो नेतृत्व जनताले खोजेका होइनन्,' उनले भने ।

लामिछानेले अबको पाँच वर्षमा प्रत्येक दिन जनताले खुसियाली मनाउने गरी काम गर्नुपर्नेमा जोड दिए । 'यो पाँच वर्षलाई अन्य सामान्य चुनावमा चुनिएजस्तो सोच्नुभयो भने त्यसले अप्ठेरो परिस्थिति सिर्जना गर्छ । राजनीति यस्तै हिसाबले चल्नेवाला छैन । सर्लक्कै काँचुली फेर्ने हो । यसैका लागि जनताले अभिमत दिएका हुन् । हामी कानुन बनाउन आएका हौं । कानुन बनाउने प्रमुख जिम्मेवारी जनताले दिएका हुन् । कुन दफाले कहाँ अड्काएको छ, थाहा हुनुपर्छ । अध्ययन हुनुपर्छ,' उनले भने ।

लामिछानेले शक्तिको दौड बन्द गर्न पनि निर्देशन दिए । 'यसपटक शक्तिको दौड, यताउता, यसलाई भनेर हुन्छ कि, उसलाई भनेर हुन्छ कि, यसो भेटेर फोटो खिचेर हुन्छ कि, यो पसल बन्द गर्नुहोला । यसरी चल्दैन साथीहरू । कानुन निर्माताका रूपमा हाम्रो जिम्मेवारी अत्यन्त गहन छ,' उनले भने । संविधान निर्माणको लामो समयपछि थुप्रै कानुन बन्न नसकेको, विभिन्न बाधा-अड्चन भएको भन्दै अब नेपाली जनताले कुनै बहाना बनाउन नपाउने गरी दिल खोलेर स्पष्ट लगभग दुईतिहाइ बहुमत दिएकाले काम गर्नुपर्ने उनले बताए ।

लामिछानेले नागरिक सचेत भइसकेकाले आफूहरूलाई विश्वास गरेको बताए । 'हरेक गतिविधि जनताले हेरेका हुन्छन् । कसैकसैले जनताको चेतनास्तरमा चुनौती दिन्छन्, जनता नै खराब भए भन्छन्, होइन, यदि त्यस्तो हुन्थ्यो भने अघिल्लोपटक हामीलाई २०-२१ सिट होइन, एकैपटक दुईतिहाइ दिन सक्थे । तर, जनताले यी नयाँलाई एकपटक हेर्यौं, यिनीहरू नमात्तिऊन्, त्यति मात्र सिट दिउँ र पुरानाहरूलाई सच्चिने अवसर दिने गरी निमिट्यान्न नपार्यौं भनेर नागरिकले विवेकपूर्ण ढंगले मतदान गरे । तर, नागरिकको त्यो विवेकलाई दुईतिहाइ पाएको सरकारले चुनौती दियो । शक्ति प्राप्त गरिसकेपछि आँखामा आउने पट्टी हामीले खोल्न सक्नुपर्छ । होइन भने पुराना दललाई नागरिकले ३६ वर्ष कुरे । तपाई-हामीलाई ३६ महिना ३६ दिन पनि कुर्नेवाला छैन । यो कुरामा निर्धक्क हुनुहोला । किनकि जनता अब्बल चेतनामा आएको छ,' उनले भने ।

लामिछानेले स्वार्थ समूहबाट टाढा रहन र आफूलाई केन्द्रमा राखेर गुटबन्दी नगर्न पनि निर्देशन दिए । 'कानुन निर्माताका रूपमा अब तपाईंहरूको दौड स्वार्थ समूहको घरघरमा होइन, गुट बनाएर कांग्रेस-एमालेलाई जितिँदैन साथीहरू हो, कुनै गुट बनाउनुपर्दैन । घन्टीका मुनि सबै अटाउन सक्छौं, घन्टीसँग त्यति तागत छ, कहीं गुट बनाउनुपर्दैन । र, आफ्नो पोजिसन के हुन्छ, म कहाँ हुन्छु, मलाई के हुन्छ, पार्टीमा मेरो हैसियत के हुन्छ, संसद्मा मेरो हैसियत के हुन्छ, सरकारमा मेरो हैसियत के हुन्छ, यो मकेन्द्रित राजनीतिबाट बाहिर उठ्न सकिएन र देशकेन्द्रित राजनीति गर्न सकिएन भने हाम्रो हविगत पुराना दलभन्दा पनि बत्तर हुन्छ,' उनले भने, 'त्यसकारण आफूलाई केन्द्रमा नराख्नुस् ।' सभापति लामिछानेले पार्टीबाट निर्वाचित सहिदकी आमालाई देखाउँदै इमानदार बन्न सांसदहरूलाई निर्देशन दिए । 'यहाँ सहिदकी आमा छिन्, ध्यान दिनुहोला । कुनै पनि बिचौलियासँग साँठगाँठ गर्नुअघि, एक कप चिया खानुअघि, उसको एक घुट्को पानी खानुअघि सहिदकी आमालाई सम्झिनुहोला । आफ्नो छोरो चढाएर संसद छिरेकी छिन् सहिदकी आमा । सामान्य कुरा होइन,' उनले भने ।

सभापति लामिछानेले बिचौलियाबाट सावधान हुन सांसदहरूलाई सचेत गराउँदै सामूहिक एकतामा जोड दिए । 'यो देशमा बिचौलियागिरीको बिगबिगी छ । मैले छोटो समयको राजनीतिमा जुन देखें, त्यो अनुभव सुनाउँदै छु । तपाईंहरूलाई बिचलित गराउन, प्रभावित गराउन मानिसहरू दौडिन्छन् । यो देशको परिस्थिति यस्तो छ कि सरकार बनेको बेलुकाबाट एउटा समूह सरकार ढाल्न सक्रिय रहन्छ । हामीले अभूतपूर्व जनमत प्राप्त गरेका छौं । अब यिनीहरूबिच फाटो ल्याउन सकिन्छ कि भनेर ठाउँ-ठाउँबाट प्रयास भइरहेको छ । त्यस्ता ठाउँबाट बच्नुपर्छ । हामीलाई फुटाउने, गिराउनेहरूको बिगबिगी छ । हामीविरुद्ध पनि धेरै मत आएको छ । अन्य नेता छन्, प्रतिपक्षीको कमी रहँदैन । विरोधीहरूको कमी रहँदैन । फरक यति हो कि हामी कति बलियो छौं, आफू बलियो हुनुपर्छ, अरूलाई दोष लगाएर हुँदैन । अर्काले फुटायो, विदेशीको चाल, उसको चाल भनेर हुँदैन । यस्ता शब्दलाई हामीले मेटाउनुपर्छ,' उनले भने ।

विभिन्न पार्टीबाट आएर सांसद भएकाहरूलाई कुनै लघुताभाषमा नरहन अपिल गर्दै लामिछानेले पुरानो प्रवृत्तिबाट टक्टाकिएर आउन अनुरोध गरे । देश पुरानै अवस्थामा नरहोस् भनेर कलिला भाइबहिनीले रगत बगाएको स्मरण गराउँदै उनले सहिदहरूले रगत बगाएर आएको चुनावको जनादेश ऐतिहासिक जिम्मेवारी रहेको बताए । 'यहाँ जथाभावी अभिव्यक्ति दिने, देशलाई मनोरञ्जनको विषय बनाउने, हल्काफुल्का प्रस्तुत हुने छुट कसैलाई पनि छैन । मलाई पनि छैन । जनताले हेरिरहेका छन्, भोट दिएका जनताको शिर निहुरिने काम कसैको अभिव्यक्ति, क्रियाकलापबाट हुनुहुँदैन । प्रत्येक मतको इज्जत हुनुपर्छ,' उनले भने ।

लामिछानेले वैदेशिक सम्बन्ध, अर्थतन्त्रजस्ता विषयमा अभिव्यक्ति दिँदा देशलाई दीर्घकालीन असर नपर्ने गरी दिन र हल्का टिप्पणीमा ख्याल गर्न निर्देशन दिए । लामिछानेले भूमिका परिवर्तन नगर्नेलाई सांसद पद छोडेर जान चेतावनी पनि दिए । 'होइन जो-कोहीलाई अभै पनि म अभियन्ता नै हुँ, पेसाकर्मी हुँ, हिजोकै जस्तै अभिव्यक्ति दिन्छु भन्ने लाग्छ भने तपाईंहरू सांसदको भूमिकाबाट बाहिर जान सक्नुहुन्छ । केही पनि फरक पर्दैन,' उनले भने, 'तर, होइन अब म जिम्मेवार हो मेरो भूमिका फेरिएको छ, देशका कानुनहरू फेर्नुपर्नेछ, नयाँ कानुन ल्याउनुपर्नेछ, मलाई मत दिएका जनताको घरघरमा खुसियाली आउनुपर्नेछ, चुलो बल्नुपर्नेछ, प्रभाव पर्नुपर्नेछ, उनीहरूले मैलेजस्तै अस्पतालमा उपचार गर्न जाँदा बेड पाउनुपर्छ कुनै सोर्सफोर्सविना भन्ने महसुस तपाईंहरूले गराउनुपर्छ ।' लामिछानेले आकस्मिकबाहेक सकेसम्म आफ्नो उपचार सरकारी अस्पतालमै गराउन सांसदहरूलाई अनुरोध गरे ।

लामिछानेले काम गर्न नसक्ने, अनुशासनमा नबस्ने सांसदलाई सिट संख्या घटे पनि पार्टीले फिर्ता बोलाउने स्पष्ट पारे । 'सरकार दुईतिहाइको छ, संख्या घट्ला, सरकार अल्पमतमा पर्ला भन्ने कुराको पर्वाह नगरीकन रास्वपाले जन्मदेखि आफ्नो विधानमा स्थापित गरेको राइट टु रिकलको व्यवस्थालाई यसपटक कडाइका साथ लागू गर्नेछ,' उनले भने । लामिछानेले स्वतन्त्रता र अनुशासनको दायरा पातलो रहेको भन्दै अनुशासनसहितको स्वतन्त्रता उपयोग गर्न सांसदहरूलाई अनुरोध गरे ।

जनताले ठुलो आशा र अपेक्षाका सात मत दिएको भन्दै त्यसको जिम्मेवारीबोध प्रत्येक दिन हुनुपर्नेमा उनले जोड दिए । बालबालिकादेखि ज्येष्ठ नागरिकसम्मले देश बचाउ भनेको स्मरण गर्दै यो ठुलो जिम्मेवारीको महसुस सबैले गर्नुपर्ने उनको भनाइ छ । रास्वपाभित्र देशको सिंगो अनुहार रहेको, व्यवसायी, विद्यार्थी, जेन-जी पुस्ता, युवा, महिला, सीमान्तकृत समुदाय, सामाजिक अभियन्ता, कवि, कलाकार, मोडल, रोल मोडल सबैजना रहेको भन्दै सबैलाई एउटै धारमा लान अनुशासनको ठुलो खाँचो रहेको लामिछानेले बताए । नागरिकले ठुलो अभिमत दिएकाले जगेर्ना गर्नु कर्तव्य भन्दै लामिछानेले संसद्को अधिवेशन चलेको वेलाबाहेक सांसदहरूको भेट जनतासँग हुनुपर्ने, आफ्नो निर्वाचन क्षेत्रमा निरन्तर खट्न निर्देशन दिए ।

सभापति लामिछानेले पार्टीले सबैको क्षमता बुझेको र मूल्यांकन गरिरहेको भन्दै मन्त्रीको लबिङ नगर्न सांसदहरूलाई निर्देशन दिए । 'तपाईंहरूमध्ये नै कोही न कोही मन्त्रालय सम्हाल्ने साथीहरू हुनुहुन्छ । तर, कृपया मन्त्री बनाइदिनुस् भनेर वा मिडिया ट्रायलमा म फलानो मन्त्री भनेर त्यस्तो चिजलाई बन्द गरिदिनुहोला । किनकि अहिलेसम्म केही पनि थाहा छैन । पार्टीले क्याबिनेटमा क-कसलाई पठाउने भन्ने निर्णय आज यतिखेरसम्म गरेको छैन । पार्टीले सही निर्णय गर्छ । तपाईंले कसैलाई भन्नुपर्दैन । हामीलाई तपाईंको विज्ञता, क्षमता थाहा छ । कैयौं साथीहरू देखिएको-देखियै गर्नुहुन्छ, कैयौं साथीहरू छेकिएको-छेकियै गर्नुहुन्छ । पार्टीले छेकिएका साथीहरूलाई पनि हेरिरहेको छ । चर्चामा आएका र चर्चामा आउन नपाएका साथीहरू सबैलाई पार्टीले हेरेको छ,' उनले भने । अर्को चुनावमा भोट माग्न नपाउने गरी काम गर्न उनले निर्देशन दिए ।

सभापति लामिछानेले देशको ठुलो समस्याका रूपमा रहेको सामाजिक न्यायका लागि लड्नुपर्ने बताए । भौतिक पूर्वाधारभन्दा सामाजिक न्याय नै ठुलो विकास भएको भन्दै मान्छे बस्ने समाज बनाउन सामाजिक न्यायको पैरवी गर्नुपर्नेमा जोड दिए । 'हामी समावेशी हुन चाहन्थ्यौं । तुलनात्मक रूपमा रास्वपाले अन्य दलभन्दा धेरै महिला साथी उठायौं । तर, पर्याप्त होइन । म दुःखका साथ क्षमायाचना गर्दै भन्छु- हाम्रो पार्टीभित्र राई-लिम्बू समुदायको प्रतिनिधित्व प्रतिनिधिसभामा हुन सकेन । सभापतिको हिसाबले क्षमा माग्न चाहन्छु,' उनले भने ।





सम्बोधनको मुख्य अंश

सामूहिक एकतामा जोड
राइट टु रिकल कडाइका साथ लागू गर्ने
मन्त्रीको लबिङ नगर्न सुझाव
सामाजिक न्यायका लागि लड्नुपर्ने चुनौती
बजेटमा समानता अपनाउन आग्रह
संविधानप्रति प्रतिबद्धता रहेको जनाउ
विश्वास गर्न निजी क्षेत्रलाई अनुरोध
जथाभावी अभिव्यक्तिमा लगाम
प्रत्येक मतको सम्मान गर्नुपर्ने

दुईदिने अभिमुखीकरण सम्पन्न

रास्वपाको दुईदिने अभिमुखीकरण सम्पन्न भएको छ । नवनिर्वाचित सांसदहरूलाई संसदीय प्रक्रिया, कानुन निर्माण, नीति विश्लेषण र जनप्रतिनिधिको भूमिकाबारे स्पष्ट बुझाइ प्रदान गर्न प्रशिक्षण दिइएको महामन्त्री कवीन्द्र बुर्लाकोटीले बताए । उनका अनुसार सांसदहरूलाई प्रभावकारी, उत्तरदायी र परिणाममुखी प्रतिनिधि बन्न सहयोग गर्नु, पार्टीको रणनीति, दृष्टिकोण र नीतिगत प्राथमिकता स्पष्ट गराउने र संसद्, सरकार र निर्वाचन क्षेत्रबिच प्रभावकारी समन्वय कायम गर्न सक्षम बनाउनेछ । प्रशिक्षणमा पूर्वसचिवहरू, अघिल्लो कार्यकालमा अनुभवप्राप्त सांसदहरूले प्रशिक्षण दिएका थिए ।

अनलाइन सपिङका नाममा एक महिनामै ११७ ठगी

काठमाडौं/ अनलाइन सपिङका नाममा काठमाडौंमा ठगी बढेको छ । फागुनमा मात्र यस्ता ११७ वटा ठगीका घटना प्रहरीमा दर्ता भएका छन् । जिल्ला प्रहरी परिसर, काठमाडौंका अनुसार अनलाइनमामार्फत सामान अर्डर गरी भुक्तानी दिने, तर सामान ग्राहकसम्म नपुग्ने गरेका छन् । 'सामाजिक सञ्जालमा विज्ञापन गरेर ठगी गर्ने समूह सक्रिय छन्,' जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले भने, 'कस्तो कम्पनी हो नबुझी अनलाइनमार्फत सामान किन्न खोज्दा धेरै ठगिएका छन्, यसमा ग्राहकमा सचेतनाको अभाव देखियो ।'

भुक्तानी भइसकेपछि विक्रेता भनिएका व्यक्तिहरू बेपत्ता हुने गरेका छन् । कतिपय अवस्थामा एउटा गुणस्तरको सामान देखाएर अर्को बिक्री हुने गरेको प्रहरीले जनाएको छ । अनलाइन व्यापारका लागि सरकारी निकायमा दर्ता हुनु अनिवार्य छ । तर, धेरैले कतै दर्ता नै नगरी सामाजिक सञ्जालमा विज्ञापन गरेर यस्तो काम गरिरहेका छन् । कतै दर्ता नभएका कम्पनीबाट ठगीको बढी जोखिम रहेको प्रहरी अधिकारी बताउँछन् । कतिपय समूहले अनलाइनबाट सस्तोमा सामान बिक्री गर्ने प्रलोभन देखाएर ठगी गर्ने गरेको एसपी भट्टराईले बताए । उनका अनुसार औसतमा दैनिक चारवटा उजुरी आउँछन् । अनलाइनसम्बन्धी ठगीका ११७ उजुरीमध्ये नौवटा मोबाइल हराएर बैंक खाताबाट चोरी, सातवटा चिट्ठा परेको भनेर ठगी, सातवटा ओटिपी मागेर ठगी भएका छन् । त्यस्तै, अनलाइनको विज्ञापनमा रकम दोब्बर हुन्छ भनेर लगानी गर्न लगाई फागुनमा ६ जनालाई ठगी गरिएको छ ।

■ एयर डाइनेस्टी हेलिकोप्टर दुर्घटना

चालकको चलाखीले ठुलो क्षति हुनबाट जोगियो

खोटाङमा **केदार लाफा**

खोटाङको केपिलासगढी गाउँपालिका- २, खार्तम्छास्थित बालाबेँसीमा एयर डाइनेस्टी कम्पनीको हेलिकोप्टर दुर्घटना हुँदा ६ जना घाइते भएका छन् । काठमाडौंबाट पाँचजना यात्रु लिएर बुधबार मध्याह्न १२ बजेर २ मिनेट जाँदा खार्तम्छास्थित बालाबेँसी आइपुगेको हेलिकोप्टर अवतरणका क्रममा भित्तामा ठोक्किएर दुर्घटना भएको हो ।

चालकसहित ६ जना सवार एयर डाइनेस्टीको नाइन एन-एएफक्यू नम्बरको हेलिकोप्टर दुर्घटना हुँदा त्यसमा सवार ललितपुरका ६५ वर्षीय काजीबहादुर राई घाइते भएको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रमुख प्रहरी नायब उपरीक्षक प्रकाश बुढाथोकीले बताए । दुर्घटनामा परेर काजीबहादुरको दाहिने खुट्टा र आँखामा चोट लागेको छ ।

काजीबहादुर र चालक सविन थापालाई एयर डाइनेस्टीकै नाइन-एनएएनए नम्बरको अर्को हेलिकोप्टरबाट उपचारका लागि काठमाडौं पठाइएको खार्तम्छाका वडाध्यक्ष मिलन राईले जानकारी दिए । उनका अनुसार काजीबहादुरलाई दुर्घटनाग्रस्त हेलिकोप्टरले थिचिरहेको अवस्थामा



उद्धार गरिएको थियो । दुवैको काठमाडौंको धुम्बाराहीस्थित ह्याम्स अस्पतालमा उपचार भइरहेको छ । हेलिकोप्टरमा एक महिनाअघि बेलायतमा ज्यान गुमाएकी बालाबेँसी निवासी ७७ वर्षीया मनलक्षी राईको शव अन्त्येष्टि गर्न मृतकका आफन्त आएका थिए । मृतकका श्रीमान् ८२ वर्षीय डाकमणि राई, छोरा ५३ वर्षीय बालकुमार राई, छोरी ४७ वर्षीया लक्ष्मी राई, आफन्त ४० वर्षीया समला राई र ललितपुर घर भएका काजीबहादुर हेलिकोप्टरमा सवार रहेको प्रहरीले जनाएको छ । मृतक मनलक्षीको शव भने गाडीमार्फत बिहीबार बालाबेँसी आइपुग्ने आफन्तले जानकारी दिएका छन् । हेलिकोप्टर दुर्घटनामा परेका आफन्त भने सकुशल रहेको वडाध्यक्ष राईले जानकारी दिए ।

दुर्घटनालगत्तै चालकले इन्जिन अफ गरेपछि थप क्षति हुन नपाएको हेलिकोप्टरमा सवार बालकुमार राईले बताए । 'घटना सम्झँदा सपनाजस्तो लाग्छ । सबैको होसहवास उडिसकेको थियो । म अगाडिको सिटमा बसेको थिएँ,' उनले भने, 'यस्तो दुर्घटना हुँदा बाँच्ने चान्स थोरै मात्र हुन्छ । चालकले तत्कालै इन्जिन अफ गर्नुभयो । चलिरहेको इन्जिन अफ भएपछि थप क्षति हुनबाट जोगियौं ।'

एयर डाइनेस्टी कम्पनीका क्याप्टेनसमेत रहेका चालक सविनसँग सात वर्षको कार्यानुभव र कुल एक हजार १०५ घण्टा हेलिकोप्टर उडाएको रेकर्ड रहेको कम्पनीले विज्ञप्तिमार्फत जनाएको छ । एयर डाइनेस्टीका प्रवक्ता एवं वरिष्ठ प्रबन्धक बालकृष्ण पण्डितले जारी गरेको विज्ञप्तिमा घटनाको यथार्थ कारण पत्ता लगाउन सम्बन्धित निकायसँग समन्वय भइरहेको उल्लेख छ । बारीको डिलमा अवतरण गरिएको हेलिकोप्टर पुनः उठाएर बारीको बिचमा लैजान खोज्दा पछाडिको भाग पल्टिएर दुर्घटना भएको केपिलासगढी गाउँपालिकाका प्रमुख समीर राईले जानकारी दिए ।

संक्षेप

सुत्केरीको हेलिकोप्टरमार्फत उद्धार

बाजुरा/ बाजुराको बडीमालिका नगरपालिका- १ की २१ वर्षीया सुत्केरी सरतादेवी रोकायालाई थप उपचारका लागि हेलिकोप्टरमार्फत उद्धार गरी प्रादेशिक अस्पताल सुर्खेत पुऱ्याइएको छ । मंगलबार राति सुत्केरी भएकी उनलाई अत्यधिक रक्तस्राव तथा श्वासप्रश्वासमा समेत समस्या भएपछि कर्णाली प्रदेश अस्पताल सुर्खेत रिफर गरिएको प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाले बताए । स्वास्थ्य अवस्था जटिल भएपछि हेलिकोप्टरबाट उद्धार गरिएको र अहिले आइसियूमा राखेर उपचार भइरहेको उनको भनाइ छ । जिल्ला अस्पताल बाजुरामा जटिल अवस्थाको सुत्केरीको उपचार असम्भव भएपछि चिकित्सकको सल्लाहअनुसार सुविधायुक्त स्वास्थ्य संस्थामा लैजान राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत हेलिकोप्टरबाट रिफर गरिएको निरौलाले बताए । यस्तै, संखुवासभामा पनि हेलिकोप्टरबाट एक सुत्केरीको उद्धार गरिएको छ । बुधबार दिउँसो करिब साढे ४ बजे मकालु गाउँपालिका-१, वालुङकी २८ वर्षीया सरु राईलाई सुत्केरी बेथा लागेर अवस्था गम्भीर भएपछि उद्धार गरिएको संखुवासभाकी प्रमुख जिल्ला अधिकारी सिर्जना थपलियाले जानकारी दिइन् । उनका अनुसार जिल्ला अस्पतालमा बुधबार बिहान करिब ५ बजे अप्रेसन गरी छोरीलाई जन्म दिएको, तर आमालाई अत्यधिक रक्तस्राव भएपछि अवस्था गम्भीर भएकाले नेपाली सेनाको हेलिकोप्टरबाट काठमाडौं प्रसूतिगृह थापाथली पठाइएको छ । उनी मंगलबार जिल्ला अस्पतालमा भर्ना भएकी थिइन् । सुत्केरी महिलाको राष्ट्रपति हवाई उद्धार कार्यक्रमअन्तर्गत उद्धार गरिएको हो ।

सैनिक मञ्चमा मनाइयो घोडेजात्रा

काठमाडौं/ नेपाली सेनाले बुधबार सैनिक मञ्च टुँडिखेलमा घोडेजात्रा समारोह आयोजना गरेको छ । सैनिक खेलाडीहरूले समारोहमा टांगन घोडा दौड, चार्जर घोडा दौड, टेन्ट पेगिङ, क्रस टेन्ट पेगिङ, सो-जम्पका साथै सैनिक कुकरहरूको कला प्रदर्शन गरेका थिए । राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री सुशीला कार्की, राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहाल, पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईलगायत सरकारी उच्च अधिकारी घोडेजात्रा समारोहमा सहभागी थिए । प्रदर्शनी समापनपश्चात् राष्ट्रपति पौडेलले सो-जम्पमा प्रथम र द्वितीय हुने सहसेनानी प्रवीण लामिछाने र जमदार रामबहादुर दाहाल तथा टेन्ट पेगिङमा प्रथम र द्वितीय हुने सहसेनानी विकल्प थापा र सिपाही सन्तोष भण्डारीलाई पुरस्कार प्रदान गरे । सेनाले समसामयिक परिस्थितिको सम्बन्धमा प्रधानसेनापति अशोकराज सिग्देलले पूर्वप्रधानसेनापतिहरूसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रमसमेत सञ्चालन गरिएको जनाएको छ ।

राप्ती आधारभूत अस्पतालमा प्रतिष्ठानले चिकित्सक सहयोग गर्ने

दाङ/ दाङको राप्ती गाउँपालिकाले सञ्चालनमा ल्याएको राप्ती आधारभूत अस्पताललाई राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले चिकित्सक सहयोग गर्ने भएको छ । त्यसका लागि मंगलबार प्रारम्भिक छलफल भएको छ । अस्पतालमा हाल एकजना मात्रै कन्सल्टेन्ट डाक्टर कार्यरत छन् । दैनिक डेढ सयहाराहारीमा बिरामी आउने भएकाले चिकित्सक आवश्यक रहेको भन्दै प्रतिष्ठानसँग सम्झौता गर्ने तयारी गरेको गाउँपालिका अध्यक्ष प्रकाश विष्टले बताए । प्रतिष्ठानका निमित्त उपकुलपति श्याम लम्साल, डा. जनार्दन पन्थी, राप्ती गाउँपालिकाका अध्यक्ष विष्ट, राप्ती अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सुशील केसी, राप्ती गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख नारायण रावतसहितको मंगलबार प्रारम्भिक छलफल भएको हो । छिट्टै सम्झौता गर्ने तयारी भएको विष्टले बताए । उनका अनुसार स्त्रीरोग विशेषज्ञ र बालरोग विशेषज्ञ चिकित्सक पठाउने गरी छलफल भएको हो । दुईजना विशेषज्ञ डाक्टर आएमा देउखुरीमै विशेषज्ञ सेवा दिन सकिने उनको भनाइ छ । लुम्बिनी प्रदेशको स्थायी राजधानीको क्षेत्रसमेत भएकाले विशेषज्ञ सेवा दिनु अपरिहार्य रहेको विष्टको भनाइ छ ।

प्रधानमन्त्री कार्की बिदाइ भेटमा व्यस्त

शान्तिपूर्ण रूपले निर्वाचन सम्पन्न गरेर सत्ता हस्तान्तरणको तयारीमा रहेकी प्रधानमन्त्रीले कांग्रेस, एमाले, नेकपालाई दिइन् सान्त्वना

नयाँ पत्रिका

संक्रमणकालीन अवस्थामा गत २१ फागुनमा शान्तिपूर्ण रूपले निर्वाचन सम्पन्न गराएर सत्ता हस्तान्तरणको तयारीमा रहेकी प्रधानमन्त्री सुशीला कार्की बिदाइ भेटमा व्यस्त बनेकी छिन् । राष्ट्रपति, राष्ट्रिय सभाका अध्यक्षदेखि कांग्रेस, एमाले, नेकपाका शीर्ष नेतालगायतसँग कार्कीले बिदाइ भेट गरेकी छिन् ।

अन्योलबिच शान्तिपूर्ण रूपमा निर्धारित समयमै निर्वाचन सम्पन्न गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी कार्कीले धन्यवाद ज्ञापनका नाममा बिदाइ भेट गरेकी हुन् । उनले आफ्नो कार्यकालमा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्ने सबैलाई सकेसम्म भेटेरै धन्यवाद दिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । उनले निर्वाचन सम्पन्न भएसँगै लोकतान्त्रिक यात्रा अझ सुदृढ हुने विश्वास व्यक्त गरेकी छिन् ।

बुधबार मात्रै प्रधानमन्त्री कार्कीले नेपाली कम्युनिस्ट पार्टीका शीर्ष नेताहरूलाई निर्वाचन सफल पार्न भूमिका खेलेकोमा धन्यवाद दिएकी छिन् । प्रधानमन्त्रीनिवास बालुवाटार बोलाएर कार्कीले धन्यवाद दिएकी हुन् । नेकपाका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, पूर्वप्रधानमन्त्री एवं सहसंयोजक माधवकुमार नेपाल, नेताहरू नारायणकाजी श्रेष्ठ, वर्षमान पुनलगायत बालुवाटार पुगेका थिए ।

प्रधानमन्त्रीका प्रेस सल्लाहकार रामबहादुर रावलका अनुसार छलफलमा कार्कीले निर्वाचनमा विजेता नेतालाई बधाई दिँदै पराजितलाई अर्कोपटकका लागि शुभकामना दिएकी छिन् । 'तपाईंहरूले निर्वाचनमा भाग लिइदिनुभयो । चुनावको पक्षमा वातावरण बनाउनुभयो र मुलुकलाई शान्तिपूर्ण र लोकतान्त्रिक विधिबाट निकास दिन सहयोगी भूमिका खेल्नुभयो । यसका निम्ति धेरै धन्यवाद छ,' कार्कीले भनेकी छिन् ।

नेकपाका नेताहरूले निर्वाचन सम्पन्न भई देशले निकास पाएको भन्दै नेतृत्वदायी भूमिकाका लागि प्रधानमन्त्री कार्कीलाई बधाई दिएका छन् । 'यो निर्वाचन नभएको भए मुलुक अर्को ठुलो दुर्घटनामा जान्थ्यो । यसमा जुन साहस र मिहिनेतका साथ तपाईंले काम गर्नुभयो, यो निकै महत्त्वपूर्ण र प्रशंसालायक छ,' प्रचण्डले भनेका छन् । सुरुकै दिनदेखि आफू र आफ्नो पार्टी निर्वाचनको पक्षमा उभिएको प्रचण्डले स्मरण गरे । 'हामी सुरुबाटै निर्वाचनको विकल्प छैन भनेर उभिएका हौं । इफ बट केही नभनी निर्वाचन हुनुपर्छ भन्ने त्यतिवेला हामी मात्रै थियौं,' उनले भने ।

पूर्वप्रधानमन्त्री नेपालले लोकतन्त्रमा निर्वाचन अपरिहार्य रहेको भन्दै त्यसका लागि खेलेको भूमिकाको प्रशंसा गरे । 'प्रधानमन्त्रीमा सुशीला कार्की आउने भन्ने सुनेको दिन निकै राहत महसुस भएको थियो । तर, पछि तपाईंले नआउने भन्नुभयो भन्ने समाचार पनि आयो । त्यस कुराले हामी सबै आत्तिएका थियौं । तपाईं आईदिएपछि संविधान बाँच्छ, व्यवस्था जोगिन्छ र अवस्था सम्हालिन्छ भन्ने विश्वास थियो,' उनले भनेका छन् ।

यसअघि प्रधानमन्त्री कार्कीले कांग्रेस र एमालेका शीर्ष नेताहरूसँग पनि भेट गरेर निर्वाचन सम्पन्न गर्न सहयोग गरेकोमा धन्यवाद दिएकी थिइन् । गत आइतबार कांग्रेस सभापति गगन थापा, उपसभापतिद्वय विश्वप्रकाश शर्मा र पुष्पा भुसाललगायतसँग कार्कीले छलफल गरेकी थिइन् । बालुवाटारमा भएको छलफलमा कार्कीले निर्वाचन सफल बनाउन कांग्रेसले निर्वाह गरेको सहयोगी भूमिकाप्रति आभार प्रकट गरेकी थिइन् । छलफलमा गृहमन्त्री ओमप्रकाश अर्याल पनि सहभागी थिए । कार्कीले निर्वाचनमा पराजित हुँदैमा विचलित नहुन कांग्रेस नेताहरूलाई आग्रह गरेकी थिइन् ।

कार्कीले पितृशोकमा रहेका एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी ओलीलाई आइतबार नै गुन्डु पुगेर भेटेकी छिन् । कार्कीले दिवंगत पिता मोहनप्रसादप्रति श्रद्धाञ्जली व्यक्त गर्दै परिवारजनमा समवेदना प्रकट गरिन् । ओलीका पिता मोहनप्रसादको ९७ वर्षको उमेरमा शुक्रबार भक्तपुरस्थित नेपाल-कोरिया मैत्री अस्पतालमा निधन भएको थियो ।

मंगलबार मात्रै कार्कीले एमालेका पूर्ववरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, पूर्वउपमहासचिव प्रदीप ज्ञवाली र पूर्वप्रमुख सचेतक महेश बर्तौलालाई बालुवाटार बोलाएर छलफल गरेकी थिइन् । छलफलमा कार्कीले निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सहयोग गरेकोमा एमालेलाई धन्यवाद दिँदै देश र जनताका मुद्दामा निरन्तर लागिरहन सुझाएकी छिन् । कार्कीले निर्वाचनमा जित-हार भइरहने भएकाले एकपल्टको जनादेशबाट विचलित नहुन आग्रह गरेकी छिन् । 'एकैपटकको जनमतले सधैंका लागि पार्टीहरूको हैसियत निर्धारण गर्दैन । भारतमा अटलविहारी बाजपेयी र इन्दिरा गान्धीका पालामा उहाँहरूका पार्टीले व्यहोरेको उतारचढाव पनि देखेकै छौं,' कार्कीले एमाले नेताहरूसँग भनेकी छिन्, 'राजनीति निरन्तरको अभियान भएकाले देश र जनताका मुद्दा बोकेर लागिरहनुहोस् ।' एमाले नेताहरूले पनि शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गराएकोमा प्रधानमन्त्री कार्कीलाई धन्यवाद दिएका थिए ।

प्रतिपक्षी जागे जाग्छ देश

सात दशकभन्दा लामो संसदीय अभ्यास गरेको नेपालको इतिहासमा एउटै जिम्मेवार प्रतिपक्षी प्राप्त गर्न नसक्नु आश्चर्यको विषय हो



● मेखराज उदय

अग्रलेख

भदौ २३ र २४ गतेको अनपेक्षित जेन–जी विद्रोहपश्चात् आमनिर्वाचन सम्पन्न भई मुलुक नयाँ सरकार गठनको अन्तिम तयारीमा छ। यो चुनावबाट संविधानवादको विजय भएको छ। परम्परागत दल कांग्रेस, एमाले र नेकपा आदिले आफ्नो अक्षमता, अलोकप्रियता ढाकछोप गर्न (एक दशकसम्म) संविधानमाथि नै आक्षेप थोपर्ने गर्थे। संविधान निर्माण पक्षधर शक्ति भएर पनि उनीहरूको आरोप थियो, यही निर्वाचन प्रणाली रहेसम्म कुनै दलको एकल बहुमत प्राप्त हुँदैन। संविधानविद्, कानुनवेत्ता, पत्रकार, विश्लेषकले पनि यही मतमा सहमति जनाउँदै आएका थिए। तथापि, राष्ट्रिय स्वतन्त्र पार्टीले सुविधाजनक बहुमत प्राप्त गरेको छ। उसले दुईतिहाइमा केही सिट मात्रै कम प्राप्त गरी संविधान र यसले अंगिकार गरेको निर्वाचन प्रणालीको वैधता सिद्ध गरिदिएको छ।

रास्वपा एक दलभन्दा पनि बढी स्वार्थ समूहको गठबन्धन प्रतीत हुन्छ। यस्तो लाग्नाको कारण र आधार धेरै छन्, जस्तै- एक, यसको कुनै वैचारिक दृष्टिकोण स्पष्ट छैन। पुराना दलका अक्षमता, कुशासन, लाग्ने गरेका आरोप आर्थिक अनियमितता तथा भ्रष्टाचार, निराशा आदिबाट उत्पन्न भएको जनआक्रोशलाई आफ्नो पक्षमा पार्न सफल भएको छ। दोस्रो, तत्कालीन संसद्को चौथो ठुलो दल रास्वपा वा रवि लामिछाने र काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहले पार्टी सत्ता र राज्यसत्ता बाँडफाँडमा सम्झौता गरी देशभर आफ्नो पक्षमा जनलहर सिर्जना गरे। यद्यपि, उनीहरूबिच संवैधानिक व्यवस्था, सिद्धान्त आदिमा समेत एकमत बनेको देखिन्न। संविधान घोषणापश्चात् पहिलोपटक रास्वपाको एकल बलियो सरकार बन्दै छ। स्थायी सरकार बन्नु संवैधानिक हिसाबले खुसीको कुरा भए पनि नयाँ द्वन्द्वको सम्भावनाप्रति सचेत रहन पनि उत्तिकै जरुरी छ। एकमना वा बलियो सरकार जहिल्यै कमजोर, उत्पीडित समुदाय, क्षेत्रप्रति नकारात्मक रहने गर्छ। त्यसैले, संसद्, सडक र मिडियामा प्रतिपक्षी शक्तिको उपस्थिति महत्त्वपूर्ण हुने गर्छ। सत्ता बहुमत प्राप्त दलको संवैधानिक अधिकार भएकाले सशक्त प्रतिपक्षी शक्तिको भूमिका खोजी गर्नु यो लेखको मूल उद्देश्य हो।

लेखको सुरुवातमा 'अन्त्येष्टि-उन्मुख' वामपन्थी आन्दोलनलाई मार्क्सवादी दृष्टिकोणबाट हेर्ने प्रयत्न गरौं। मार्क्सवाद भन्छ, 'शासक र शासित अर्थात् मालिक र मजदुर वर्गबिच संघर्ष हुनु अनिवार्य छ। त्यस युद्धमा जब मजदुर वर्गको जित हुन्छ, तब समाजवादमा पुगिन्छ र त्यहाँ वर्ग रहँदैन। वर्गविहीन समाज राज्यविहीनतासम्म पुग्छ र त्यो नै साम्यवाद हो।' र, अर्को तथ्य मार्क्सवादमा हिंसाको प्रयोगलाई स्वतः र अनिवार्य बताइएको छ। मार्क्स-एंगेल्सले कहींकतै घोषणा गरेको नभए पनि लालबुझक्कडले यसैलाई (कथित) वैज्ञानिक समाजवाद भनिदिए। अब यसै आलोकमा वामपन्थी आन्दोलनको अवलोकन गरौं।

०६२ मंसिर ७ गते तत्कालीन संसद्वादी सात राजनीतिक दल र विद्रोही नेकपा माओवादीबिच १२ बुँदे सम्झौता भयो। समकालीन राजनीतिमा तीन राजनीतिक शक्ति विद्यमान थिए। पहिलो, शान्तिपूर्ण राजनीति गरिरहेका संसद्वादी दलहरू। दोस्रो, परम्परागत राजसंस्था र तेस्रो, सशस्त्र विद्रोहमा होमिएको माओवादी थिए। त्यस बखत कस्तो जटिल अवस्था थियो भने तीमध्ये कुनै दुई शक्ति मिल्नु अनिवार्य थियो। अन्यथा, मुलुकलाई अघि बढाउन तथा शान्ति स्थापना गर्न सम्भव थिएन।

यता राजसंस्था र संसद्वादी दलबिच सम्झौताको अवस्था पनि विकसित हुन सकेन। उता विद्रोही माओवादीका मुख्य नेतामाथि नै असुरक्षाको सन्देहास्पद (सस्पिसस्) परिस्थिति निर्माण भयो। जसका कारण संसद्वादी दल र माओवादीबिच सम्झौता एक बाध्यता र आवश्यकता दुबै बन्यो। र, त्यसैको परिणामस्वरूप मुलुकमा सशस्त्र द्वन्द्वको विधिवत् अन्त्य मात्रै भएन, बरु राजतन्त्रको समाप्तिसँगै गणतन्त्र स्थापनाको नयाँ युगको सुरुवात पनि हुन पुग्यो।

संविधान के हो र कसरी निर्माण गरिन्छ भन्नेबारे विश्वप्रसिद्ध मान्यता छ, 'संविधान भनेको तत्कालीन समयमा शक्तिमा रहेका स्वार्थ समूहबिच स्वार्थको लेनदेनबाट निर्माण गरिने राजनीतिक दस्ताबेज हो।' राजनीतिक स्वार्थ समूह वा शक्तिको समयानुकूल पतन र नवउदय हुनु स्वाभाविक प्रक्रिया हो। त्यसैले, स्वार्थ समूहको फेरबदलसँगै संविधानमा संशोधन वा नयाँ बन्ने प्रक्रियालाई समेत सर्वथा स्वाभाविक मानिन्छ। परिणामतः संसद्वादी दल कांग्रेस, एमाले र माओवादीका स्वार्थ लेनदेनबाट संविधान जारी गरियो। अब रास्वपाको धारणा बिस्तारै ज्ञात हुँदै जाला।

अब यही अवस्थालाई महामानव तथागत बुद्धको सिद्धान्तबाट अवलोकन गरौं। बुद्धले आफ्नो जीवनकालमै साम्यवादको परिकल्पना गरेका थिए। वर्गविहीनता प्राप्त गर्ने बुद्धको लक्ष्य मार्क्ससँग मिले पनि उनको मार्ग फरक छ। मार्क्सवादले हिंसालाई अनिवार्य भने तर बुद्धले शान्तिपूर्ण मार्गबाट साम्यवादको



रोडम्याप बताए। बुद्ध भन्छन्, 'मालिक (सुखी) वर्गविरुद्ध मजदुर (दुःखी) वर्गले हिंसाको राजनीतिबाट सत्ताच्युत गराएपछि वर्गको स्वतः अन्त्य हुँदैन। बरु त्यो क्रान्तिद्वारा मजदुरवर्ग शासक बन्न पुग्छ भने पूर्वशासक वर्ग उपेक्षामा पर्छ। अब उक्त वर्गले आफ्नो गुमेको राज्यसत्ता, सम्पत्ति पुनः प्राप्तिका निम्ति क्रान्ति सुरु गर्छ। हिंसाको बदला हिंसा नै हुने हुँदा समाजमा क्रान्तिको अन्त्य कहिल्यै हुँदैन।' मान्छेको मन जितेर, शान्तिपूर्वक सत्ता, सम्पत्तिबाट अलग गराउन सकिन्छ, तर जोर जबर्जस्ती गरेर होइन। बुद्धले आफ्नो भिक्षु संघलाई वर्गविहीन बनाएर देखाए।

भौतिकशास्त्र (विज्ञान) भन्छ, 'ऊर्जालाई नष्ट गर्न सकिँदैन। बरु त्यसलाई अन्य शक्तिमा रूपान्तरण गर्न भने सकिन्छ।' त्यो विज्ञानको नियम भयो, यता राजनीतिमा असन्तुष्ट, निराश, सत्ताबाट किनाराकृत विद्रोही शक्ति रास्वपालाई बहुमत प्राप्त भएको छ।

> विगतमा नागरिकमा निराशा र जनआक्रोश बढ्नुको मुख्य जिम्मेवार सत्तापक्ष मात्र नभई अक्षम प्रतिपक्षी दल हुनु पनि हो। प्रतिपक्षीविहीनताका कारण नै हाम्रो संसदीय लोकतन्त्र बदनाम हुँदै आएको हो।

■ अधुरा प्रतिपक्षी स्वैरकल्पना

नेपाली नागरिकको दुःख र विडम्बना के छ भने सत्ताका अनेकौं गठबन्धन बने र विघटन भए। विचार, नीति र सिद्धान्त मिल्ने मात्रै होइन, एकले अर्कालाई सिध्याउने, घृणाको राजनीति गर्ने शक्तिबिच समेत धेरै गठबन्धन बनाइए। संसद्लाई 'खसीको टाउको देखाएर, कुकुरको मासु बेच्ने ठाउँ हो' भनी घृणाजन्य मान्यता राख्ने कम्युनिस्ट र जन्मजात संसद्वादी कांग्रेसबिच धेरै पटक गठबन्धन बने। जनवादी गणतन्त्रका निम्ति हिंसाको राजनीति गरेका माओवादी र पश्चगामी हिन्दु राष्ट्र, राजतन्त्र पक्षधर राप्रपाबिच गठबन्धन बने। एमाले र राप्रपाबिच चुनावी तालमेल हुनुलाई हामीले सामान्य ठान्यौं। तथापि, सत्ता गठबन्धन प्रायः असफल बन्ने र अन्त्यमा तिक्ततापूर्ण आरोप, प्रत्यारोपमा पुगेर समाप्त हुने गरेको छ। सत्ता र शक्ति प्राप्तिमा स्वार्थ मिल्नु तथा एकल जातिवादी सत्तालाई निरन्तर प्राण दिनु यी दुई कारण छन्, जसले सैद्धान्तिक र वैचारिक भिन्नतामा समेत दललाई गठबन्धन निर्माण गर्न प्रेरित गरिरहन्छ।

यी त भए सत्ता गठबन्धनभित्रका दुःखद अनुभूति। अर्को सर्मनाक सत्य के छ भने जनताले योग्य प्रतिपक्षी दल आजसम्म कहिल्यै पाएनन्। सात दशकभन्दा लामो संसदीय अभ्यास गरेको नेपालको इतिहासमा एउटै जिम्मेवार प्रतिपक्षी प्राप्त गर्न नसक्नु आश्चर्यको कुरा हो नै। त्यति मात्रै होइन, मुलुक र जनताको भलो नहुनु तथा दैनिक नागरिक निराशा, जनआक्रोश बढ्नुको मुख्य जिम्मेवार सत्तापक्ष मात्र नभई अक्षम प्रतिपक्षी दल हुनु मुख्य हो। प्रतिपक्षीविहीनताका कारण नै हाम्रो संसदीय लोकतन्त्र बदनाम हुँदै आएको हो।

लामो संसदीय अनुभव र अभ्यास गरेका नेपाली कांग्रेस र नेकपा एमाले नै प्रतिपक्षी भूमिकामा कमजोर साबित भएको इतिहास छ। भनाइ छ, कांग्रेस सत्तामा रहँदासमेत उसकै भित्रको प्रतिपक्षी (समूह) को बढी त्रासमा रहन्छ। सुरुवातदेखि जीवनपर्यन्त संसदीय व्यवस्थाको पक्षधर दल हो, कांग्रेस। तथापि, कांग्रेसले रचनात्मक प्रतिपक्षीको भूमिकामा आफूलाई अब्बल साबित गर्ने प्रायः सबै मौका गुमाउँदै आयो। बरु संसदीय अभ्यासमा विकृति र बदनामी भित्र्याउने कार्यमा कांग्रेसको अग्रणी भूमिका रह्यो। त्यस्तै, कांग्रेसपछिको दोस्रो संसदीय व्यवस्थामा अभ्यस्त दल हो, एमाले। आफूलाई कम्युनिस्ट भन्न नछाडे पनि एमाले संसदीय अभ्यासमा पोख्त मानिन्छ। संघर्षका अन्य धेरै विकल्प जीवित रहँदारहँदै पनि संसद्माथि कालो धब्बा पोत्ने कार्यमा उसको अग्रणी भूमिका छ। लामो संसद् अवरोधको रेकर्ड कायम गरेर होस् या दुई-दुईपटक संसद् विघटनको असफल प्रयास गरेर होस्, एमालेले संसद्माथि फोहोर थोपर्ने गलत हर्कतमै महत्त्वपूर्ण समय बर्बाद गऱ्यो।

संसदीय शासन व्यवस्थाको मुख्य विशेषता भनेको शक्तिको बाँडफाँड र शक्ति पृथकीकरण हो। यसमा कार्यपालिका (मन्त्रिपरिषद्), व्यवस्थापिका (संसद्) र न्यायपालिका (अदालत) बिच राज्यशक्तिको बाँडफाँड संवैधानिक रूपमा गरिएको हुन्छ। संसद् जनताको सार्वभौमसत्ता प्रयोग गर्ने अधिकारसम्पन्न जनप्रतिधिमूलक निकाय हो। देशको कार्यकारी प्रमुख (प्रधानमन्त्री) यसै संस्थाप्रति उत्तरदायी हुन्छन्। सरकारलाई जनहितमा काम गराउन बाध्य पार्नेदेखि जनताका सबैखाले समस्या उठान गर्ने, संविधान कार्यान्वयन र संशोधन, विभिन्न ऐन, कानुन निर्माण गर्ने जिम्मेवारी तथा दायित्व संसद्कै हो। त्यसैले संसद् प्रतिपक्षको हुन्छ भन्ने मान्यता राखिन्छ।

अबको संसद्मा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस रहनेछ। विगतमा कांग्रेस जिम्मेवार प्रतिपक्षीको भूमिकामा अक्षम बन्यो। सत्तासँग स्वार्थको गोटी चाल्नु, अपारदर्शी र स्वार्थप्रेरित सम्झौताको तमासा देखाउनुबाहेक उसको प्रतिपक्षी भूमिका कहिल्यै जिम्मेवार देखिएन। नेतृत्व परिवर्तन गरेको कांग्रेसको आगामी भूमिका भने प्रतीक्षामै छ।

अन्त्यमा, कमरेडहरूका प्रियपात्र मेक्सिम गोर्कीको मर्मस्पर्शी भनाइ प्रस्तुत गरौं। गोर्की भन्छन्, 'उनीहरू (सत्ताधारी) ले जनतालाई बन्दुक, लाठी र पत्थर बनाए र भन्दै छन्, यही त राज्यसत्ता हो।' सम्भावित सत्ताको असंवैधानिक कार्य, जनताको अधिकारविरुद्ध सत्ताको दमन, भ्रष्टाचार र बेथितिको सशक्त विरोध गर्न, सुशासनको पक्षमा दृढतापूर्वक उभिने जिम्मेवार र रचनात्मक प्रतिपक्षीको सदा खाँचो छ। यो अभाव परिपूर्ति गर्नु जिम्मेवार प्रतिपक्षी दलको दायित्व हो। साथै, संसद्बाहिर समेत जनताको चेतनशील प्रतिरोध सिर्जना गर्न सक्ने हो भने मात्रै मुलुकका धेरै समस्या समाधान गर्न सकिन्छ। प्रतिपक्षी दल र शक्ति जुरुक्क उठे मात्रै जाग्नेछ देश।

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **शारदाप्रसाद त्रिताल**लाई



अघिल्लो सरकारले पछिल्लो सरकारलाई सुशासनको मार्गचित्र दिने अभ्यास यसअघि थियो कि थिएन र यो कस्तो अभ्यास हो ?

यसअघि हामीकहाँ यस्तो अभ्यास खासै थिएन। पुरानो सरकारले नयाँ सरकारलाई यस्तो मार्गचित्र दिनु राम्रो हो। यसलाई सकारात्मक नै मान्नुपर्छ। तर, यो मार्गचित्र विज्ञहरू राखेर तयार गरिएजस्तो लाग्दैन। सायद, कर्मचारीहरू मात्र बसेर तयार गरिएको होला। त्यसैले, यसलाई आगामी सरकारले कति स्विकार्छ, कति कार्यान्वयनमा लान्छ, यसै भन्न सकिन्न।

नयाँ सरकारले यस्ता सुझाव ग्रहण गरेर कार्यान्वयन गर्न सक्ने सम्भावना कति हुन्छ ?

अहिले नै यसै भन्न सकिन्न। २१ फागुनको निर्वाचनपछि शक्तिशाली सरकार बन्दै छ। त्यसैले, उसले आफ्नो कार्यशैलीअनुरूप मिल्दाजुल्दा सुझावलाई कार्यान्वयन गर्न सक्छ। अबका दिनमा सरकारको नेतृत्व गर्ने तयारीमा रहेको दलको घोषणापत्रलाई पनि हेरेर सुझावहरू तयार गरिएका हुन् भने कार्यान्वयन हुने सम्भावना बढी हुन्छ। तर, यो समिति अलि पहिल्यै बनेको हुनाले उसले त्यसतर्फ ध्यान दियो कि दिएन, यसै भन्न सकिन्न।

कर्मचारी प्रशासनमा सुधार कसरी सम्भव छ त ?

कर्मचारी प्रशासनमा आमूल परिवर्तन नगरी टालटुले प्रयासबाट मात्र सुधार सम्भव छैन। सायद, सरकारको नेतृत्व गर्ने दलले यसबारे ठोस गृहकार्य गरेको होला। यतिखेर प्रदेश र स्थानीय तहमा कर्मचारीको अभाव छ भने केन्द्रको कर्मचारी संरचनाचाहिँ अत्यन्त बोझिलो छ। सबैभन्दा पहिले मन्त्रालयको संख्या घटाउनुपर्छ। हाम्रो देशमा जस्तो प्रधानमन्त्रीसहित १५ मन्त्रालय भए पुग्छ। अहिले तीन दर्जनभन्दा बढी संख्यामा रहेका विभाग डेढ दर्जनजति भए पुग्छ। तल्लो तहका कर्मचारीलाई तल प्रदेश र स्थानीय तहमा पठाउन सकिन्छ भने सहसचिवदेखि माथिका हकमा आधाभन्दा बढी हट्न पनि सक्छन्। यसका लागि अब आउने सरकारले निर्मम भई कठोर निर्णय गर्न सक्नुपर्छ।

प्रेरक प्रसंग

ट्याक्सीचालक र पहलमान

एक पहलमानजस्ता हट्टाकट्टा मानिस सहरको एउटा स्टेसनमा उत्रिए। उनले एक ट्याक्सीचालकसित भने- म पशुपतिनाथ मन्दिर जान चाहन्छु। त्यहाँसम्मको भाडा कति लाग्छ ? चालकले विनम्रतापूर्वक जवाफ दिए- दुई सय रुपैयाँ लाग्छ सर ! पहलमानले भने- गाउँबाट आएको सोझो मान्छे देखेर लुट्न खोज्दै छौ कि के हो ? भैगो, त्यहाँसम्म आफ्नो झोला आफैं बोकेर हिँडेरै जान्छु।



ती पहलमान झोला बोकेर आफ्नो बाटो लागे। निकै लामो समय हिँड्दा पनि उनी गन्तव्यमा पुग्न सकेनन्। साथै, गन्तव्य कति टाढा छ, त्यसको पनि उनलाई कुनै अनुमान भएन। केहीबेर थप हिँडिसकेपछि उनले पुनः पहिलेकै ट्याक्सीचालकलाई भेटे। उनले चालकसित भने- गुरुजी, अब त मैले आधाभन्दा बढी सडक त हिँडेरै पार गरिसकें। अबचाहिँ पशुपतिनाथ मन्दिरसम्म गएको कति लिनुहुन्छ त ?

ट्याक्सीचालकले मुसुक्क हाँस्दै पहिलेजस्तै विनम्रतापूर्वक जवाफ दिए- अब मन्दिरसम्म पुग्न चार सय रुपैयाँ लाग्छ सर ! चालकको जवाफ सुनेर ती पहलमानले अचम्म मान्दै प्रश्न गरे- पहिले दुई सय, अब आधा बाटो पार गरिसकेपछि चार सय ? यस्तो लुट किन ? ट्याक्सीचालकले पुनः पूर्ववत् मुस्कुराउँदै जवाफ दिए- महोदय, तपाईं अहिलेसम्म पशुपतिनाथ मन्दिरको दिशामा होइन, त्यसको ठिक विपरीत दिशातिर हिँडिरहनुभएको छ। मन्दिर एकातिर छ भने तपाईं अर्कैतिर दौड लगाइरहनुभएको छ। अनि, लाग्दैन त अब चार सय ? चालकको जवाफ सुनेपछि ती पहलमान केही नबोली चुपचाप ट्क्यासीमा बसे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कम्पनीमाथि नियमन गर

यसअघि दुई वर्षदेखि भ्याट तिर्दै आएको टिकटकले भ्याट नतिर्ने दाबी गरेको समाचार पढियो। तर, कुनै पनि कम्पनी नेपाली, ऐनकानुनअनुसार नेपालमा दर्ता भइसकेपछि उसले कानुनअनुसार लाग्ने कर तिर्नैपर्छ। मचाहिँ कर तिर्दिनँ भनेर पन्छिन पाइन्न। करको दायरामा आएर दर्ता भइसकेको कम्पनीले नाफा आर्जन गरेको अवस्थामा कानुनले तोकेबमोजिम कर तिर्नैपर्छ। अब सरकारले टिकटकसित मात्र होइन, अन्य सामाजिक सञ्जाल प्लाटफर्मसित पनि कर लिनुपर्छ। गुगल, फेसबुक, एक्स, इन्स्टाग्रामलगायत जति पनि सामाजिक सञ्जालका प्लाटफर्म छन्, तिनले नेपाल सरकारका ऐनकानुन मान्नैपर्छ र नियमानुसार दर्ता पनि हुनुपर्छ। यसमा कुनै किन्तु, परन्तु हुँदैन। सबैले विधिको शासनलाई मान्नैपर्छ र करबाट उन्मुक्तिको बाटो खोज्न मिल्दैन।

● **सरस्वती महतो**, लामबगर, काठमाडौं

प्रतिवेदन छिटो सार्वजनिक होस्

जेन-जी आन्दोलनबारे जाँचबुझ गर्न गठित कार्की आयोगको प्रतिवेदन तत्काल सार्वजनिक नहुने समाचार पढियो। आखिर आयोगले दिएको प्रतिवेदन सार्वजनिक गरेर जनतालाई जानकारी गराउनु सरकारको पनि दायित्व होइन र ? यदि हो भने सरकार किन आफ्नो दायित्वबाट विमुख हुँदै छ ? सरकारले जनताबाट सो प्रतिवेदन लुकाउनुपर्ने अवस्था किन आयो ? के वर्तमान सुशीला कार्की नेतृत्व सरकार सो प्रतिवेदन जनतामाझ पुग्न नपाओस् भन्ने चाहन्छ हो ?

● **सत्या चौधरी**, हरिसिद्धि, ललितपुर

कार्यान्वयन होला त ?

नयाँ सरकारका लागि चुनावी सरकारले सुशासनको मार्गचित्र 'गभर्नेन्स ब्लु प्रिन्ट' तयार गरेर बुझाउने तयारी गरेको समाचार सकारात्मक लाग्यो। नयाँ सरकारका लागि यस्तो सुझाव प्रभावकारी कार्य सञ्चालन र सुशासन प्रवाहमा निकै सहयोगी हुन सक्छ। तर, नयाँ सरकारले यस्तो सुझाव या सिफारिसलाई कति हार्दिकतापूर्वक ग्रहण गर्ला र त्यसलाई कार्यान्वयनमा लैजाला, त्यो भने प्रश्नकै घेरामा रहेको छ। तर, यस्तो प्रयत्नलाई सकारात्मक भने मान्नैपर्छ।

● **आदित्य दास**, ठिमी, भक्तपुर

जनताको समस्या हेर्ने कसले ?

यो मेरो मात्र नभएर आमनागरिकको प्रश्न हो। यो समस्या व्यक्तिगत मेरो मात्र नभई सारा नेपाली जनता जो खाना पकाउन एलपी ग्यास प्रयोग गर्छन्, तिनको हो। यतिखेर देशमा नयाँ सरकार गठन भइसकेको छैन। अन्तरिम सरकारलाई आफ्ना मान्छेलाई 'सेटल' गराउँदैमा फुर्सद छैन। जनताको समस्या कसले हेर्ने ?

जनआवाज उठिरहेको छ, प्रदेश सरकार चाहिँदैन। संघीयता देशका लागि सेतो हात्ती भयो। जनताले त्यसो भनिरहँदा उसले देखाउने कार्यशैली पनि त्यस्तै छ। प्रदेशले गरेन, ठिक छ। स्थानीय सरकार त थियो नि। तर, ऊ पनि किन निष्क्रिय भयो यतिखेर ? जनतालाई परेको समस्याप्रति स्थानीय सरकार सजग बन्नुपर्ने होइन र ? केन्द्रीय सरकारलाई भन्दा स्थानीय सरकारलाई बढी थाहा हुन्छ। जनतासँग सीधा सम्पर्क हुने भएकाले जिम्मेवारी पनि स्थानीय सरकारकै बढी हुन्छ। तर विडम्बना, स्थानीय सरकारलाई उद्घाटन, सेमिनार, गोस्टीमा सहभागी हुँदैमा फुर्सद छैन। अनि कहाँबाट बुझ्नु त जनताका पिरव्यथा ?


यहीवेला मौकामा चौका हानिरहेका छन् व्यापारीले। व्यापारीले कालोबजारी गरिरहेका छन्, भएर पनि ग्यास छैन भनेर लुकाइरहेका छन्। महँगो मूल्य तिरे ग्यास पाइन्छ, उनीहरूकै पसलबाट सबै खाद्यान्न लगे ग्यास पाइन्छ। के यसबारे स्थानीय र प्रदेश सरकारले चासो दिनुपर्ने होइन ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

युद्धमा किन बनाइँदै छ स्वास्थ्य सेवालाई निसाना ?

युद्धरत राष्ट्र या समूहले प्रायः विद्रोही या विपक्षीले सैन्य फाइदाका लागि अस्पताल वा एम्बुलेन्सको दुरुपयोग गरिरहेको दाबी गर्छन्



देश/विदेश

● स्यानन बोस

अफगानिस्तानले सोमबार राति काबुलको लागुऔषध पुनर्स्थापना अस्पतालमा पाकिस्तानी हवाई आक्रमण हुँदा कम्तीमा ४०० जनाको मृत्यु भएको र सयौं घाइते भएको बतायो। पाकिस्तानले स्वास्थ्य सेवा-सुविधालाई जानाजानी लक्षित गरेको अस्वीकार गऱ्यो। सामाजिक सञ्जाल एक्समार्फत जारी भएको एक विज्ञप्तिमा पाकिस्तानी सूचना तथा प्रसारण मन्त्रालयले आक्रमणमा 'अफगान तालिबानको प्राविधिक उपकरण भण्डारण र गोलाबारुद भण्डारणसहित सैन्य प्रतिष्ठान र आतंकवादी समर्थक पूर्वाधारलाई ठ्याक्कै लक्षित गरिएको' दाबी गरेको छ।

पछिल्ला दिनमा भइरहेका आधुनिक युद्धमा स्वास्थ्य सेवासुविधामा आक्रमण विश्वव्यापी रूपमा बढिरहेका छन्। मार्च १४ मा, इजरायलले लेबनानमा स्वास्थ्य सेवासुविधामाथि हवाई आक्रमण गऱ्यो, जसमा १२ चिकित्सक, नर्स र प्यारामेडिक्सको मृत्यु भयो। पछिल्ला दिनमा लेबनानमा मारिएका स्वास्थ्य सेवाकर्मीको संख्या ३१ पुगेको छ। मार्चको सुरुदेखि, विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले लेबनानमा मात्र स्वास्थ्य सेवासुविधामा २७ आक्रमण भएको पुष्टि गरेको छ। पछिल्ला दिनमा लेबनानमा इजरायली आक्रमण र इरानमा संयुक्त अमेरिकी-इजरायली कारबाही तीव्र भएका छन्।

मानव अधिकार उच्चायुक्तको कार्यालय (ओएचसिएचआर) र डब्लुएचओले यी आक्रमणलाई अन्तर्राष्ट्रिय कानुन उल्लंघनका रूपमा निन्दा गरेका छन्। त्यसो भए द्वन्द्वको समयमा चिकित्सा सुविधा, कर्मचारी र बिरामीलाई कुन कानुनले सुरक्षा दिन्छ ? यदि सुविधा लडाकुलाई आश्रय दिन प्रयोग गरिन्छन् भने के तिनले यो सुरक्षा अधिकार गुमाउँछन् ?

अस्पतालको सुरक्षाबारे 'युद्ध कानुन' : अन्तर्राष्ट्रिय मानवीय कानुनमा सशस्त्र द्वन्द्वको समयमा चिकित्सा कर्मचारी, सुविधा र बिरामी र घाइतेको सुरक्षा गर्न विस्तृत नियम छन्। यी 'युद्धका कानुन' अन्तर्गत :

- चिकित्सक, नर्स र प्यारामेडिक्सलगायत चिकित्सा कर्मचारीलाई आफ्नो कर्तव्य पालना गर्दा सम्मान र सुरक्षा प्रदान गर्नुपर्छ।
- चिकित्सा उद्देश्यका लागि विशेष रूपमा प्रयोग गरिने एम्बुलेन्स र यातायातका साधन विशेष सुरक्षित हुनुपर्छ।
- यी सुरक्षा घाइते र बिरामीको हेरचाहमा विस्तारित हुन्छन्। यसमा उपचार आवश्यक पर्ने र अब शत्रुतामा भाग नलिने शत्रु लडाकुसमेत समावेश छन्।
- निष्पक्ष मानवीय संस्थालाई चिकित्सा सहायता प्रदान गर्न अनुमति दिइनुपर्छ। उनीहरूको कार्यलाई मनोमानी रूपमा अस्वीकार गर्न सकिँदैन। चिकित्सा सुविधाले रेडक्रस, रेड क्रिसेन्ट वा रेड क्रिस्टलको विशिष्ट सुरक्षात्मक प्रतीक भने प्रदर्शन गर्नुपर्छ। चिकित्सा कर्मचारीले यी प्रतीक प्रदर्शन गर्ने पहिचान बोक्नुपर्छ।
- सैन्य अप्रेसनलाई ढाकछोप गर्न यी प्रतीकको दुरुपयोग निषेध गरिएको छ। त्यसो गर्नु विश्वासघात हुन सक्छ, एक प्रकारको जानाजानी छल हुनेछ, जुन



अन्तर्राष्ट्रिय कानुनअन्तर्गत युद्ध अपराध हो।

- जानाजानी चिकित्सा कर्मचारी वा यी प्रतीक प्रदर्शन गर्ने सुविधामाथि आक्रमण गर्नु पनि युद्ध अपराध हुन सक्छ।

कहाँबाट आए यी नियम ? : १९औं र २०औं शताब्दीका द्वन्द्वमा देखिएको विशाल पीडाको प्रतिक्रियामा युद्धमा चिकित्सा सेवाको सुरक्षा गर्ने कानुन देखा परेका हुन्। घाइते सैनिक र चिकित्सा कर्मचारीलाई सुरक्षा दिने पहिलो सन्धि १८६४ मा भएको थियो। आज, १९४९ जेनेभा महासन्धि, परम्परागत अन्तर्राष्ट्रिय कानुनको एक निकायसँगै सबै पक्षलाई द्वन्द्वमा बाँध्ने लगभग विश्वव्यापी कानुनी रूपरेखा उपलब्ध छ। यसमा गैरराज्य सशस्त्र समूह समावेश छन्। यी नियमले युद्धरत पक्षलाई सबै परिस्थितिमा चिकित्सा कर्मचारी, सुविधा, घाइते र बिरामीलाई सम्मान र सुरक्षा गर्न आवश्यक छ।

स्वास्थ्य सेवामाथि बढ्दो आक्रमण : जनवरीमा, मेडेसिन्स स्यान्स फ्रन्टियर्स (एमएसएफ)ले विश्वभर चिकित्सा सुविधा र कर्मचारीमाथिको आक्रमण अभूतपूर्व स्तरमा पुगेको रिपोर्ट गरेको थियो। सन् २०२५ मा मात्र, स्वास्थ्य सेवासुविधामाथि एक हजार ३४८ आक्रमण भएका थिए, जुन २०२४ मा रिपोर्ट गरिएको संख्याको दोब्बर थियो। कानुन आफैंमा परिवर्तन भएको छैन। तर, युद्ध भएको छ। दक्षिण सुडान, युक्रेन, गाजा, इरान र लेबनानमा हालैका द्वन्द्व घना बस्ती भएका सहरी वातावरणमा भइरहेका छन्। सशस्त्र समूह जटिल नागरिक सेटिङभित्र सञ्चालन हुन्छन्, प्रायः अस्पताल र क्लिनिकनजिक। यसले केही युद्धरत पक्षले प्रयोग गर्ने कथालाई परिवर्तन गरेको छ। पहिले गलत आक्रमण भनेर वर्णन गरिएको कुरालाई अब सैन्य आवश्यकताका आधारमा बारम्बार जायज ठहराइन्छ। युद्धरत राष्ट्र या समूहले प्रायः विद्रोही या विपक्षीले सैन्य फाइदा प्राप्त गर्न अस्पताल वा एम्बुलेन्सको दुरुपयोग गरिरहेको दाबी गर्छन्। उदाहरणका लागि इजरायलले हिजबुल्लाह र हमासलाई सैन्य उद्देश्यका लागि चिकित्सा पूर्वाधार प्रयोग गरेको आरोप लगाएको छ।

(बोस एडिथ कोवान विश्वविद्यालयकी कानुनकी सहप्राध्यापक हुन्)

द कन्भर्सेसनबाट

इरान युद्धमा अमेरिकाले गरेको विशाल खर्चले ट्रम्प प्रशासनको प्राथमिकतामाथि गम्भीर प्रश्न

वातावरण, स्वास्थ्य तथा अनुसन्धानमा करोडौँ डलर खर्च कटौती गर्ने ट्रम्प सरकारले अहिले इरान युद्धमा अर्बौँ डलर खर्च गरेको तथ्यांक बाहिरिएपछि धेरै अमेरिकी रुष्ट बनेका छन्

इरानमाथिको सैन्य आक्रमणको पहिलो सातामै अमेरिकाले ११.३ अर्ब डलर खर्च गऱ्यो । यो ठुलो रकम ट्रम्प प्रशासनले कटौती गर्न खोजेका धेरै सार्वजनिक स्वास्थ्य र वैज्ञानिक एजेन्सीको वार्षिक बजेटभन्दा बढी हो । यही कुरालाई देखाएर केहीले वर्तमान ट्रम्प सरकारको प्राथमिकताबारे गम्भीर प्रश्न उठाएका छन् । फेब्रुअरी २८ मा इरानमा अमेरिका र इजरायलको संयुक्त आक्रमण सुरु भएपछिका ६ दिनमै अमेरिकी करदाताको ११.३ अर्ब डलर बममा खर्च गरिएको तथ्यांक अमेरिकी रक्षा मन्त्रालयले देशका सांसदलाई जानकारी गरायो, जसमा सेनाको मध्यपूर्वमा तैनाथीजस्ता द्वन्द्वको सम्पूर्ण लागत समेटिएको छैन । साथै युद्ध लम्बिएको अवस्थामा यो संख्या निकै बढेको हुनुपर्छ ।

अमेरिकाले इरान युद्धको पहिलो सातामा खर्च गरेको रकम यो वर्ष त्यहाँको वातावरण संरक्षणसम्बन्धी एजेन्सी इन्भाइरोनमेन्ट प्रोटेक्सन एजेन्सी (बजेट ८.८ अर्ब डलर), रोग नियन्त्रण तथा रोकथाम केन्द्र (बजेट ९.२ अर्ब डलर) वा नेसनल क्यान्सर इन्स्टिच्युट (बजेट ७.४ अर्ब डलर)लाई वर्षभर वित्तपोषण गर्न पर्याप्त हुने बजेट हो । त्यस्तै ११.३ अर्ब डलर यो वर्ष न राष्ट्रिय विज्ञान प्रतिष्ठान 'नेसनल साइन्स फाउन्डेसन'मार्फत संघीय वैज्ञानिक अनुसन्धान कोषका लागि छुट्याइएको कुल रकमभन्दा पनि बढी हो ।



'यसले अमेरिकी जनताको स्वास्थ्य र कल्याणमाथि सैन्यवाद कति हाबी छ भन्ने विचलित पार्ने प्राथमिकताको चित्र देखाउँछ,' हार्वार्ड मेडिकल स्कुलका प्राध्यापक एडम ग्याफ्नीले भने, 'त्यो पैसाले हामी सार्वजनिक स्वास्थ्य खर्च दोब्बर गर्न वा अमेरिकीहरूका लागि थप स्वच्छ हावा र पानी सुनिश्चित गर्दै वातावरणीय सुरक्षा दोब्बर बनाउन सक्थ्यौँ । हामीले थप लाखौँ अमेरिकीलाई स्वास्थ्य सेवा सुविधा प्रदान गर्न सक्थ्यौँ । तर, हामीले त्यति ठुलो रकम युद्धमा लगाउन सही ठान्यौँ ।'

ट्रम्प प्रशासनले यो वर्ष विभिन्न वातावरण तथा स्वास्थ्य निकायको बजेटमा ५० प्रतिशतभन्दा बढीको कठोर कटौती प्रस्ताव गरेको छ । अमेरिकाले सार्वजनिक स्वास्थ्य र विज्ञान एजेन्सीहरूको बजेटलाई अझ कम गर्न खोजेको छ । गत वर्ष ट्रम्पले सत्ता सम्हालेलगत्तै एलन मस्क नेतृत्वमा तथाकथित खर्च कटौती निकाय नै खोलेका थिए । त्यसले अनावश्यक खर्च कटौती गर्ने भन्दै संघीय कर्मचारी तथा वैज्ञानिकको ठुलो समूहलाई बर्खास्त गर्ने, स्वच्छ ऊर्जा विकासदेखि क्यान्सर उपचारसम्मका हजारौँ अनुसन्धानलाई छुट् याइको अनुदान कोष रोक्का गर्ने काम गरेको थियो ।

सैन्य खर्चले विभिन्न अनुसन्धान वा विज्ञान क्षेत्रको प्रबलीकरणमा हुने खर्च काट्न सक्ने चिन्ता सन् १९२० को दशकदेखि नै बारम्बार उठाइँदै आइएको छ । हुन पनि दोस्रो विश्वयुद्धपछि अनुसन्धानको कोष प्रायः सैन्य अनुसन्धानतर्फ सरेको छ । अमेरिकी रक्षा मन्त्रालयको पेन्टागनको बजेट अहिले समग्र अमेरिकी सरकारी खर्चको सबैभन्दा विशालमध्ये एक हो ।

इरान युद्धमा खर्च गरिएको विशाल रकमप्रति विशेषगरी अनुसन्धानकर्ताको ध्यान तानेको, जसका संस्थानमा विगत एक वर्षमा थुप्रै सानाठुला संघीय सहायता कटौती गरिए । यस्तै एक अनुसन्धानदाता हुन्, सान होजे स्टेट युनिभर्सिटीमा विज्ञान शिक्षाकी सह-प्राध्यापक ट्यामी भिसिनटेनर । उनको संस्थानमा गत वर्ष 'विविधता, समानता र समावेशीकरण' जोडिएका अनुसन्धानमा प्रशासनले लगभग पाँच लाख डलरबराबरको दुईवटा अनुदान कटौती गऱ्यो । त्यस निर्णयले स्टेम (विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित)मा विद्यार्थीको सहभागिता दर बढाउन तथा सहरी क्षेत्र ताप क्षेत्रको प्रभाव मापन गर्न चार वर्षदेखि चलिरहेको अनुसन्धान अवरुद्ध भएको भिसिन्टेनरले बताइन् ।

'यो युद्ध खर्च कटौती कहिल्यै खासमा रकम अभावसँग सम्बन्धित थिएन भन्ने अर्को प्रमाण हो । यदि पैसा बचत गर्ने हो भने त्यसको पहिलो निसाना सेना हुनुपर्थ्यो । खासमा तिनको उद्देश्य विज्ञान र उनीहरूका ठुला दाताहरू तथा ठुला तेल कम्पनीले समर्थन नगर्ने कुनै पनि क्षेत्रलाई कमजोर पार्नेबारे थियो,' भिसिनटेनरले निराश हुँदै भनिन्, 'टोमाहक मिसाइलको सयको एक भागले यी सबै एजेन्सीको खर्च पुग्थ्यो । यसले धेरै अनुसन्धानलाई वित्त पोषित गर्न सक्थ्यो । तर, तिनले सो रकम इरानी स्कुले छात्रा मार्न प्रयोग गरे ।'

- द गार्जियनबाट

इतिहासमा आज

मार्च १९



सन् २००३ : मार्च १९-२० को मध्यरातिबाट अमेरिकी तथा ब्रिटिस नेतृत्वको गठबन्धनले 'अप्रेसन इराकी फ्रिडम' नाममा इराक अतिक्रमण अभियान सुरु गऱ्यो ।

• **सन् १२७९** : 'यामेन युद्ध'मा मंगोलको हातबाट दक्षिणी सुङ वंश पराजित भएसँगै चीनमा तीन सय वर्षदेखि शासन गरिरहेको सोङ वंश अन्त्य भयो । मंगोल मूलका युआन वंशको जग बस्यो ।

• **सन् १९०३** : अमेरिकाको सिनेटले क्युबा सन्धि अनुमोदन गर्दै बर्सेनि दुई हजार डलरको सुन भुक्तानीबापत क्युबाको 'ग्वान्टानामो खाडी' र 'बहिया होन्डा' क्षेत्र आफ्नो नौसेनाका लागि प्रयोग गर्ने बाटो खुलायो ।

• **सन् १९१७** : अमेरिकाको सर्वोच्च अदालतले रेलमार्गका श्रमिकको कार्यअवधि दिनमा आठ घन्टा गर्ने संघीय कानुनलाई अनुमोदन गऱ्यो । यसले श्रमिकको लामो समयदेखिको माग अमेरिकाभर कार्यान्वयनमा आउने बाटो खुल्यो ।

• **सन् १९१८** : अमेरिकी सिनेटले देशलाई पाँचवटा 'टाइम जोन'मा विभाजित गर्ने र मार्चको दोस्रो आइतबारदेखि नोभेम्बर पहिलो आइतबार देशभरको समय एक घण्टा अगाडि गर्ने (डे-लाइट सेभिङ टाइम) 'स्ट्यान्डर्ड टाइम एक्ट' लागू गऱ्यो ।

• **सन् १९४५** : जर्मनी हार्ने अवस्था आएपछि एडोल्फ हिटलरले देशका महत्त्वपूर्ण यातायात, सञ्चार तथा औद्योगिक पूर्वाधार मित्रशक्तिको हातमा पर्नुअघि नष्ट गर्ने 'निरो डिक्री' आदेश जारी गरे ।

• **सन् १९७९** : अमेरिकाको प्रतिनिधिसभाको बैठक पहिलोपटक टेलिभिजनमा प्रत्यक्ष प्रसारण गरियो ।

• **सन् १९८२** : अर्जेन्टिनी फौज खानी मजदुरको भेषमा ब्रिटिस नियन्त्रणमा रहेको दक्षिण जर्जिया टापुमा ओर्लियो । यस घटनालाई 'फकल्यान्ड युद्ध'को प्रस्थान बिन्दु मानिन्छ ।

• **सन् २०१९** : अमेरिकी गणितज्ञ करेन उहलेनबेक गणित क्षेत्रको 'नोबेल' मानिने अबेल प्राइज जित्ने पहिलो महिला बनिन् ।

क्युबामा लगातार २९ घण्टा लोडसेडिङ

हवाना/ क्युबामा मंगलबार साँझ ६ बजेबाट २९ घण्टा लामो देशव्यापी लोडसेडिङ सुरु भएको छ । क्युबाले पाउने सम्पूर्ण इन्धन आपूर्ति बन्द गर्ने अमेरिकी कदमका बिचमा क्युबा अहिले गम्भीर ऊर्जा संकटसँग जुधिरहेको छ । अमेरिकाले भेनेजुएलामा निकोलस मदुरोलाई पक्राउ गरेपछि त्यहाँबाट क्युबा जाने तेल आपूर्ति कटौती गर्दै अन्य देशलाई पनि ढुवानी बन्द गर्न दबाब दिएको छ । देशका प्रायः विद्युत् उत्पादन गर्ने संयन्त्र डिजेलबाट चल्ने भएकाले लामो लोडसेडिङ भइरहेको छ । पर्याप्त बिजुली उत्पादन नभएकाले बिजुलीको अभाव जारी रहन सक्ने औंल्याइएको छ ।

सोमबारदेखि सुरु भएको समस्या अहिलेसम्मकै लामो भए पनि राजधानी हवानासहित अधिकांश क्षेत्रमा दैनिक १६ घन्टासम्म लाइन काटिनु सामान्य भएको छ । क्युबालाई तेल बिक्रीमा कडाइ गर्नुका साथै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले त्यहाँको कम्युनिस्ट शासन अन्त्य गर्न दबाब दिइरहेका छन् । उनले वर्तमान शासक आफ्नो मागसामु नझुके सोमबार सो टापु देशमाथि जे पनि गर्न सक्ने चेतावनी दिएका छन् । क्युबा र अमेरिकाले अहिलेको संकट कम गर्ने उद्देश्यले वार्ता सुरु गरेका छन् । तथापि, दुवै पक्षले जारी वार्ताको विवरण सार्वजनिक गरेका छैनन् ।

हर्मुजबाट बढ्दो संख्यामा जहाजलाई बाहिरिने अनुमति दिँदै इरान

तेहरान/ समुद्री जहाजको निगरानी गर्ने संस्थाका अनुसार इरानले स्ट्रेट अफ हर्मुजबाट सानो तर बढ्दो संख्यामा व्यावसायिक जहाजलाई पार गर्न अनुमति दिइरहेको छ । समुद्री गुप्तचर कम्पनी 'विन्डवर्ड'ले मंगलबार बताएअनुसार इरानी भन्डाबाहकबाहेक आठ जहाज सोमबार सो साँघुरो समुद्री मार्गबाट बाहिरिए । ती जहाजका स्वचालित पहिचान प्रणालीमार्फत यो तथ्यांक प्राप्त भएको विन्डवर्डले जनाएको छ । विन्डवर्डका अनुसार सोमबारको जहाजको संख्या केही दिनअघिको भन्दा 'लगभग दोब्बर' हो । 'इरानको क्षेत्राधिकारमा पर्ने हर्मुज हुँदै जहाज चल्न थालेका छन् । तेहरानले आफ्ना मित्र देशलाई अुमतिमा आधारित ट्रान्जिट दिएजस्तो देखिन्छ,' विन्डवर्डकी विश्लेषक मिसेल विस बोकम्यानले बताइन् ।

'पश्चिमी देशका जहाज अहिले हर्मुजमा चल्न नसक्दा सम्भवतः चिनियाँ, भारतीय र अन्य तेहराननजिकका देशका जहाज चलिरहेका छन्,' बोकम्यानले सामाजिक सञ्जाल एक्समा लेखेकी छिन् । अर्को समुद्रमा चल्ने जहाजको ट्र्याक गर्ने संस्था मरिनट्राफिकले पनि आइतबार नौवटा जहाज हर्मुजबाट बाहिरिएको देखाउँछ, जुन त्यसअघिका दुई दिनमा जम्मा पाँच थियो । युद्ध सुरु भएपछि इरानी सैन्य बल 'इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स'का प्रवक्ताले यो भागबाट बाहिरिने कुनै पनि जहाजमाथि आक्रमण हुने चेतावनी दिएका थिए । संयुक्त राज्य अमेरिका र इजरायलको इरानमाथिको युद्ध सुरु भएदेखि सामान्यतया विश्वव्यापी तेल आपूर्तिको लगभग २० प्रतिशत तेल बाहिरिने स्ट्रेट अफ हर्मुजबाट तेलको ढुवानी ९५ प्रतिशतभन्दा बढी गिरावट आएको छ । यस अवरोधले विश्वबजारमा तेलको मूल्य प्रतिब्यारेल १०० अमेरिकी डलरभन्दा माथि पुगेको छ, जुन युद्ध सुरु हुनुअघिको तुलनामा ४० प्रतिशतभन्दा बढी हो ।

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी ७ दिने सूचना

प्रकाशित मितिः २०८२/१२/०५, बिहीबार

यस वित्तीय संस्थाको चावहिल तथा लालबन्दी शाखाबाट तपसिलमा उल्लेखित ऋणीले निम्नानुसारको कर्जा उपभोग गर्नु भएकोमा कर्जा लिंदाका बखत तोकिएको शर्त सम्झौता अनुसार कर्जाको तिर्नुपर्ने साँवा, ब्याज तथा अन्य लेना रकम भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको तथा पटक-पटक मौखिक एवं लिखित तर ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा अन्य लेना रकम बुझाउन तथा चुक्ता गर्न ऋणी तथा धन जमानी बस्ने सबैलाई अनुरोध गरिन्छ । अन्यथा उक्त म्याद भित्र पनि कर्जा चुक्ता भुक्तान हुन नसकेमा यस वित्तीय संस्थासँग भएको शर्त कबुलियत तमसुक समेतको आधारमा प्रचलित नियम कानून अनुसार कर्जामा लेखाई दिएको तपसिल बमोजिमको धितो सुरक्षण वापतको जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी कर्जा असुल उपर गरिने हुँदा सो धितो सुरक्षण जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री गरिने भएकोले के कति मूल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र निम्नानुसारको लिलामी शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र दाखिल गर्नु हुन इच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु मिति २०८२ चैत्र महिना १२ गते बिहीबार (सो दिन बिदा परे सोको पछि कार्यालय खुलेको दिन) यस संस्थाको चावहिल तथा लालबन्दी शाखामा दिनको ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, जमानीकर्ता, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ । सोबाट यस वित्तीय संस्थाको सम्पूर्ण रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने तथा यस वित्तीय संस्थासँग भए गरेका लिखत अनुसार यस वित्तीय संस्थाको लेना रकम असुल उपर गर्न कार्यवाही अगाडी बढाउने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

ऋणी तथा जमानी दिनेहरूको विवरण

चावहिल शाखा

१ **व्यावा लामा**
ना.प्र.प.नं. : ३९३, मुगु
जारी मिति : २०४२/०१/०३
बाबुको नाम : गुरु तामाङ
बाजेको नाम : टासी पाल्देन लामा
ठेगाना : साबिक जिल्ला मुगु, मुगु गा.वि.स. वडा नं. ७, हालः जिल्ला काठमाण्डौं, का.म.न.पा. वडा नं. ६ ।

व्यक्तिगत धनजमानी दिने
१. साङ्गमु तामाङ
ना.प्र.प.नं. : १७८०, मुगु
जारी मिति : २०४५/०३/१०
पतिको नाम : च्यावा तामाङ
ससुराको नाम : गुरु तामाङ
ठेगाना : साबिक जिल्ला मुगु, मुगु गा.वि.स. वडा नं. ७, हालः जिल्ला काठमाण्डौं, का.म.न.पा. वडा नं. ६ ।

धितोको विवरण
च्यावा लामाको नाममा मालपोत कार्यालय चावहिल, काठमाण्डौंमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला काठमाण्डौं, काठमाण्डौं महा नगरपालिका वडा नं. ६, नक्शा सिट नं. १०२८-०५ स्थित कि.नं. ४४९ को जग्गा क्षेत्रफल ०-५-१-३ (रो-आ-पै-दा) को जग्गा, उक्त जग्गामा निर्मित घर लगायत सो जग्गाले चर्चेको लिगलगापात समेत ।

लालबन्दी शाखा

२ **श्रृष्टि रेडिमेड एण्ड फेन्सी स्टोर्स,**
प्रो. साम कुमारी पासवान
ठेगाना : जिल्ला सर्लाही, हरिवन नगरपालिका वडा नं. ११
दर्ता नं : ११२२८/०७८/०७९, घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही, मलंगवा
दर्ता मिति : २०७८/०५/२४
स्थायी लेखा नं. : ६१६६७३५९९, आन्तरिक राजस्व कार्यालय, जनकपुर

व्यक्तिगत/संस्थागत धनजमानी दिने
१. साम कुमारी पासवान
ना.प्र.प.नं. : ६६४८११०८, सर्लाही
जारी मिति : २०६३/०२/०२
बाबुको नाम : देव दियाल पासवान
पतिको नाम : चन्द्र हंस पासवान
ससुराको नाम : माधे पासवान
ठेगाना : जिल्ला सर्लाही, साबिक नेत्रगंज गा.वि.स. वडा नं. १, हाल लालबन्दी न.पा वडा नं. २ ।

व्यक्तिगत धनजमानी दिने
१. चन्द्र हंस पासवान
ना.प्र.प.नं. : ६६४८००८३, सर्लाही
जारी मिति : २०५५/०५/१२
बाबुको नाम : माधे पासवान
बाजेको नाम : पञ्जाव पासमान
ठेगाना : जिल्ला सर्लाही, साबिक नेत्रगंज गा.वि.स. वडा नं. १, हाल लालबन्दी न.पा वडा नं. २ ।
२. साबित्री दुसाधनी
ना.प्र.प.नं. : १७९४८१२२५१, धनुषा
जारी मिति : २०३५/०४/१५
बाबुको नाम : गुलसेन पासमान
पतिको नाम : माधे पासवान
ससुराको नाम : पञ्जाव पासमान
ठेगाना : साबिक जिल्ला धनुषा, ठाडी झिझा गा.वि.स. वडा नं. ८, हालः जिल्ला सर्लाही, लालबन्दी न.पा वडा नं. २ ।

धितोको विवरण
साबित्री दुसाधनीको नाममा मालपोत कार्यालय सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला सर्लाही, साबिक नेत्रगंज गा.वि.स वडा नं १ क, हाल लालबन्दी न.पा. वडा नं. २ स्थित कि.नं. ११७६ को जग्गा क्षेत्रफल ०-४-९-० (बि-क-धु-क) को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

लिलामीका शर्तहरु

१. गोप्य शिलबन्दी बोलपत्र फाराम यस संस्थाको चावहिल तथा लालबन्दी शाखाबाट रु. १,०००।०० तिरी (फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ । फोटोकपी बोलपत्र फारामलाई मान्यता दिइने छैन ।
२. गोप्य शिलबन्दी बोलपत्र फाराममा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३. गोप्य शिलबन्दी बोलपत्रका साथ आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम नगदै यस संस्थाको खाता रहेको बैंक तथा वित्तीय संस्थामा जम्मा गरेको भौचर वा यस संस्थाको नाममा खिचिएको Good For Payment को चेक बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।
४. बोलपत्रका साथ बोलपत्रदाता व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाण पत्र तथा कर दर्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।
५. लिलामीमा चढाएको सम्पत्ति सम्बन्धमा आवश्यक जानकारी लिन चाहने व्यक्तिले कार्यालय समय भित्र संस्थाको चावहिल तथा लालबन्दी शाखामा सम्पर्क राखी जानकारी लिन सक्नुहुनेछ ।
६. बोलपत्र स्वीकृत भई संस्थाद्वारा निर्णय जानकारी गराएको १५ दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरिलिनु पर्नेछ । म्याद भित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. कुनै शर्त राखी वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको गोप्य शिलबन्दी बोलपत्र स्वतः रद्द हुनेछ ।
८. गोप्य शिलबन्दी बोलपत्र खोलिने दिन बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी, दाखिला खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्कहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्ने छ ।
१०. यो सूचना प्रकाशित भईसकेपछि धितो सुरक्षण लिलामी सम्पन्न हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा चुक्ता भुक्तान गरेमा लिलाम प्रक्रिया रद्द गरी धरौटी बापत जम्मा भएको रकम सम्बन्धित बोलपत्रदातालाई फिर्ता गरिने छ ।
११. बोलपत्र सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दावी गर्न पाइने छैन ।
१२. गोप्य शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ साल चैत महिना ११ गते बुधबार कार्यालय समयभित्र ।
शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ साल चैत महिना १२ गते बिहीबार दिनको ३:०० बजे ।
बोलपत्र खोलिने स्थान : सेन्ट्रल फाईनान्स लिमिटेड, चावहिल तथा लालबन्दी शाखा ।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

केन्द्रीय कार्यालय : कानदेवता स्थान, कुपण्डोल, ललितपुर, फोन नं. ५९७०००५
इमेलः info@centralfinance.com.np वेबसाइटः www.centralfinance.com.np

Upper Lohore Khola Hydropower Company Limited
Kathmandu, Nepal

UNAUDITED FINANCIAL REPORT FOR THE SECOND QUARTER
FY 2082-083 Ended 30 Poush 2082

Statement of Financial Position

Amount in NRs.

Particulars	As on 30th Poush 2082 (14th Jan 2026) (Unaudited)	As on 31st Ashoj 2082 (17th Oct 2025) (Previous Quarter) Unaudited	As on 32nd Ashadh 2082 (16th July 2025) (Audited)
Equity and Liabilities			
Equity			
Equity Share Capital	509,804,000	509,804,000	509,804,000
Reserve and Surplus	(27,062,320)	(32,039,727)	(29,000,419)
Total Equity	**482,741,680**	**477,764,273**	**480,803,581**
Non-Current Liabilities			
Long Term Borrowings	565,384,693	566,099,910	566,099,910
Other Financial Liabilities	81,593,076	83,896,076	83,896,076
Total Non-Current Liabilities	**646,977,769**	**649,995,986**	**649,995,986**
Current Liabilities			
Short Term Loans & Borrowings	1,500,000	1,500,000	1,500,000
Other Current Liabilities	8,849,773	16,077,557	36,527,291
Other Financial Liabilities	83,219,014	80,501,881	44,876,396
Total Current Liabilities	93,568,786	98,079,437	82,903,687
Total Equity and Liabilities	**1,223,288,236**	**1,225,839,696**	**1,213,703,254**
Assets			
Non-Current Assets			
Property, Plant and Equipment	2,117,178	1,546,388	1,475,330
Intangible Assets	51,554	55,236	58,919
Service Concession Arrangements	1,160,836,564	1,170,549,607	1,154,209,326
Net Property, Plant and Equipment	**1,163,005,295**	**1,172,151,231**	**1,155,743,574**
Current Assets			
Cash and Cash Equivalents	800,525.56	32,069	248,878.60
Bank Balance Other Than Cash and Cash equivalents	816,511	9,143,539	9,094,539
Trade Receivables	24,900,712	12,680,089	4,338,628
Other Current Assets	33,765,192	31,832,767	44,277,634
Total Current Assets	**60,282,941**	**53,688,465**	**57,959,679**
Total Assets	**1,223,288,236**	**1,225,839,696**	**1,213,703,254**

Unaudited Statement of Profit & Loss

Amount in NRs.

Particulars	As on 30th Poush 2082 (14th Jan 2026) (Unaudited)	As on 31st Ashoj 2082 (17th Oct 2025) (Previous Quarter)Unaudited	As on 32nd Ashadh 2082 (16th July 2025) (Audited)
Direct Income			
Revenue from Sale of Energy	27,026,790	18,054,156	9,040,401
Less : Cost of Sales	2,652,707	10,267,203	7,145,845
Gross Profit/ (Loss)	**24,374,084**	**7,786,954**	**1,894,556**
Add: IFRIC Income	-	-	-
Add: Other Income	1,423	199	1,449
Total Income	**24,375,507**	**7,787,153**	**1,896,005**
Less: Employee Benefit and Administrative Expenses	363,202	1,037,034	2,078,302
Less : Depreciation Amortization	9,823,295	9,789,427	9,533,903
Earning Before Interest & Tax	**14,189,010**	**(3,039,308)**	**(9,716,200)**
Less : Financial Expenses	9,211,602	-	11,805,262
Earning Before Tax	**4,977,408**	**(3,039,308)**	**(21,521,462)**
Less: Provision for Tax	-	-	-
Earning After Tax (EAT)	**4,977,408**	**(3,039,308)**	**(21,521,462)**
Other Comprehensive Income	-	-	-
Total Comprehensive Income	**4,977,408**	**(3,039,308)**	**(21,521,462)**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३, अनुसूची-१४
(नियम २६ को उपनियम १ सँग सम्बन्धित)

आ.व. २०८२/२०८३ का पुस मसान्त २०८३ त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण**
(क) आ.व. २०८२/२०८३ को दोस्रो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ ।
(ख) यस त्रैमासिकको अन्त्यसम्मको प्रमुख वित्तीय अनुपातहरू सम्बन्धी विवरण :
प्रति शेयरआम्दानी त्रैमासिक : 0.98
मुल्य आम्दानी अनुपात P/E Ratio : 461.21
प्रति शेयर नेटवर्थ : 94.69
प्रति शेयर कुल सम्पत्तिको मूल्य : 239.95
तरलता अनुपात सम्बन्धी विवरण : 0.64 (Current Ratio)

२. **व्यवस्थापकीय विश्लेषणः कम्पनीको नाफा र नगद प्रवाहमा असर पर्ने खालका घटनाहरू**
(क) यस त्रैमासिकमा कम्पनिको खातामा नियमित विद्युत बिक्रीबाट रकम भुक्तान प्राप्त भएको छ ।
(ख) आगामी अवधिमा पनि यस कम्पनिको Upper lohore Hydropower Project ४ मे.वाको व्यवस्थापनको विश्लेषण गर्दै व्यवसायिक रुपले सक्षम तरिकाबाट सञ्चालन गरि अधिकाधिक विद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई उपलब्ध गराउने योजना रहेको छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरणः**
हाल सम्म यस कम्पनिले तथा यस कम्पनी उपर आर्थिक दावी गरी कुनै मुद्दा दर्ता गराएको जानकारी प्राप्त भएको छैन । कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**
धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार नियमानुसार समान्य प्रकृतिबाटै भएको छ । यस त्रैमासिक अवधिमा शेयर कारोबार निम्नानुसार भएको छ ।
अधिकतम मूल्य (रु.) : 487 (11th December 2025)
न्यूनतम मूल्य (रु.) : 411.7 (26th October 2025)
समीक्षा अवधिको अन्तिम मुल्य (रु.) : 450.3 (14th January 2026)
कुल कारोबार संख्या : 6419
कुल कारोबार दिन : 55 Days
कूल कारोबार शेयर संख्या : 655,366

५. **समस्या तथा चुनौति :**
संगठित संस्थाले बहन गर्नु परेको समस्या तथा चुनौति बजारमा रहेका अन्य सरह नै रहेका छन् । संस्थामा आई पर्ने संस्थाको आन्तरिक र बाह्य समस्या तथा चुनौतिहरूलाई समय समयमा बस्ने सञ्चालक समितिले समिक्षा गरी सो निराकरणको लागि आवश्यक कार्यान्वयन गर्ने गरेको छ ।

६. **संस्थागत सुशासनः**
संगठित संस्थाले बहन गर्नुपरेको समस्या तथा चुनौति बजारमा रहेका अन्य सरह नै रहेका छन् । संस्थामा आई पर्ने संस्थाको आन्तरिक र बाह्य समस्या तथा चुनौतिहरूलाई समय समयमा बस्ने सञ्चालक समितिले समिक्षा गरी सो निराकरणको लागी आवश्यक कार्यान्वयन गर्ने गरेको छ ।
यस कम्पनिले संस्थागत सुशासन, संस्थागत सुशासन अभिबृद्धिका लागि सदैव उच्च प्राथमिकता राख्दै आएको छ । यस कम्पनीलाई नियमन निकायबाट प्राप्त निर्देशन परिपत्रहरू व्यवस्थापनद्वारा तदारुकताका साथ सम्पादन गरि आएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार ५ चैत ०८२

आधा सिलिन्डर ग्यास बजार पठाउँदा पनि सहज भएन आपूर्ति

विराटनगरमा **गणेश लम्साल**, वीरगन्जमा **तिवारी यादव र** धनगढीमा **तेजराज भट्ट**



आधा परिमाण ७.१ किलोग्राम ग्यास भरिएको सिलिन्डर प्रयोगमा ल्याउने निर्णय भएको एक साता बित्दा पनि बजारमा आपूर्ति सहज हुन सकेको छैन। आधा ग्यास मात्रै बजारमा आपूर्ति गर्दा सामान्य अवस्थाको तुलनामा दोब्बर बढी सिलिन्डर बजार पुग्ने भएकाले आपूर्ति सहज हुने आयल निगमको बुझाइ थियो। तर, सातादेखि ग्यास आपूर्ति असहजताको स्थिति ज्युँका त्युँ छ।

आयल निगमको एलपिजी तथा एभिएसन विभाग प्रमुख विनितमणि उपाध्यायले आयातमा कुनै समस्या नभए पनि आपूर्ति सहजता गर्न कठिनाइ झेल्नुपरेको स्वीकार गरे। 'मध्यपूर्वको विषम परिस्थितिका कारण भारतले नै घरेलु उपभोक्तालाई पर्याप्त ग्यास पुऱ्याउन कठिनाइ भोगिरहेको छ, तर नेपालमा पठाउने परिमाणमा कुनै कटौती भएको छैन,' उनले भने, 'हामीले सामान्य अवस्थाकै परिमाण आयात गरिरहँदा पनि माग धान्न नसक्नु अचम्म भएको छ।' एक सातादेखि आधा ग्यास भरिएको सिलिन्डर मात्रै बजारमा पठाउने निर्णय लागू भएकाले दोब्बर परिमाण वितरण भइरहेको उनले बताए।

'नियमित परिमाण ल्याएर दोब्बर संख्यामा ग्यास भरिएका सिलिन्डर बजार पठाउँदा चाँडै आपूर्ति सहज हुने बुझाइ थियो, तर अहिलेसम्म समस्या सुल्झिएको छैन,' उनले भने, 'यद्यपि, विगतको तुलनामा केही सहज हुन थालेको महसुस गरेका छौं।' निगमले सञ्चालन गरेको कल सेन्टरमा पनि बिस्तारै ग्यास सोधखोज गर्दै फोन गर्नेको संख्या घट्न थालेको उनले बताए। आपूर्ति सहजताका लागि निगमले टेकुस्थित पुरानो कार्यालयबाट एचपी, श्रीराम, राजधानी, त्रिवेणी, एभरेष्ट, सुगम र नेपाल ग्यासका सिलिन्डर बिक्रीलाई निरन्तरता दिइरहेको उनले बताए।

आयल निगमका प्रवक्ता मनोज ठाकुरले घरमा रहेका सबै खाली सिलिन्डर भरेर राख्ने प्रवृत्तिले गर्दा असहज भइरहेको बताए। 'आवश्यकभन्दा बढी ग्यास घरमा मौज्दात गरेर राख्नु जोखिमपूर्ण छ भन्ने जान्दाजान्दै पनि उपभोक्ताहरू रित्तो सिलिन्डर भर्नतिर लागिरहेका छन्,' उनले भने, 'त्यसैले पनि आपूर्तिमा सहजता ल्याउन समय लागिरहेको छ।'



वीरगन्ज र विराटनगरबाट नियमित आयात

एलपी ग्यास आयात हुने दुई प्रमुख नाका वीरगन्ज र विराटनगरबाट पनि नियमित परिमाणमा ग्यास भित्रिरहेको छ। वीरगन्ज भन्सारबाट दैनिक ३० बुलेटभन्दा बढी ग्यास आयात हुने गरेको छ। फागुन अन्तिम साता पनि सोही परिमाणमा आयात भएको भन्सारको तथ्यांक छ। २८ फागुनमा ३९ बुलेट, २९ फागुनमा ५४ बुलेट र ३० फागुनमा ३८ बुलेट ग्यास आयात भएको भन्सारको तथ्यांक छ।

विराटनगर भन्सारबाट पनि नियमित परिमाणमा ग्यास भित्रिरहेको छ। प्रमुख भन्सार अधिकृत उमेश श्रेष्ठका अनुसार विराटनगरबाट २८ फागुनदेखि ३० फागुनसम्मको तीन दिनमा सात लाख केजी ग्यास आयात भइसकेको छ। चैत लागेयता पनि नियमित परिमाणमा ग्यास आउने क्रम जारी रहेको छ। 'पहिले र अहिलेको आयात विश्लेषण गरिरहेका छौं। यसमा खासै भिन्नता छैन' उनले भने, 'पहिलेभन्दा बढी नै ग्यास आयात भइरहेको छ। विराटनगर भन्सार नाकाबाट फागुनमा ७० लाख ६२ हजार ६ सय ५ किलोग्राम एलपिजी ग्यास आयात भएको छ। माघमा भने ५९ लाख ९८ हजार ८ सय २२ किलो ग्यास भित्रिएको थियो। आयाल निगमको कोशी प्रादेशिक कार्यालय, विराटनगरका सूचना अधिकारी भीम विश्वकर्माले ग्यास आयातका लागि विभिन्न उद्योगलाई वितरण गर्ने कोटामा कुनै कमी नआएको जानकारी दिए। बिगतकै परिमाणअनुसार अहिले पनि ग्यास कम्पनीले पिडिओ लिएर भारतबाट आयात गरिरहेको उनले बताए। निगमको कञ्चनबारीस्थित कार्यालयबाट सुविधा, कोशी, रिजाल, सुगम र प्रिमियर ग्यास उद्योगले भारतबाट आयातका लागि पिडिओ लिँदै आएका छन्।

सुदूरपश्चिममा आयात उस्तै, तर पनि खोजेका वेला पाइँदैन

सुदूरपश्चिममा सामान्य अवस्थाकै दरमा भारतबाट ग्यास आयात भइरहेको छ, तर बजारमा मागअनुसार आपूर्ति हुन सकेको छैन। अभाव हुन सक्ने डरले उपभोक्ताले मौज्दात राख्न थाल्दा कतिपय ठाउँमा आपूर्तिमा समस्या देखिन थालेको आयल निगमको सुदूरपश्चिम प्रादेशिक कार्यालय, धनगढीका प्रमुख मनोहर डिसीले जानकारी दिए। 'दुई दिनदेखि अनुगमन गरिरहेका छौं, कुनै-कुनै ठाउँबाहेक अभाव छैन,' उनले भने, 'उपभोक्ताले स्टकका लागि खाली सिलिन्डर पनि भर्न थालेकाले समस्या देखिएको हो।'

सुदूरपश्चिममा रोयल मल्टिलुक र सैपाल ग्यास उद्योगले भारतको मथुराबाट आयात गरेर यो क्षेत्रमा वितरण गर्दै आएका छन्। इन्डियन आयल कर्पोरेसनको मथुराबाट हुने आयातको कोटामा कुनै कटौती नभएको निगमले जनाएको छ। कैलाली भन्सार कार्यालयको तथ्यांकले पनि एक महिनाअघि र अहिले भारतबाट दैनिक रूपमा आयात हुने ग्यासको परिणाम उस्तै रहेको देखाउँछ। कार्यालयको तथ्यांकअनुसार त्रिनगर नाका भएर गत आइतबार ७४ हजार ३ सय ३९ किलोग्राम र बुधबार एक लाख ३४ हजार ९८० किलोग्राम ग्यास आयात भएको छ।

गत माघमा पनि सोही परिमाण हाराहारी दैनिक आयात भएको अवस्था छ। २६ माघमा ९६ हजार ६३० किलोग्राम र १८ माघमा ९४ हजार १९० किलोग्राम ग्यास आयात भएको भन्सार कार्यालयको तथ्यांक छ।

ग्यासको माग बढेको अवस्थामा अभाव सिर्जना गरी कालोबजारी नहोस् भनेर अनुगमन गर्न लागेको जिल्ला प्रशासन कार्यालय, कैलालीले जनाएको छ। सहायक प्रमुख जिल्ला अधिकारी किरण जोशीले ग्यास स्टक राखेर अभाव सिर्जना हुन नदिन डिलरहरूको अनुगमन गरिने बताइन्।

फागुनमा पौने १६ अर्ब कर्जा प्रवाह

नयाँ सरकार बनेपछि कर्जाको माग बढ्ने अपेक्षा, बैंकहरूसँग कर्जा दिने रकम साढे ११ खर्ब

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चालू आर्थिक बर्ष ०८२/८३ को फागुन महिनामा वाणिज्य बैंकहरूको कर्जाप्रवाह १५ अर्ब ७३ करोड रुपैयाँले बढेको छ। गत माघ मसान्तसम्म वाणिज्य बैंकहरूको कुल कर्जाप्रवाह ५१ खर्ब ५७ अर्ब २२ करोड रुपैयाँ थियो। फागुन मसान्तसम्ममा त्यो ५१ खर्ब ७२ अर्ब ९५ करोड रुपैयाँ पुगेको नेपाल बैंकर्स संघबाट प्राप्त तथ्यांकले देखाएको हो। फागुनमा चुनावका कारण आर्थिक क्रियाकलाप सुस्त भएपछि २० बाणिज्य बैंकको समग्र कर्जाप्रबाह कम भएको बैंकहरू बताउँछन्।

चालू आवको आठ महिनामा भने कर्जाप्रवाह एक खर्ब ९८ अर्ब ४० करोड रुपैयाँले बढेको छ। गत असार मसान्तसम्म वाणिज्य बैंकहरूको कुल कर्जाप्रवाह ४९ खर्ब ७४ अर्ब ५५ करोड रुपैयाँ थियो। त्यसमा साउनमा १० अर्ब ८६ करोड रुपैयाँले कर्जा घट्दा भदौमा ४३ अर्ब २५ करोड रुपैयाँ र असोजमा ४० अर्ब ६८ करोड रुपैयाँले बढेको थियो। त्यसपछि कात्तिकमा २२ अर्ब ४१ करोड रुपैयाँले घटेको कर्जाप्रवाह मंसिरमा २६ अर्ब ५५ करोड रुपैयाँ, पुसमा एक खर्ब चार अर्ब ८१ करोड र माघमा ६५ करोड रुपैयाँले बढेको थियो। त्यसपछि फागुनमा १५ अर्ब ७३ करोड रुपैयाँले कर्जाप्रवाह बढेको छ।

फागुनमा ५० अर्बले बढ्यो निक्षेप

फागुन महिनामा वाणिज्य बैंकहरूको निक्षेप ५० अर्ब सात करोड रुपैयाँले बढेको छ। चालू आवको आठ महिनामा भने चार खर्ब ७३ अर्ब ७६ करोड रुपैयाँले बढेको छ। गत असार मसान्तसम्म ६५ खर्ब ३० अर्ब ७९ करोड रुपैयाँ निक्षेप थियो। साउनमा त्यो ५२ अर्ब २२ करोड रुपैयाँले घट्दा भदौमा ९३ अर्ब ९४ करोड रुपैयाँ, असोजमा एक खर्ब ७९ अर्ब पाँच करोड रुपैयाँ, कात्तिकमा तीन अर्ब २२ करोड रुपैयाँ, मंसिरमा ५९ अर्ब ७० करोड रुपैयाँ र पुसमा एक खर्ब २९ अर्ब ६८ करोड रुपैयाँले निक्षेप बढेको थियो। त्यसपछि माघमा १० अर्ब ३१ करोड रुपैयाँ र फागुनमा ५० अर्ब सात करोड रुपैयाँले निक्षेप बढेको छ। फागुनसम्म आउँदा वाणिज्य बैंकहरूमा ७० खर्ब चार अर्ब ५५ करोड रुपैयाँ निक्षेप कायम भएको छ।

सिडी रेसियो ७३.७३ प्रतिशत, ऋण दिन मिल्ने पैसा ११.३९ खर्ब

फागुन मसान्तसम्म वाणिज्य बैंकहरूको औसत सिडी रेसियो ७३.७३ प्रतिशत छ। बैंकहरूले यस्तो अनुपात ९० प्रतिशतसम्म पुग्ने गरी कर्जाप्रवाह गर्न पाउँछन्। अर्थात्, अझै निक्षेपको १६.२७ प्रतिशत रकम कर्जाप्रवाह गर्न मिल्छ। जुन रकम ११ खर्ब ३९ अर्ब ७१ करोड रुपैयाँ हुन्छ। पछिल्लो समय कर्जाको माग नहुँदा बैंकहरूमा तरलता थुप्रिएको छ।

● **सन्तोष कोइराला**, अध्यक्ष नेपाल बैंकर्स संघ



अब एकल पार्टीको बहुमतप्राप्त सरकार बन्दै छ। जुन स्थायी हुन्छ भन्ने अपेक्षा पनि छ। अब अर्थतन्त्रले गति लिन सक्छ। त्यसले गर्दा लगानीको वातावरण बन्न गई कर्जाको माग बढ्न सक्छ। लगानीकर्ताहरू चुनावसम्म पर्ख र हेरको अवस्थामा थिए। त्यसले गर्दा कर्जाको माग बढ्न सकेको थिएन। अब भने लगानीकर्ताको कन्फिडेन्स बढ्छजस्तो लाग्छ। कर्जाको माग बढ्छ भन्ने अपेक्षा छ।

नयाँ सरकार बनेपछि कर्जाको माग बढ्ने अपेक्षा

अब एकल बहुमतको सरकार बन्ने भएसँगै अब भने कर्जा बढ्ने अपेक्षा गरिएको छ। बैंकिङ क्षेत्रमा ०८०/८१ यता कर्जाको माग न्यून छ। तर, अब कर्जाको माग बढ्ने अपेक्षामा बैंकिङ क्षेत्र छन्।

नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले अब कर्जाको माग बढ्ने अपेक्षा रहेको बताए। 'अब एकल पार्टीको बहुमत प्राप्त सरकार बन्दै छ। जुन स्थायी हुन्छ भन्ने अपेक्षा पनि छ। अब अर्थतन्त्रले गति लिन सक्छ। त्यसले गर्दा लगानीको वातावरण बन्न गई कर्जाको माग बढ्न सक्छ,' उनले भने, 'लगानीकर्ताहरू चुनावसम्म पर्ख र हेरको अवस्थामा थिए। त्यसले गर्दा कर्जाको माग बढ्न सकेको थिएन। अब भने लगानीकर्ताको कन्फिडेन्स बढ्छजस्तो लाग्छ। कर्जाको माग बढ्छ भन्ने अपेक्षा छ।'

संघका पूर्वअध्यक्ष भुवन दाहालले पनि कर्जाको माग बढ्न सक्ने बताए। 'अहिले ब्याजदर न्यून विन्दुमा आउँदा पनि कर्जाको माग बढ्न नसकेको अवस्था हो। तर, ब्याजदर सस्तो हुँदैमा कर्जाको माग बढ्ने भन्ने हुँदैन। लगानीकर्ताले ऋण लिएर लगानी गरेपछि प्रतिफलको ग्यारेन्टी पनि खोज्छ। अब आउने नयाँ सरकारले लगानीको प्रतिफल दिने वातावरण बनाउछ भन्ने आशा छ,' उनले भने, 'अब पूर्वाधार निर्माणका काम पनि अघि बढ्दा कर्जाको माग थप बढ्छ। यद्यपि, अब सरकारले कस्तो नीति ल्याउँछ, यो त्यसमा भर पर्छ। तर, अहिलेको अवस्थामा आशा गर्ने ठाउँ छ।'

नयाँ प्रडक्ट ल्याउने तयारीमा पनि बैंकहरू

बैंकहरूले कर्जाप्रवाह बढाउन नयाँ प्रडक्ट ल्याउने तयारी गरेका छन्। अहिले बैंकहरूमा कर्जाप्रवाहका लागि आवश्यक पर्ने अधिकांश प्रडक्ट भए पनि कर्जाप्रवाह न्यून रहेको अध्यक्ष कोइरालाको भनाइ छ। अब बैंकहरूले आवश्यकताअनुसार नयाँ प्रडक्ट बनाउने अध्यक्ष कोइरालाले बताए।

'हामीले आफैंले कर्जाप्रवाह बढाउने होइन। माग भएपछि प्रवाह गर्ने हो। तर, नयाँ सरकार बन्दै छ। राष्ट्र बैंकले पनि प्राथमिकता क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जाको सीमा पुनरावलोकन गरेको छ। पर्यटन, सूचना प्रविधि, निर्यात उद्योग पनि यसमा समावेश भएका छन्,' उनले भने, 'यी यस्ता विषय वस्तुलाई दृष्टिगत गर्दै नयाँ प्रडक्ट ल्याउन आवश्यक छ। अब बैंकहरूले कर्जाप्रवाहका लागि नयाँ स्किम ल्याउँछन्।'

निर्देशित कर्जाको सीमा घटाएपछि थप सहज अवस्थामा बैंक

अध्यक्ष कोइरालाले निर्देशित कर्जाको सीमा घटाएपछि बैंकहरू कर्जाप्रवाहका लागि थप सहज अवस्थामा पुगेको बताए। 'कृषि कर्जाको न्यूनतम सीमा घटाइएको छ। पर्यटन, सूचना प्रविधि र निर्यात उद्योगलाई पनि यसमा समावेश गरिएको छ,' उनले भने, 'यसले बैंकहरूलाई कर्जाप्रवाहमा सहज बनाएको छ। अब योअनुसार हामीले कर्जाका प्रडक्ट ल्याउनेछौं।'

राष्ट्र बैंकले मंगलबार एकीकृत निर्देशन संसोधन गर्दै वाणिज्य बैंकले कृषि क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जाको न्यूनतम सीमा घटाएको छ। कृषि क्षेत्रमा यसअघि २०८२ असारसम्म ११ प्रतिशत, २०८३ असारसम्म १२ प्रतिशत, २०८४ असारसम्म १३ प्रतिशत र २०८५ सम्म १५ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था थियो। तर, २०८३ पछि कृषि क्षेत्रमा न्यूनतम १० प्रतिशत कर्जाप्रवाह गरे पुग्ने व्यवस्था गरिएको छ।

यस्तै, पर्यटन क्षेत्र, लघु, घरेलु, साना तथा मझौला उद्यम क्षेत्र, उर्जा क्षेत्र, सूचना प्रविधि तथा सञ्चार प्रविधिमा आधारित उद्योग र स्वदेशी कच्चा पदार्थमा आधारित निर्यात उद्योग क्षेत्रलाई एकै ठाउँमा राखेर न्यूनतम २० प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ। यो नीति पनि २०८३ पुसदेखि लागू हुनेछ।

यसअघि ऊर्जा र लघु, घरेलु, साना तथा मझौला उद्यम क्षेत्रका लागि छुट्टा छुट्टै सीमा थियो। ऊर्जामा २०८१ असारसम्म ६.५ प्रतिशत, २०८२ असारसम्म सात प्रतिशत, २०८३ असारसम्म आठ प्रतिशत र २०८४ सम्म १० प्रतिशत कर्जाप्रवाह गर्नुपर्ने व्यवस्था थियो। यसैगरी लघु, घरेलु, साना तथा मझौला उद्यम क्षेत्रमा २०८२ असारसम्म ११ प्रतिशत, २०८३ असारसम्म १२ प्रतिशत, २०८४ असारसम्म १३ प्रतिशत र २०८५ सम्म १५ प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था थियो। पर्यटन, सुचना प्रविधि र निर्यात उद्योगका लागि भने न्यूनतम सीमा थिए। अहिले यी सबै क्षेत्रलाई समावेश गरेर न्यूनतम २० प्रतिशत कर्जा प्रवाह गर्नुपर्नेछ। विकास बैंकले भने कृषिसहित यी सबै क्षेत्रमा न्यूनतम २० प्रतिशत र वित्त कम्पनीले १५ प्रतिशत कर्जाप्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ। पछिल्लो समय कर्जाको माग कम हुँदा निर्देशित कर्जामा सीमा कायम हुन चुनौती भएको थियो। त्यसले गर्दा बैंकहरूले जरिवानासमेत तिर्नुपर्ने अवस्था आउन लागेको थियो। त्यसपछि केन्द्रीय बैंकले यसमा सहजीकरण गरेको हो।

नागरिक लगानी कोष ३६औँ वर्षमा
दीर्घकालीन लगानीमा केन्द्रित हुन अर्थमन्त्रीको सुझाव

काठमाडौं/ नागरिक लगानी कोषको रकम बैंकको मुद्दती खातामा जम्मा गर्नुको सट्टा दीर्घकालीन आयोजनामा केन्द्रित गर्नुपर्ने अर्थमन्त्री रामेश्वरप्रसाद खनालले बताएका छन्। सरकारले ल्याउने दीर्घकालीन परियोजना कोषले लगानी गर्नुपर्ने उनको भनाइ छ। बुधबार आयोजित एक कोषको ३६औँ वार्षिकोत्सवमा बोल्दै अर्थमन्त्री खनालले बुढीगण्डकी जलविद्युत् आयोजना अघि बढाउने सरकारले स्वीकृत गरिसकेको हुँदा उक्त परियोजनामा लगानी कोषजस्तै अन्य संस्थाले पनि लगानी गर्नुपर्ने बताए।

कोष सञ्चालक समितिका अध्यक्ष तुलसीप्रसाद घिमिरेले कोष स्थापनाकालदेखि नै निरन्तर नाफामा सञ्चालन भइरहनु, फरक-फरक किसिमका योजना सञ्चालनमा ल्याउनु, प्रत्येक वर्ष सहभागी संख्या वृद्धि गर्न सफल हुनु कोषको सफलताको आधार भएको बताए।

यसैगरी, कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्कीले कोषले सातवटा योजना सञ्चालन गरिरहेको बताउँदै कोषमा उपलब्ध फन्डलाई पूर्वाधार निर्माणका क्षेत्रमा लगानी गर्न र भेन्चर क्यापिटलमार्फत लगानी विस्तार गर्न आवश्यक कार्य गरिरहेको बताए।

ब्याजदरमा आएको गिरावटले कोषको आम्दानी प्रभावित भएको धारणा राख्दै कार्कीले उपदान कोष भुक्तानीमा करसम्बन्धी अन्योल रहेकाले त्यसमा समानता ल्याउनुपर्ने बताए। नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले कोषले लगानीका नयाँ उपकरण र नयाँ परियोजनामा लगानी गर्नुपर्ने बताए।

ग्रेटर लुम्बिनीका लागि विश्व बैंकको १२ अर्ब ऋण सहयोग



भैरहवामा **दीपेश पछाई**

रुपन्देही, नवलपरासी र कपिलवस्तुलाई जोडेर निर्माण गरिएको ग्रेटर लुम्बिनी परियोजनाका लागि विश्व बैंकले ८५ मिलियन डलर ऋण सहयोग गर्ने भएको छ। गत वर्षको मार्चमा 'ग्रेटर लुम्बिनी' परियोजनाको प्रस्ताव गरिएको भए पनि यही १३ मार्चमा भएको विश्व बैंकको बोर्ड बैठकले ऋण दिने निर्णय गरेको लुम्बिनी विकास कोषका वरिष्ठ निर्देशक ज्ञानिन राईले जानकारी दिए। बैंकले यस विषयमा केही दिनमै नेपाल सरकारलाई औपचारिक जानकारी दिने र मन्त्रिपरिषद् बैठकले ऋण स्वीकार गरेपछि परियोजना कार्यान्वयनमा जाने निर्देशक राईले बताए।

तीन जिल्लाको भूभागलाई 'बृहत् लुम्बिनी क्षेत्र' का रूपमा विकास गर्ने लक्ष्यसहित पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले अगाडि सारेको ड्रिम प्रोजेक्ट हो। 'ग्रेटर लुम्बिनी' परियोजना कार्यान्वयनका लागि १२ अर्ब रुपैयाँबराबरको ऋण दिने निर्णय भएको जानकारी पाएसँगै रुपन्देहीका पर्यटन व्यवसायी उत्साहित भएका छन्। बजेट सुनिश्चित भएसँगै गौतमबुद्धसँग जोडिएका नवलपरासी र कपिलवस्तुमा विकासको ढोका खुल्ने लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामाले बताए। उनले भने, 'बजेट अभावले अलपत्रजस्तै अवस्थामा रहेको भगवान् गौतमबुद्धसँग जोडिएर अलपत्र अवस्थामा रहेका पुरातात्त्विक क्षेत्रको संरक्षण र विकासमा बजेट सुनिश्चितता हुनु सबैका लागि खुसीको कुरा हो।'

बुद्ध जन्मस्थल लुम्बिनीलाई केन्द्रमा राखेर कपिलवस्तु, रुपन्देही र नवलपरासी जिल्ला समेटिने 'ग्रेटर लुम्बिनी क्षेत्र विकास परियोजना' सहरी विकास मन्त्रालयमार्फत अगाडि बढेको छ। परियोजनाले लुम्बिनीलाई आध्यात्मिक, सांस्कृतिक र पर्यटन केन्द्रका रूपमा स्थापित गर्दै समग्र क्षेत्रको पूर्वाधार, आर्थिक गतिविधि, रोजगारी र दिगो सहरी विकासलाई एकीकृत ढंगले अघि बढाउने उद्देश्य राखेको राईले बताए। सम्पदाको संरक्षण, दिगो विकास, सुशासन र समुदायको जीविकोपार्जनका विषयलाई यसमा प्राथमिकतामा राखिएको वरिष्ठ निर्देशक राईले बताए।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
सडक डिभिजन काठमाडौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०८२/१२/०५)

यस डिभिजनको मिति २०८२/१०/१५ को नेपाल समाचारपत्र, २०८२/१०/२९ को राजधानी, २०८२/१०/२६ र २०८२/११/१५ को आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. क्रमशः १३, १४, १५ र १७/२०८२/८३ को बोलपत्र आह्वान सूचना बमोजिम तपसिलका ठेक्काको लागि म्याद भित्र **E-Bid** मार्फत दर्ता भएका बोलपत्रहरु मध्येबाट न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही निम्नानुसारको बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

ठेक्का नं.	कामको विवरण	निर्माण व्यवसायी	कवोल अंक रु. (VAT, PS सहित)
RDKTM/337310113/082/83/035 (RE)	Recurrent maintenance of SRN/SURN roads under Sector A	Rohit And Rakhi Construction	66,65,167.14
RDKTM/337310113/082/83/038	Recurrent maintenance of SRN/SURN roads under Sector B	Sahayogi Nirman Sewa Pvt.Ltd	58,33,488.04
RDKTM/337310113/082/83/039	Recurrent maintenance of SRN/SURN roads under Sector C	Amip Construction And Engineering Pvt.Ltd.	45,34,633.50
RDKTM/337011384/082/83/040	Road side structure & Traffic safety works along Sitapaila-Thulokhola Section of Sitapaila-Dharke Road (NH-21)	Purbadhar Nirman Pvt Ltd.	46,22,992.48
RDKTM/337011694/082/83/042	Road upgrading works on Magartole-Sunakhari Marg & Rastriyachowk (Buddhanilkantha-4 to 6), Shree Krishna Mandir- Janakalyan Marg (Tokha-4), Chyasindol Saraswati Gate to Chinari Park (Buddhanilkantha-6), Ujyalo Basti Pasikot and other roads under Sector A.	Yubi Yuni Construction And Suppliers Pvt. Ltd.	1,35,92,088.13
RDKTM/337011694/082/83/044	Landslide mitigation works on Pepsicola-Gothatar Height Road (F08701)	Sagar Construction	20,63,377.95
RDKTM/337011694/082/83/045	Landslide mitigation works on Sankhu-Kartike Road (F09602)	Tudal Construction And Suppliers Pvt. Ltd.	62,71,963.47
RDKTM/337011694/082/83/046	Road protection works at Lapsiphedi of Sankhu-Lapsiphedi-Bhotechaur Road (F02603)	Bipu Construction And Traders Pvt. Ltd.	29,11,402.82
RDKTM/337011694/082/83/047	Landslide mitigation works on Jaharsingh Pauwa Bhotechaur Section of Sankhu Lapsiphedi Bhotechaur Road (F02603)	Tudal Construction And Suppliers Pvt. Ltd.	58,21,272.90

डिभिजन प्रमुख

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय दमौली
तनहुँ

ठेक्का अन्त्य गरी कारबाही किन नगर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२।१२।०५)

यस कार्यालयको गैर आवासीय भवन (कार्यालय भवन) निर्माण कार्यका लागि ठेक्का सम्झौता गरेका तपसिलका निर्माण व्यवसायीले सम्झौता बमोजिम कामको प्रगति नगरेको, लामो समयदेखि कार्य नगरी निर्माण कार्य अधुरो छोडेको, पटक पटक म्याद थप हुँदा गरिएको प्रतिबद्धता अनुसार कार्य नभएको, फटक पटक मौखिक र लिखित सूचना दिइएको, हुलाकबाट समेत पत्राचार गरी जानकारी दिई (पत्र बुझ्न नमानेको भनी पत्र फिर्ता आएको) ताकेता गर्दा समेत नर्माण कार्यप्रति वेवास्ता गरी निर्माण स्थल अलपत्र पारेको र कार्य सम्पन्न गर्नेतर्फ कुनै पहल समेत नगरेको हुँदा सार्वजनिक खरिद ऐन २०६३ सार्वजनिक खरिद नियमावली,२०६४ र ठेक्का सम्झौता शर्त बमोजिम ठेक्का किन नतोड्ने? ठेक्का तोड्नु नपर्ने कुनै मनासिव कारण भएमा १५ (पन्ध्र) दिनभित्र विश्वसनीय स्पष्टीकरण, श्रोतसाधन परिचालन योजना र समयमै निर्माण सम्पन्न गर्ने भरपर्दो कार्यतालिकासहित उपस्थित हुन यो सूचना प्रकाशित गरिएको छ । समयमा उपस्थित भई स्पष्टिकरण पेश नगरेमा वा प्राप्त स्पष्टीकरण चित्तबुझ्दो नभएमा ठेक्का सम्झौता शर्त तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा २ (क) र ७ बमोजिम खरिद सम्झौता अन्त्य गरी अन्य कानूनी कारबाहीको प्रक्रिया अगाडि बढाइने ब्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

क्र स	ठेक्का नम्बर	कामको विवरण	निर्माण व्यवसायीको नाम	सम्झौता मिति	ठेक्का सम्झौता अन्त्य सम्बन्धी प्रावधान
१	IRO/TANAHU/NCB/WORKS/01/077/78	CONSTRUCTION OF INLAND REVENUE OFFICE DAMAULI	OM Infratech/Bhimjyoti JV	२०७८।०६।२२	GCC Clause(a),(b)

नेपाल बैंकको ब्याज छुटसहित कर्जा चुक्ता योजना

काठमाडौं/ नेपाल बैंकले ब्याज छुटसहित कर्जा चुक्ता योजना सार्वजनिक गरेको छ। योजनाअनुसार बैंकका कर्जावाल ग्राहकले ०७९ साल चैत मसान्तअगाडि खराब वर्गमा वर्गीकरण भएको बक्यौता साँवा एक करोडसम्मको खराब तथा अपलेखित कर्जा ०८३ असार मसान्तभित्र योजनाअनुसार सर्तसहितको ब्याज छुट पाउनेछन्। साथै ८० वैशाख १ गतेपछि निष्क्रिय वर्ग र सक्रिय वर्गमा रहेका कर्जा ग्राहकले ०८२ चैत मसान्तभित्र बक्यौता साँवा, ब्याज बुझाई कर्जा चुक्ता वा नियमित गरेमा ब्याज छुट हुने बैंकले जनाएको छ।

सुनचाँदीको मूल्य घट्यो

काठमाडौं/ स्थानीय बजारमा बुधबार सुनचाँदीको भाउ घटेको छ। नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार उक्त दिन सुन तोलामा दुई हजार दुई सय रुपैयाँले घटेर तीन लाख सात हजार सात सय रुपैयाँ पुगेको हो। मंगलबार सुनको मूल्य तीन लाख नौ हजार ९०० रुपैयाँमा कारोबार भएको थियो। यसका साथै, चाँदीको मूल्य तोलामा एक सय ८५ रुपैयाँ घट्यो। मंगलबार प्रतितोला पाँच हजार तीन सय ३५ रुपैयाँ रहेको चाँदी बुधबार भने पाँच हजार एक सय ५० रुपैयाँमा खरिद-बिक्री भयो।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाडौं, फोन : ४-५८९२५७

बोलपत्र रद्द गरिएको सूचना

प्रकाशिति मिति : २०८२/१२/०५

यस समितिबाट राष्ट्रिय दैनिक नयाँ पत्रिकामा देहायका मिति २०८२/१०/२१ गते का.म.पा.वडा नं ६ बौद्ध क्षेत्रमा सम्पदा सुरक्षाको लागि सि.सि.क्यामरा जडान गर्ने कार्य(ठे.नं. BNADC/CCTV-13-82/83)को बोलपत्र यस समितिको मिति २०८२/११/२९ को बोर्ड बैठकले रद्द गरिएको हुँदा उल्लेखित ठेक्काहरू रद्द गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय
घोराही, दाङ

बोलपत्र स्वीकृतिको आशय सम्बन्धी सूचना

प्रकाशित मिति : २०८२/१२/०५

यस कार्यालय अन्तर्गतको तपसिलमा उल्लेखित निर्माण कार्यको लागि मिति २०८२/१०/२५ को हिमालय टाईम्स राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम म्यादभित्र रितपूर्वक e-GP मार्फत दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि बोलपत्र स्वीकृत गर्ने यो आशयको सूचना सरोकारवाला सबैको जानकारीका लागि प्रकाशित गरिएको छ।

खरिद नं. र कार्य विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक (मु.अ.क.सहित)
Construction of Office Buiding of Ilaka Prashasan Office, Ghartigaun, Rolpa, FUDBC/Dang/NCB/Works/24/2082/083	Bhairab Nirman Sewa, Salyan	५७,२३,३४९.३८
Construction of Office Building of Malpot Office, Ghartigaun, Rolpa FUDBC/Dang/NCB/Works/25/2082/083	C.G.B.L Construction Pvt. Ltd.,Dang	५६,३९,९९७.०८

कार्यालय प्रमुख

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाडौं, फोन : ४-५८९२५७

शिलबन्दी वोलपत्र आह्वानको सूचना नं.- ०७/०८२/८३

प्रथम पटक प्रकाशित मिति : २०८२/१०/२१
दोस्रो पटक प्रकाशित मिति : २०८२/१२/०५

यस श्री का.म.पा.वडा नं ६ बौद्ध क्षेत्रमा सम्पदा सुरक्षाको लागी सि.सि.क्यामरा जडान गर्ने कार्य गर्न नेपाल सरकारबाट मान्यता प्राप्त फर्म/कम्पनीहरूबाट शिलबन्दी वोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित विवरण अनुसार शिलबन्दी वोलपत्र आव्हान गरिन्छ।

शर्तहरू

१. वोलपत्रको ग्राह्यता (इलिजिविलिटी)को आधार तथा त्यस्तो आधार प्रमाणित गर्ने वोलपत्रदाताले वोलपत्र साथ देहायका कागजातहरू पेश गर्नु पर्नेछ। (क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणको प्रमाणित प्रतिलिपि,(ख) मु.अ.क.दर्ता प्रमाणपत्र र प्यान (PAN) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, (ग) आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (घ)Letter of Bid (ङ) Power of Attorney of bid signatory (च) J.V. agreement (J V Bids only)(छ)Bid security(Bank Gurantee) (ज)Authorization Certificate,Product datasheet and ISO certificate.

२. शिलबन्दी वोलपत्र फारामको लागि इच्छुक फर्मबाट निवेदन साथ देहाय अनुसारको दस्तुर बुझाई का.म.पा.वडा नं ६ बौद्ध क्षेत्रमा सम्पदा सुरक्षाको लागी सि.सि.क्यामरा जडान गर्ने कार्य गर्नको लागि यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनभित्र वोलपत्र खरिद गरी १६ औ दिन दिनको १२:०० बजेभित्र दर्ता गराई सक्नुपर्ने र सोही दिनको २:०० बजे समितिको कार्यालयको मातहत भित्र बोलपत्र खोलिनेछ। वोलपत्रको खाम बाहिर के सम्बन्धी वोलपत्र हो सो सम्बन्धी स्पष्ट उल्लेख हुनु पर्नेछ।

३. म्यादभित्र पर्न आएको शिलबन्दी वोलपत्र वोलपत्रदाता निजको अधिकार प्राप्त प्रतिनिधिको उपस्थितमा खोलिनेछ। वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन।

४. तल उल्लेखित गरिएको रकममा नघटाई नगद वा "क" वर्गको मान्यता प्राप्त बैंकबाट यस समितिको नाममा जारी गरिएको बैंक ग्यारेण्टी (विल्ड बोण्ड) को सक्कल प्रति पेश गर्नु पर्नेछ। बैंक ग्यारेण्टी(विल्ड बोण्ड) वोलपत्र पेश गरेको दिनदेखी १२० दिन अवधिको पेश गर्नु पर्नेछ। नगद जमानतको लागि कुल ठेक्का लागत अंकको २.५ प्रतिशत धरौटी रकम नविल बैंक, बौद्ध शाखामा रहेको श्री बौद्धनाथ क्षेत्र विकास समितिको खाता नं.०४०१०११० ९९७०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।

५. वोलपत्रमा आईटमवाईज दररेट अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

६. वोलपत्र खरिद गर्ने, खोल्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा क्रमश :सो दिनको भोलिपल्टको दिनलाई अन्तिम दिन मानिनेछ।

७. रित पूर्वक भरी नआएको,शिलबन्दी भई नआएको र म्यादभित्र दाखिला हुन नआएको वोलपत्रलाई मान्यता दिईने छैन।

८. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस श्री बौद्धनाथ क्षेत्र विकास समितिमा सुरक्षित रहनेछ।

९. नियमानुसार लाग्ने सबै प्रकारका करहरू वोलपत्रदाता आफैले नै व्यहोर्नु पर्नेछ।

१०. जुन फर्मको नाममा वोलपत्र बिक्री भएको हो, सोही फर्मको तर्फबाट दररेट भरी वोलपत्र दस्तावेजको हरेक पानामा वोलपत्रदाताको सहिछाप र फर्मको मोहोर लागेको हुनु पर्नेछ।

११. उपरोक्त शर्तहरू बाहेकको अन्य शर्तहरू तथा सामानको परिमाण वोलपत्र दस्तावेजमा खुलाईनेछ। साथै अन्य थप जानकारीको लागि श्री बौद्धनाथ क्षेत्र विकास समितिको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१२ **वोलपत्र फाराम दस्तुर नगद समितिको कार्यालयमा बुझाउनुपर्नेछ अन्यथा समिति जिम्मेवारी हुने छैन।**

तपशिल

ठे.नं.	कामको विवरण	वोलपत्र जमानी रकम (ठेक्का लागत अंकको)	लागत अनुमान (मु.अ.कर समेत)	फाराम दस्तुर
BNADC/CCTV-13-82/83	का.म.पा.वडा नं ६ बौद्ध क्षेत्रमा सम्पदा सुरक्षाको लागी सि.सि.क्यामरा जडान गर्ने कार्य	२.५ प्रतिशत	३४,९९,८०६.०१	१,५००

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं.: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट : www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/१२/०५)

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनु पर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणी/प्रोप्राईटर/शेयरधनी/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण
१.	**ऋणी : श्रृजन किराना तथा कस्मेटिक पसल (विविध कर्जा)** प्रा.फ.र.नं. : १५१६/०७१/०७२, ठेगाना : कमलामाई ६, सिन्धुली **ऋण प्रवाह गर्ने शाखा : सिन्धुलीमाडी** **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. धुव कुमार बस्नेत-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.२०४५२/५९२६, मिति २०४८/१२/२७ मा जि.प्र.का.सिन्धुलीबाट जारी भएको) बाबु : गंगा बहादुर बस्नेत, बाजे : बखत बहादुर बस्नेत **२. कमला कुमारी बस्नेत-जमानीकर्ता** (ना.प्र.नं. ४०४/४२४५९, मिति २०६२/०२/०८ मा जि.प्र.का.सिन्धुलीबाट जारी भएको) पति : धुव कुमार बस्नेत, ससुरा : गंगा बहादुर बस्नेत **३. सुजन बस्नेत-जमानीकर्ता** (ना.प्र.नं.२०-०१-७३-०६४३४, मिति २०७३/०९/११ मा जि.प्र.का.सिन्धुलीबाट जारी भएको) बाबु : धुव कुमार बस्नेत, बाजे : गंगा बहादुर बस्नेत
२.	**ऋणी : तारा खाजा घर (आवधिक कर्जा)** प्राईभेट फर्म दर्ता नं.: ९४१, ठेगाना : बुढानिलकण्ठ १२, काठमाडौं **ऋण प्रवाह गर्ने शाखा : कपन** **संचालक/व्यक्तिगत जमानीकर्ताहरु :** **१. तारा तामाङ्ग-संचालक/जमानीकर्ता** (ना.प्र.नं.१४१०२२-९४३६९, मिति २०६५/१०/२४ मा जि.प्र.का.उदयपुरबाट जारी भएको) बाबु : कमल बहादुर तामाड, बाजे : जुद्धमान तामाड **२. कमल बहादुर तामाङ-जमानीकर्ता** (ना.प्र.नं.३४६/२४४४, मिति २०४४/१२/२६ मा जि.प्र.का. उदयपुरबाट जारी भएको) बाबु : जुद्धमान तामाड, बाजे : मान सिंह तामाड
३.	**ऋणी : दिना टेलरिङ्ग सेन्टर (आवधिक कर्जा)** प्राईभेट फर्म दर्ता नं.: १०३४, ठेगाना : बुढानिलकण्ठ १२, काठमाडौं **ऋण प्रवाह गर्ने शाखा : कपन** **संचालक/व्यक्तिगत जमानीकर्ताहरु :** **१. दिना श्रेष्ठ-संचालक/जमानीकता** (ना.प्र.नं.३२६३५/०६३/६४, मिति २०६३/०९/०६ मा जि.प्र.का.सुनसरी इ.प्र.शाखा धरानबाट जारी भएको), बाबु : विष्णु श्रेष्ठ, बाजे : कृष्ण गोपाल श्रेष्ठ **२. सुनिल कुमार श्रेष्ठ-जमानीकर्ता** (ना.प्र.नं.०९-०१-७४-००२८७, मिति २०७४/०१/२५ मा जि.प्र.का. भोजपुरबाट जारी भएको) बाबु : नर बहादुर श्रेष्ठ, बाजे : कर्ण बहादुर श्रेष्ठ
४.	**ऋणी : मिसन हार्डवेयर पसल (महिला उद्यमशीलता कर्जा)** प्रा.फ.र.नं. : १०७८६/०७८/७९, ठेगाना : धरान ११, सुनसरी **ऋण प्रवाह गर्ने शाखा : देवानगञ्ज** **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. मिना कुमारी राई-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ५७४०५-४६०, मिति २०५७/०१/१५ मा जि.प्र.का.इलामबाट जारी भएको) बाबु : नर बहादुर राई, पति : सुबास राई, ससुरा : सरवजित राई **२. सुबास राई-जमानीकर्ता** (ना.प्र.नं.३७३७६/४२७/१८६८, मिति २०५८/०३/२५ मा जि.प्र.का.भोजपुरबाट जारी भएको) बाबु : सरवजित राई, बाजे : रामहर्क राई
५.	**ऋणी : हिरा राना (मध्यकालीन कर्जा)** (ना.प्र.नं. ७३८९३, मिति २०६२/०७/२७ मा जि.प्र.का. सुर्खेतबाट जारी भएको), ठेगाना : रामघाट ९, सुर्खेत पति : खट्क बहादुर राना, ससुरा : बिर्ख बहादुर राना **ऋण प्रवाह गर्ने शाखा : सुर्खेत**
६.	**ऋणी : खडके तामाङ (लघुवित्त/विपन्न वर्ग कर्जा)** (ना.प्र.नं. ८१३५६, मिति २०५५/१०/१८ मा जि.प्र.का.काभ्रेबाट जारी भएको), ठेगाना : चन्द्रगिरी ११, काठमाडौं बाबु : सन्त बहादुर तामाड, बाजे : कृष्ण बहादुर तामाड **ऋण प्रवाह गर्ने शाखा : बाफल** **व्यक्तिगत जमानीकर्ता :** **हरिमाया गुरुङ (तामाङ)-जमानीकर्ता** (ना.प्र.नं. ३०-०१-७१-०१७३७, मिति २०७१/०२/२३ मा जि.प्र.का.काभ्रेपलाञ्चोकबाट जारी भएको) पति : खडके तामाड, ससुरा : सन्त बहादुर तामाड
७.	**ऋणी : याक्थुङ सेमी कलेक्सन (लघु आवधिक कर्जा)** प्रा.फ.र.नं. : १५१२९६/०७६/७७, ठेगाना : ललितपुर म.न.पा. १४, ललितपुर, **ऋण प्रवाह गर्ने शाखा : कुमारीपाटी** **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. रेखा तुम्बाहाङ्फे-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.९८६/०५१/५२, मिति २०५१/१०/२६ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको) बाबु : सुन्दर बहादुर तुम्बाहाङ्फे, बाजे : रुद्र बहादुर तुम्बाहाङ्फे **२. सुन्दर बहादुर तुम्बाहाङ्फे-जमानीकर्ता** (ना.प्र.नं. १०२७/८६४२/३६०१, मिति २०३९/०१/१४ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको) बाबु : रुद्र बहादुर तुम्बाहाङ्फे, बाजे : खड्ग बहादुर तुम्बाहाङ्फे
८.	**ऋणी : विर बहादुर सुनार (लघुवित्त/विपन्न वर्ग कर्जा)** (ना.प्र.नं. ८९१२८, मिति २०५९/०१/१९ मा जि.प्र.का. गोरखाबाट जारी भएको), ठेगाना : टोखा २, काठमाडौं बाबु : हस्त बहादुर सुनार, बाजे : गंग बहादुर सुनार **ऋण प्रवाह गर्ने शाखा : बाफल** **व्यक्तिगत जमानीकर्ता :** **लिला सुनार-जमानीकर्ता** (ना.प्र.नं. ४४४४१०२८/७४३, मिति २०६७/१०/१८ मा जि.प्र.का. गोरखाबाट जारी भएको) पति : विर बहादुर सुनार, बाजे : हस्त बहादुर सुनार
९.	**ऋणी : बाबुराम कार्की (लघुवित्त/विपन्न वर्ग कर्जा)** (ना.प्र.नं. २११०२९/९५९७/५०१३, मिति २०४३/०३/१५ मा जि.प्र.का. रामेछापबाट जारी भएको), ठेगाना : महलक्ष्मी ५, भक्तपुर बाबु : भिम बहादुर कार्की, बाजे : चक्र बहादुर कार्की **ऋण प्रवाह गर्ने शाखा : बाफल** **व्यक्तिगत जमानीकर्ता :** **सोभा कुमारी कार्की-जमानीकर्ता** (ना.प्र.नं. २९१०२९/१४९४५/५५१३, मिति २०४५/१०/१९ मा जि.प्र.का.रामेछापबाट जारी भएको) पति : बाबुराम कार्की, ससुरा : भिम बहादुर कार्की
१०.	**ऋणी : समुन्द्र प्रसाद सिलवाल (लघुवित्त/विपन्न वर्ग कर्जा)** (ना.प्र.नं. २६/३९७१२, मिति २०५७/०८/११ मा जि.प्र.का. धादिडबाट जारी भएको), ठेगाना : सिद्धलेक १, धादिड बाबु : भवनाथ सिलवाल, बाजे : गंगा दत्त सिलवाल **ऋण प्रवाह गर्ने शाखा : बाफल** **व्यक्तिगत जमानीकर्ता :** **मन कुमारी गौतम क्षेत्री (सिलवाल)-जमानीकर्ता** (ना.प्र.नं. १८१०९, मिति २०५९/०३/३२ मा जि.प्र.का. रुपन्देही इ.प्र.शाखा बुटवलबाट जारी भएको), बाबु : दल बहादुर गौतम क्षेत्री पति : समुन्द्र प्रसाद सिलवाल, ससुरा : भवनाथ सिलवाल
११.	**ऋणी : धन बहादुर लुंगेली मगर (लघुवित्त/विपन्न वर्ग कर्जा)** (ना.प्र.नं. ४६७, मिति २०४१/०७/०६ मा जि.प्र.का.सिन्धुलीबाट जारी भएको), ठेगाना : का.म.न.पा. ५., काठमाडौं बाबु : पदम बहादुर लुंगेली, बाजे : देवी ध्वज लुंगेली मगर **ऋण प्रवाह गर्ने शाखा : बाफल** **व्यक्तिगत जमानीकर्ता :** **प्रेम कुमारी लुङ्गेली मगर-जमानीकर्ता** (ना.प्र.नं. ५३५, मिति २०४९/०७/०२ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको) पति : धन बहादुर लुंगेली मगर, ससुरा : पदम बहादुर लुंगेली
१२.	**ऋणी : रामचन्द्र परियार (दमाई) (लघुवित्त/विपन्न वर्ग कर्जा)** (ना.प्र.नं. ७६०१७, मिति २०५७/०१/१३ मा जि.प्र.का.गोरखाबाट जारी भएको), ठेगाना : छोप्राक ७, गोरखा हाल क.म.न.पा. ८, तारकेश्वर काठमाडौं, बाबु : मेदन बहादुर दमाई, बाजे : सुदरे दमाई (परियार) **ऋण प्रवाह गर्ने शाखा : बाफल** **व्यक्तिगत जमानीकर्ता :** **भगवति परियार-जमानीकर्ता** (ना.प्र.नं. १४१४२२, मिति २०६३/०८/०१ मा जि.प्र.का.गोरखाबाट जारी भएको) पति : रामचन्द्र परियार (दमाई), ससुरा : मेदन बहादुर दमाई

Neelakantha Municipality
Office Of Municipal Executive
Dhadingbesi, Dhading

Invitation For Bids

Date of Publication: 19th March, 2026

1. Neelakantha Municipality invites electronic bids from eligible bidders for the execution of below mentioned works under National Competitive Bidding Procedures.
2. The Detailes of projects are tabulated below.Bidding is open to all eligible Nepalese Bidders.

S.N	Identifiction No.	Name Of Project	" Estimated Amount (Without VAT and Contingencies including P.S) (NRs) "	Bank Address for Bid Document Fee	Bid Document Fee(NRs)	Bid Security Amount(NRs)	Bank Address for Bid Security Amount	Last Date Of Bid Submission	Bid Validity/Bid Bond Validity Period
1	NEE-NCB:-19/2082/83	Construction of Mahendra Ma.Vi. Classroom Building	5,761,492.86	Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100301010006	3,000.00	145,000.00	Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100303000006	19th April, 2026, 12:00 Hrs	90 days from last date of bid submission shall be valid for 30 days beyond the validity period of the bid.
2	NEE-NCB:-20/2082/83	Procurement and Supply of Sanitary Pad	3,098,160.00		3,000.00	80,000.00			
3	NEE-NCB:-21/2082/83	Tatopani Dahalmod sadak drain Tatha Coorridor hume pipe Culvert Works	3,012,788.66		3,000.00	80,000.00			

3. Eligible bidder may obtained further information from PPMO's website www.bolpatra.gov.np/egp
4. The Bid will be opened in the presence of Bidder's representative who choose to attened at 19th April, 2026 of 14:00 Hrs at the office of Nelakantha Municipality,Dhadingbesi Dhading
5. Neelakantha Municipality,Dhadingbesi,Dhading reserves the right to accept or reject any bid and annual the process and reject all bids at any time prior to contract award.

Chief Administrative Officer

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७०
बिहीबार ५ चैत ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

जय ट्रफीमा ललितको ५० विकेट पूरा

नयाँ पत्रिका

नेपाली राष्ट्रिय टोलीका स्पिनर ललितनारायण राजवंशीले जय ट्रफी क्रिकेट प्रतियोतिगामा ५० विकेट पूरा गरेका छन् । विभागीय टोली नेपाल पुलिस क्लबमा आबद्ध राजवंशी जय ट्रफीमा ५० विकेट लिने पहिलो बलर बनेका हुन् । मूलपानी मैदानमा दोस्रो संस्करणको जय ट्रफी फाइनल खेल चलिरहेको छ । उपाधि भिडन्तमा पुलिस र त्रिभुवन आर्मीले प्रतिस्पर्धा गरिरहेका छन् । तीनदिवसीय फाइनलमा राजवंशीले आर्मीविरुद्ध दोस्रो इनिङमा तीन विकेट लिँदै ५० विकेट पूरा गरेका हुन् । उनले यो सफलता चुम्न समग्रमा १६ इनिङ्स बलिङ गरेका छन् ।

जय ट्रफीमा सर्वाधिक विकेट लिने सूचीको दोस्रो स्थानमा आर्मीका सहाब आलाम छन् । उनले १६ इनिङ्समा ४२ विकेट लिएका छन् । जय ट्रफीको पहिलो संस्करणमा राजवंशीले आठ इनिङ्समा २४ विकेट हात पारेका थिए । गत वर्ष साहबले आठै इनिङ्समा बलिङ गरी सर्वाधिक ३३ विकेट लिएका थिए । पहिलो संस्करणको तुलनामा यसपटक राजवंशीले उत्कृष्ट बलिङ गरिरहेका छन् । गत महिना भारत र श्रीलंकाले आयोजना गरेको १०औँ टी-२० विश्वकपमा खासै गतिलो प्रदर्शन गर्न नसकेका राजवंशीले घरेलु प्रतियोगितामा उत्कृष्ट पुनरागमन गरेका छन् ।

उनले दोस्रो जय ट्रफीमा पुलिसलाई फाइनल स्थान बनाउन महत्त्वपूर्ण योगदान दिएका छन् । उनले आठ इनिङ्समा २६ विकेट लिए । यसपटक उनले दुईपटक पाँच तथा एकपटक चार विकेट लिए । गत संस्करणमा सर्वाधिक विकेट लिने सूचीको शीर्ष स्थानमा रहेका साहबले यसपटक सात इनिङ्समा नौ विकेट मात्र लिएका छन् । गत वर्ष उनले आठ इनिङ्समा सर्वाधिक ३३ विकेट हात पारेका थिए ।

ललितलाई पछ्याउँदै सागर

दोस्रो संस्करणमा सागर ढकाल धेरै विकेट लिने बलरको सूचीको दोस्रो स्थानमा उक्लिएका छन् । पुलिसबाट प्रतिस्पर्धा गरिरहेका सागरले आठ इनिङ्समा १२२.२ ओभर बलिङ गरी १५ विकेट हात पारेका छन् । यस क्रममा उनले दुईपटक चार तथा एकपटक पाँच विकेट लिएका छन् । गत संस्करणमा उनले दुई इनिङ्स बलिङ गरी ११ विकेट लिए । समग्रमा उनले २६ विकेट लिका छन् । यस सिजनमा पुलिसका करण केसी पनि उत्कृष्ट लयमा देखिएका छन् । उनले चार इनिङ्समा ११ विकेट लिएका छन् । गत सिजन सर्वाधिक विकेट लिने सूचीको तेस्रो स्थानमा रहेका पुलिसका अलराउन्डर कुशल भुर्तेलले दोस्रो स्थानमा सात विकेट मात्र लिएका छन् । पहिलो संस्करणमा उनले सात इनिङ्समा १७ विकेट हात पारेका थिए ।

आर्मी १७८ रनले अगाडि

दोस्रो संस्करणको जय ट्रफी फाइनलमा त्रिभुवन आर्मीले नेपाल पुलिसविरुद्ध दोस्रो इनिङ्समा १७८ रनको अग्रता लिएको छ । दोस्रो दिनको खेल समाप्तिसम्म आर्मीले नौ विकेट गुमाएर १७८ रन जोडेको थियो । यसअघि पहिलो इनिङ्स ब्याटिङ गरेको आर्मीले ५२ ओभरमा सबै विकेट गुमाएर २२१ रन बनाएको थियो । पुलिस पनि आफ्नो पहिलो इनिङ्समा २२१ रनमै अलआउट भएको थियो ।

पुलिसको दोस्रो इनिङ्समा कप्तान आरिफ शेखले ४४ रन जोडेका थिए । यसैगरी करण केसीले आक्रामक ब्याटिङ गरी १०९ बलमा ७२ रनको योगदान दिए । उनले आफ्नो ब्याटिङ इनिङ्समा सात चौका र दुई छक्का प्रहार गरेका थिए । आरिफले ७० बलमा ६ चौका प्रहार गरे । करणलाई ललितनारायण राजवंशीले नवौँ विकेटका लागि ६२ रनको साथ दिए । इनिङ्सको एक समय पुलिस ४०.२ ओभरमा १३६/८ को स्थितिमा थियो । त्यसपछि ललित र करणले इनिङ्स सम्हाले ।

ललितले ३३ बलमा दुई चौका र एक छक्का प्रहार गरी २० रन बटुले । आर्मीका लागि सोमपाल कामीले पाँच विकेट लिए । उनले १७ ओभरमा तीन मेडन राखी ७२ रन खर्चेका थिए । आकाश चन्दले दुई विकेट हात पारे ।



जय ट्रफीको पहिलो संस्करणमा २४ र दोस्रोमा सर्वाधिक २६ विकेट लिँदै नेपाल पुलिसका स्पिनर ललितनारायण राजवंशी बने ५० विकेट लिने पहिलो बलर

पुलिसको कसिलो बलिङ

आर्मीको दोस्रो ब्याटिङ इनिङ्स गतिलो भएन । विशेषतः पुलिसका तीन बलरले उत्कृष्ट बलिङ प्रदर्शन गर्दा आर्मीले सोचेजस्तो योगफल बनाउन नसकेको हो । करण, ललित र सागर ढकालले समान तीन विकेट हात पारेका थिए । पुलिसका सागर ढकालले दोस्रो इनिङ्सको बलिङमा प्रभावशाली प्रदर्शन गरे । खेल समाप्तिसम्म १४ ओभर बलिङ गरेका सागरले दुई मेडन राखी ४० रन खर्चेर तीन विकेट लिएका छन् । उनले चार ओभरको अन्तरमा तीन विकेट हात पारेका हुन् । इनिङ्सको ३४.६ ओभरमा कुशल मल्ल, इनिङ्सको ३६.४ ओभरमा बसिर अहमद र इनिङ्सको ३८.२ ओभरमा नरेन साउदलाई आउट गरी उनले आर्मीमाथि दबाब बढाएका थिए ।

यसैगरी करणले तीन विकेट आफ्नो नाममा लेखाउन इमरान शेख, तृतराज तथा सहाव आलमलाई पेभेलियन पठाए । जय ट्रफीमा आफ्नो ५० विकेट पूरा गरेका ललितले भीम सार्की, विनोद भण्डारी तथा पवन कार्कीलाई आउट गरेका थिए । ललितले १९ ओभर बलिङ गरी पाँच मेडन राखी ५९ रन खर्चेका छन् । सुरुवात राम्रो गरेको आर्मीको मध्यक्रम कमजोर भयो । इनिङ्सका एक समय आर्मी २३.६ ओभरमा १०५-३ को स्थितिमा थियो । आर्मी थप २५ रन जोड्दा ३९.५ ओभरमा १३०/८ को कमजोर स्थितिमा पुग्यो । पुलिसका तीन बलरले आर्मीका मध्यक्रमका ब्याट्सम्यानलाई दबाबमा राखेका हुन् ।

आर्मीका लागि ओपनर तृतराज दासले ३७ बलमा २२ रन बनाए । इमरान शेखले २८ बलमा १६ रन बनाए । भीम सार्कीले ५२ बलमा ६ चौकाको सहयोगमा ३२ रनको योगदान दिए । कुशल मल्लले पनि ५८ बलमा दुई चौका र एक छक्का प्रहार गरी ३६ रन बटुले । कप्तान विनोद भण्डारी १२ रनमा आउट भए । पुछारमा सहाब आलमले केवल ३१ बलमा तीन चौका र एक छक्का प्रहार गरी ३३ रनको योगदान दिए । बलर आकाश चन्दले ३६ बल सामना गरी १५ रन जोडे ।

सर्वाधिक विकेट लिने बलर

बलर	क्लब	खेल	इनिङ्स	विकेट
ललित राजवंशी	पुलिस	८	१६	५०
साहब आलम	आर्मी	८	१६	४२
सन्दीप लामिछाने	बागमती	५	१०	२८
सागर ढकाल	पुलिस	५	१०	२६
कुशल भुर्तेल	पुलिस	८	११	२५

इयू टी-२० लिगमा सन्दीपले रेड लायन्सबाट खेल्ने

लिगको ड्राफ्टअघि नै लिइज रेड लायन्सले नेपाली राष्ट्रिय टोलीका सन्दीप लामिछानेलाई प्रमुख स्पिनरका रूपमा भित्र्यायो

नयाँ पत्रिका

नेपालका लेग स्पिनर सन्दीप लामिछानेले बेल्जियमको इयू टी-२० लिगमा लिइज रेड लायन्सबाट खेल्ने भएका छन् । ड्राफ्टअघि नै रेड लायन्सले प्रि-साइन गरेको जनाएको छ । यसअघि टोलीले क्रिस लिन, कोरी एन्डर्सन र सोएब मल्लिकलाई भित्र्याइसकेको छ । इयू टी-२० लिगमा सन्दीप पहिलो नेपाली खेलाडीका रूपमा अनुबन्ध भएका हुन् । सम्झौता रकम भने खुलाइएको छैन ।

रेड लाइन्सले सन्दीपलाई 'मिस्ट्री स्पिनर'का रूपमा स्वागत गरेको छ । 'नयाँ सिजनमा सन्दीपको गुल्लीले खेललाई नयाँ मोड दिने विश्वास छ,' रेड लाइन्सद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'उनको आगमनले टोली थप बलियो हुने आशा छ ।' रेड लायन्सले सन्दीपलाई मुख्य बलरका रूपमा लिएको छ । 'यस सिजन नयाँ जाल बुन्दै छौँ । सन्दीपजस्ता मास्टर खेलाडी बलिङ आक्रमणमा आउँदा निकै उत्साहित छौँ,' रेड लायन्सले भन्यो । सन्दीप गत साता बेलायतमा आयोजना हुने द हन्ड्रेड बल अक्सनमा बिकेका थिएनन् । लिगमा जेबी ब्रुजेजले दक्षिण अफ्रिकाका ब्याटसम्यान सी भान डर दुसेनलाई अनुबन्ध गरेको छ ।



जेबी ब्रुजेज नेपाल प्रिमियर लिग (एनपिएल) टोली जनकपुर बोल्ट्स (जेबी)को लगानीकर्ता ड्रिम स्पोर्टस्को स्वामित्वमा रहेको छ । नेपाली खेलाडीलाई प्राथमिकता दिने उद्देश्यले बेल्जियमको लिगमा लगानी गरेको ड्रिम स्पोर्टस्ले पहिलो सिजनमा १० लाख डलरसम्म खर्च हुने अनुमान गरेको छ ।

जेबीका अनुसार यो टोलीमा नेपाली खेलाडीलाई आबद्ध गरिएको छ । नेपाली खेलाडीको घोषणा केही दिनमै गरिनेछ । अब थप एक विदेशी खेलाडीपछि नेपाली खेलाडीको घोषणा हुनेछ । राष्ट्रिय टोलीमा रहेका र हालै टी-२० विश्वकपमा उत्कृष्ट प्रदर्शन गरेका नेपाली खेलाडी हुनेछन् । इयू टी-२० लिग बेल्जियमको पहिलो फ्रेन्चाइज क्रिकेट लिग हो । बेल्जियम क्रिकेट फेडरेसनले डेस्टिनो लिजेन्ड्स स्पोर्टस् एलएलसीसँग साझेदारी गर्दै आयोजना गर्न लागेको लिग आगामी ६ देखि १४ जुनसम्म हुनेछ ।

स्थानीय र एसोसिएट खेलाडीलाई प्राथमिकता

बेल्जियममा हुन लागेको पहिलो इयू टी-२० लिगमा आयोजकले स्थानीय तथा एसोसिएट राष्ट्रका खेलाडीलाई पहिलो प्राथमिकतामा राखेको छ । आयोजकले एसोसिएट तथा स्थानीयबाट समान चार खेलाडी अनुबन्ध गर्नेछ । सुरुवाती ११ खेलाडीमा कम्तीमा दुईजना बेल्जियमको हुनुपर्नेछ । प्रत्येक टिममा १८ खेलाडी हुनेछन् । चार खेलाडी पूर्ण सदस्य टोलीका सक्रिय खेलाडी र ६ जना भेट्टान खेलाडी हुनुपर्नेछ । एक वर्षअघि घोषणा गरिएको लिगमा बेल्जियमका प्रमुख सहरहरू प्रतिनिधित्व गर्ने ६ फ्रेन्चाइज टोलीले राउन्ड रोबिनमा लिग चरण खेल्छन् । त्यसपछि शीर्ष चार टिमले प्लेअफमा प्रतिस्पर्धा गर्छन् । सहभागी टोलीमा जेबी ब्रुजेजसहित आन्ध्रोप एंकर्स, बसेल्स, हेन्ट, लुभेन र लिइज रेड लायन्स छन् । आन्ध्रोपको स्वामित्व भारतका पूर्वराष्ट्रिय खेलाडी जाहिर खानले लिएका छन् ।

इंग्ल्यान्डका पूर्वकप्तान इयोन मोर्गान ग्लोबल ब्रान्ड एम्बेसडर बनेका छन् । अन्तर्राष्ट्रियस्तरका इंग्ल्यान्डका जेम्स भिन्स र एलेक्स हेल्ससहित श्रीलंकाका एन्जेलो म्याथ्युज र वानिन्दु हसरंगाजस्ता खेलाडीले लिग खेल्नेछन् । लिगको ड्राफ्टबाट पनि खेलाडी छनोट गरिनेछ । ड्राफ्ट २४ मार्चमा हुनेछ । बसेल्समा हुने ड्राफ्टबाट सबै टिमले खेलाडी कोटा पूरा गर्नेछन् । ड्राफ्टअघि टिमहरूले केही खेलाडी भित्र्याएका हुन् । ड्राफ्टमा नेपालका १५ भन्दा बढी खेलाडीले आफ्नो नाम समावेश गर्न पाउनेछन् ।

■ सहिद स्मारक महिला लिग

संकटाको जितमा चम्किए विदेशी खेलाडी



तस्बिर : **दिपेन्द्र ढुंगाना** / नयाँ पत्रिका

नयाँ पत्रिका

विदेशी खेलाडी चम्किएपछि पहिलो संस्करणको सहिद स्मारक महिला लिगमा संकटा एफसीले न्युरोड टिम (एनआरटी)लाई ४-० ले हराएको छ । ललितपुरस्थित च्यासल रंगशालामा बुधबार भएको उद्घाटन खेलमा संकटाले छिमेकी क्लब एनआरटीलाई हराउँदा तीन विदेशी खेलाडीले समान एक गोल गरे । एनआरटीको पोस्टमा विन टुन, लुसी होजे मोकाम्बी र क्विनाबेलले गोल गरेका हुन् । संकटाका लागि नेपाली खेलाडी सुक्रिया मियाँले एक गोल थपिन् । महिला लिगमा प्रभावशाली प्रदर्शन गर्ने योजना बनाएको संकटाले नेपालको उमेर समूहबाट प्रतिनिधित्व गरेका खेलाडीलाई प्राथमिकतामा राखेको छ ।

संकटाले चार विदेशी खेलाडी समावेश गरेर विभागीय टोलीलाई राम्रो चुनौती दिने रणनीति तयार पारेको छ । म्यानमारको राष्ट्रिय टोलीको कप्तानसमेत रहेकी टुनलाई पहिलोपटक संकटाले भित्र्याएको छ । उनी दक्षिण एसियामा राम्रो प्रभाव जमाउन सक्ने खेलाडीमा पर्छिन् । ३१ वर्षीय स्ट्राइकर टुनले भारतको लिग खेलिसकेकी छिन् ।

पहिलो हाफमै तीन गोल

संकटाले एनआरटीविरुद्ध सुरुदेखि दबाब बनाएको थियो । पहिलो हाफमा संकटाले तीन गोलको अग्रता लियो । टुनले खेलको पाँचौँ मिनेटमै संकटालाई अग्रता दिलाइन् । एनआरटीका खेलाडीबाट क्लियर नभएको बललाई उनले डिबक्सभित्रबाट सहज गोल गरिन् । लुसीले खेलको २६औँ मिनेटमा संकटालाई २-० को अग्रता दिलाइन् । उनले एनआरटीका डिफेन्डर र गोलरक्षकलाई बिट गर्दै भली गोल गरेकी थिइन् । सुक्रियाले काउन्टर एट्याकमा संकटालाई खेलको २८औँ मिनेटमा ३-० को बलियो स्थितिमा राखिन् । क्विनाबेलले ५२औँ मिनेटमा संकटालाई ४-० को अवस्थामा पुऱ्याएकी थिइन् । यसै गरी अर्को खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लबले झापा एफसीलाई ५-० ले हराएको छ । यसपटक उपाधि जित्ने लक्ष्यका साथ आएको आर्मीले पहिलो खेलमा जित निकाल्दा अञ्जना थुलुङ राईले दुई गोल गरिन् ।

राष्ट्रिय लिगमा चर्च ब्वाइजले संकटालाई हरायो

पुरुषतर्फको राष्ट्रिय लिग फुटबल प्रतियोगितामा चर्च ब्वाइजले संकटालाई पराजित गरेको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको खेलमा चर्च ब्वाइजले संकटालाई ५-२ ले हराएको हो । चर्च ब्वाइजका लागि सुमित श्रेष्ठले दुई गोल गरे । यसैगरी चर्च ब्वाइजका रोहन कार्की र मिलन राईले समान एक गोल गरे । संकटाका विवेक मगरले आत्मघाती एक गोल गरेका थिए ।

संकटाबाट विवेक राई र रिचर्ड ओनयमाले समान एक गोल फर्काए । जितसँगै चर्च ब्वाइजले उपाधि होडलाई बलियो बनाएको छ । ११ खेलमा चर्च ब्वाइजको यो आठौँ जित हो । मच्छिन्द्र एफसी र नेपाल एपिएफ एफसीसँग चर्च ब्वाइजले अंक बराबरी गरेको छ । यी तीनै टोली उपाधि होडमा अगाडि देखिएका छन् । ११ खेलबाट २५ अंक बनाएको चर्च ब्वाइज लिगको दोस्रो स्थानमा उक्लियो । पहिलो स्थानमा रहेको एपिएफले पनि २५ अंक जोडेको छ । तेस्रो स्थानमा रहेको मच्छिन्द्रको पनि समान खेलबाट २५ अंक छ । संकटा १३ अंकसहित दसौँ स्थानमा रहेको छ ।

चर्च ब्वाइजलाई खेलको २८औँ मिनेटमा रोहन कार्कीले १-० को अग्रता दिलाए । खेलको ४५औँ मिनेटमा सुमितले चर्च ब्वाइजको अग्रता २-० मा राखे । खेलको ६०औँ मिनेटमा मिलनले संकटाको पोस्टमा तेस्रो गोल थपे । संकटाले नौ मिनेटको अन्तरमा दुई गोल फर्काउँदै चर्च ब्वाइजलाई दबाबमा राख्ने कोसिस गरेको थियो । खेलको ६५औँ मिनेटमा विवेकले ३-१ का लागि गोल गरे ।

खेलको ७३औँ मिनेटमा रिचार्डले गोल गरी संकटालाई खेलमा ३-२ को गोलअन्तरमा पुऱ्याएका थिए । खेलको ७९औँ मिनेटमा सुमितले व्यक्तिगत दोस्रो गोल गर्दा चर्च ब्वाइजले ४-२ ले अगाडि बढ्यो । खेलको ८० औँ मिनेटमा संकटाका विवेकले आत्मघाती गोल गरे । अर्को खेलमा फ्रेन्ड्स र जावलाखेल युथ क्लबबिच १-१ को बराबरी भयो ।

टाइम्सको तेस्रो जित

काठमाडौं / हिमालयन जाभा नेसनल बास्केटबल लिग-२०२६ मा टाइम्स इन्टरनेसनल क्लबले तेस्रो जित निकालेको छ । दशरथ रंगशालाको कभर्डहलमा बुधबार टाइम्सले सोलो बास्केटबल क्लबलाई ८८-७५ ले पराजित गऱ्यो । टाइम्सले पहिलो क्वार्टरमा २३-१२ र दोस्रो क्वार्टरमा २४-१६ को अग्रतासहित हाफ टाइमसम्म ४७-२८ को अग्रता बनाएको थियो । त्यसपछि पुनरागमन गर्ने प्रयास गरे पनि सोलो सफल भएन । सोलोले तेस्रो क्वार्टरमा २३-२० र चौथो क्वार्टरमा २४-२१ को अग्रता बनाए पनि हार टार्न पर्याप्त भएन । टाइम्सका कप्तान सदीश प्रधानले सर्वाधिक २२ स्कोर गरे । डबल राउन्ड रोबिनका आधारमा हुने लिगमा कुल ५६ खेल हुनेछ । लिग चरणपछि शीर्ष चारमा रहने टोली प्लेअफमा प्रवेश गर्नेछन् ।

गण्डकी क्रिकेटलाई भिक्टोरियाको साथ

कास्की / गण्डकी प्रदेश क्रिकेट संघले अस्ट्रेलियाको प्रतिष्ठित शैक्षिक संस्था भिक्टोरिया इन्स्टिच्युट अफ टेक्नोलोजी (भिआइटी) मेलबर्नलाई मुख्य प्रायोजक बनाएको छ । पोखरामा बुधबार एक कार्यक्रमबिच संघले नयाँ जर्सी सार्वजनिक गर्दै भिआइटीलाई मुख्य प्रायोजकका रूपमा भित्र्याएको जनाएको हो । पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले गण्डकीको पुरुष तथा महिला टोलीका नयाँ जर्सी सार्वजनिक गरेका हुन् । गण्डकी प्रदेश क्रिकेटसँग सहकार्यमा सहयोग गरेका भिआइटीका डाइरेक्टर ग्लोबलबाबु खनाललाई संघले धन्यवाद दिएको छ । संघले आगामी दिनमा भिआइटीबाट क्रिकेट विकासमा सहयोग पाउने अपेक्षा राखेको छ ।

■ सूर्य नेपाल वेस्टर्न ओपन

पाँच गल्फर संयुक्त रूपमा शीर्ष स्थानमा

नयाँ पत्रिका

२६औँ संस्करणको सूर्य नेपाल वेस्टर्न ओपनको पहिलो दिन पाँच गल्फर संयुक्त रूपमा शीर्ष स्थानमा रहेका छन् । प्रोफेसनल गल्फर शुक्रबहादुर राई, भुवन नगरकोटी, भूबहादुर गुरुङ र जयराम श्रेष्ठ तथा एमेच्योर राहुल विश्वकर्माले इभन पार ६९ स्कोर गरी शीर्ष स्थान बाँडेका हुन् । १ ओभर ७० को स्कोरमा सञ्जय लामा छैटौँ, २ ओभर ७१ को स्कोरमा रमेश अधिकारी सातौँ र ३ ओभर ७२ सहित भुवनकुमार रोका आठौँ स्थानमा छन् ।

पोखराको हिमालयन गल्फ कोर्समा शुक्रले फ्रन्ट नाइन २ ओभर ३६ मा सकाए । पहिलो, तेस्रो, छैटौँ र सातौँ होलमा बोगी खेपेका उनले पाँचौँ र नवौँ होलमा समान एक सट बचाए । उनले ब्याक नाइनमा सम्हालिएर खेल्दै २ अन्डर ३३ स्कोर गरे । शुक्रले १०औँ, १४औँ र १७औँ होलमा बर्डी प्रहार गरेका थिए । पछिल्लो दुई प्रतियोगिता जितेका भुवनले फ्रन्ट नाइन इभन पार ३४ स्कोर गरे । उनले पहिलो नौ होलमा पार जोगाए । त्यसपछि उनले ब्याक नाइन पनि इभन पार खेल्दै ३५ स्कोर गरेका थिए दसौँ र १३औँ होलमा बर्डी प्रहार गर्दा ११औँ र १२औँ होलमा बोगी खेपे । उनले कुल १४ होलमा पार जोगाए ।

घरेलु गल्फरले निकाले तीन बर्डी

पोखराका घरेलु गल्फर भूबहादुरले पनि फ्रन्ट नाइन इभन पार ३४ स्कोर गरे । उनले ब्याक नाइन इभन पार ३५ स्कोर गरी शीर्ष स्थान बाँडे । उनले तेस्रो होलमा बर्डी र सातौँ होलमा बोगी खेपेका थिए । यसपछि १२औँ र १६औँ होलमा बोगी खेप्दा उनले दसौँ र १५औँमा बर्डी प्रहार गरे । समग्रमा उनले तीन बर्डी निकालेका थिए । जयरामले बोगीबाट दिनको सुरुवात गरेका थिए । उनले पाँचौँ र नवौँ होलको बर्डीले फ्रन्ट नाइन १ अन्डर ३३ मा सकाए । यसपछि १६औँ होलमा बोगी खेल्दा बाँकी होलमा पार जोगाउँदै ब्याक नाइन १ ओभर ३६ मा सकाए । एमेच्योर राहुलले फ्रन्ट नाइनमा इभन पार ३४ स्कोर गरे । ब्याक नाइनमा उनले इभन पार ३५ स्कोर गरेका थिए । एमेच्योरतर्फ राहुलले ५ स्ट्रोकको अग्रता बनाए । प्रज्वल गुरुङ ५ ओभर ७४ सहित दोस्रो स्थानमा रहेका छन् ।

विजेताले एक लाख ७० हजार पाउने

सूर्य नेपाल प्रालिद्वारा प्रायोजित प्रतियोगितामा यसपटक कुल पुरस्कार राशि वृद्धि गरिएको छ । कुल १० लाख ५० हजार नगद पुरस्कार रहेको यो प्रतियोगिताको विजेताले एक लाख ७० हजार रुपैयाँ हात पार्नेछन् । उपविजेताले एक लाख २५ हजार र तेस्रो हुने गल्फरले एक लाख रुपैयाँ प्राप्त गर्नेछन् । साथै, शीर्ष १८ स्थानमा रहने अन्य प्रोफेसनल खेलाडीले पनि नगद पुरस्कार प्राप्त गर्नेछन् । नेपाल प्रोफेसनल गल्फर्स एसोसिएसन (एनपिजीए)द्वारा आयोजित प्रतियोगितामा २६ प्रोफेसनल तथा १६ एमेच्योर खेलाडीको सहभागिता रहेको छ । तीन दिनसम्म चल्ने प्रतियोगिता ५४ होलको हुनेछ ।

तानसेन नगरपालिका
तानसेन नगरकार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, तानसेन, पाल्पा

नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्ने सम्बन्धि शिलबन्दी दरभाउ पत्र र बोलपत्र आव्हानको सूचना

(तेश्रो पटक प्रकाशित मिति : २०८२/१२/०५)

तानसेन नगरपालिका भित्र पर्ने कालीगण्डकी नदी क्षेत्रका तपशिलमा उल्लेखित विभिन्न घाट तथा बगरहरूबाट स्वीकृत **IEE** प्रतिवेदनको परिधी भित्र रही आ.व. २०८२/०८३ को लागि नदीजन्य पदार्थ उत्खनन्, संकलन, तथा बिक्री वितरण गर्ने सम्बन्धी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले तानसेन नगरपालिका आन्तरिक आय संकलन तथा आय (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०८० को परिच्छेद २ र ३, सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ र १४, सार्वजनिक खरिद नियमावली २०७७ को निमय ३१, ४० र ८४ (१), स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४(१) को (च) बमोजिम बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । योग्य ईच्छुक दर्तावाला फर्म/कम्पनीहरूले शिलबन्दी दरभाउ पत्र तथा बोलपत्र फारम खरिद गरी आवश्यक कागजात सहित **PPMO** उल्लेख भए बमोजिमको शर्तहरूको अधिनमा रही शिलबन्दी दरभाउ पत्र पेश गर्नूहून यो सूचना तेश्रो पटक पुनः प्रकाशित गरिएको छ । थप जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन पोर्टल website: www.bolpatra.gov.np हेर्न सकिनेछ ।

तपसिल

क्र. स.	आय ठेक्का नम्बर	ठेक्काको विवरण (घाट क्षेत्र)	उत्खनन् गर्न सकिने परिणाम घन फुट	राजश्व प्रति वर्ष प्रति घन फुट रु	न्यूनतम ठेक अंक (कर वाहेक) रु.	शिलबन्दी दरभाउ पत्र दस्तुर	शिलबन्दी दरभाउ पत्र पेश गर्ने अन्तिम म्याद	शिलबन्दी दरभाउ पत्र खोलिने मिति र समय
१	ER/06/2082/2083	कालीगण्डकी नदीको सिदूर्दी घाट, ता.न.पा. १३	२३६१०९/९५	६	१४,१६,६६०/००	रु. १०००/-	२०८२/१२/१९ गते दिनको १२ बजे सम्म	२०८२/१२/१९ गते दिनको २ बजे सम्म
२	ER/07/2082/2083	कालीगण्डकी नदीको बेलघारी घाट, ता.न.पा. १३	२६७४९६/२६	६	१६,०४,९७८/००	रु. १०००/-	२०८२/१२/१९ गते दिनको १२ बजे सम्म	२०८२/१२/१९ गते दिनको २ बजे सम्म
३	ER/08/2082/2083	कालीगण्डकी नदीको छतिवन बगर, ता.न.पा १४	१८३१३०/२१	६	१०,९८,७८१/००	रु. १०००/-	२०८२/१२/१९ गते दिनको १२ बजे सम्म	२०८२/१२/१९ गते दिनको २ बजे सम्म
४	ER/11/2082/083	कालीगण्डकी नदीको अर्तुङ्गा बगर, ता.न.पा. १४	६३३५८७/८७	६	३८,०१,५२७/००	रु. ३०००/-	२०८२/१२/१९ गते दिनको १२ बजे सम्म	२०८२/१२/१९ गते दिनको २ बजे सम्म

प्रमुख प्रशासकीय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com